
साउन - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २८, अङ्क ७ | **२०७६, साउन १-१५** | पूर्णाङ्क ६४९



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी** | **- सदस्य** |
| **अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भीमकुमार श्रेष्ठ, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री गोपी विश्वकर्मा
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री गीता लुइँटेल
ना.सु. श्री यशोदा निरौला
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

ना.सु.श्री अर्जुन चौधरी

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री गंगा थापा
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | १५ | इजलास नं. १० | ८ |
| इजलास नं. १ | ४ | इजलास नं. ११ | २ |
| इजलास नं. २ | ४ | इजलास नं. १३ | २१ |
| इजलास नं. ३ | ८ | इजलास नं. १४ | २ |
| इजलास नं. ४ | ६ | इजलास नं. १५ | ३ |
| इजलास नं. ५ | ६ | इजलास नं. १६ | २ |
| इजलास नं. ६ | ४ | इजलास नं. १७ | २ |
| इजलास नं. ७ | ४ | एकल इजलास | १ |
| इजलास नं. ८ | ७ | | |
| इजलास नं. ९ | ८ | जम्मा | ४१ |
| जम्मा | ६६ | | |

कूल जम्मा ६६ + ४१ = १०७

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७६, साउन – १, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना cjs@supremecourt.gov.np** मा सम्पर्क गर्न सकिने छ।

## सूचना

सर्वोच्च अदलतबाट २०७५ सालमा प्रकाशित **नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६ पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ९** |
| १. | उत्प्रेषण / परमादेश | सुरेन्द्र स्वर मोक्तानसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १ |
| २. | उत्प्रेषण / परमादेश | दीर्घबहादुर के.सी. वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | ३ |
| ३. | उत्प्रेषण, प्रतिषेध र परमादेश | दिनेशबहादुर विष्ट वि. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबारसमेत | ४ |
| ४. | लिखत अनुसार दा.खा. | जयलाल चौधरीसमेत वि. चन्दरी ठाकुर | ६ |
| ५. | नक्सा पास नगरी सार्वजनिक बाटो एवम् जग्गामा बनाएको घर पर्खाल भत्काई पाउँ | रामकृष्णमान सिंह वि. मुकेश तण्डुकारसमेत | ६ |
| ६. | निषेधाज्ञा / परमादेश | शिवप्रसाद रेग्मी वि. नारायणी सिंचाई डिभिजन-५ को कार्यालय, गण्डक वीरगन्ज पर्सासमेत | ७ |
| ७. | उत्प्रेषण / परमादेश | पुष्पप्रसाद भण्डारी वि. जिल्ला शिक्षा कार्यालय, फिदिम पाँचथरसमेत | ८ |
| **इजलास नं. १** | | | **९ - १२** |
| ८. | उत्प्रेषण / परमादेश | मनरथ सिलवालसमेत वि. नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहलसमेत | ९ |
| ९. | उत्प्रेषण / परमादेश | विष्णुप्रसाद न्यौपानेसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत | १० |
| १०. | जालसाज | सुनीता पोखरेल लामिछाने वि. होमबहादुर खत्री | १० |
| ११. | उत्प्रेषण | राजमान मिश्र वि. सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र, हलचोकसमेत | ११ |
| **इजलास नं. २** | | | **१२ - १५** |
| १२. | निर्णय दर्ता बदर खिचोला मेटाई चलन चलाई हक कायम | विश्वप्रेम तिवारी वि. स्कन्दप्रसाद शर्मासमेत | १२ |
| १३. | उत्प्रेषण / प्रतिषेध | चन्द्रप्रसाद बरालसमेत वि. गोविन्दप्रसाद गजुरेलसमेत | १३ |
| १४. | निषेधाज्ञा / परमादेश | रामकुमार देव वि. मालपोत कार्यालय, सप्तरीसमेत | १४ |

| | | | |
|---|---|---|---|
| १५. | बहुविवाह | नेपाल सरकार वि. दयानन्द यादवसमेत | १५ |
| **इजलास नं. ३** | | | **१५ - २१** |
| १६. | निषेधाज्ञा | उज्वलप्रसाद भण्डारी वि. भक्तबहादुर गुरूङसमेत | १५ |
| १७. | निषेधाज्ञा | हरिशचन्द्र झा वि. विजयकान्त झासमेत | १६ |
| १८. | उत्प्रेषण | थियोडर अलेक्जेण्डर स्टेनर्ट वि. पुनरावेदन अदालत पाटनसमेत | १७ |
| १९. | लिखत दर्ता बदर | भवानी धिताल वि. थियोडर अलेक्जेण्डर स्टेनर्स | १९ |
| २०. | उत्प्रेषण | राम मिलन कुर्मी वि. कपिलवस्तु जिल्ला अदालतसमेत | १९ |
| **इजलास नं. ४** | | | **२१ - २७** |
| २१. | बन्दी प्रत्यक्षीकरण | श्रीकुमार श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालतसमेत | २१ |
| २२. | उत्प्रेषण | अविनाश ध्वज जोशी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार | २२ |
| २३. | उत्प्रेषण / परमादेश | योगकुमारी चापागाई वि. उच्च अदालत विराटनगरसमेत | २३ |
| २४. | कर्तव्य ज्यान | अनिता विष्ट वि. नेपाल सरकार | २४ |
| २५. | उत्प्रेषण / परमादेश | चक्रबहादुर शाही वि. भूमि सुधार व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत | २५ |
| २६. | बन्दी प्रत्यक्षीकरण | विष्णु चेपाङ वि. कारागार कार्यालय, धादिङसमेत | २६ |
| **इजलास नं. ५** | | | **२७ - ३०** |
| २७. | उत्प्रेषण | तेजप्रसाद शर्मासमेत वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय, बालुवाटार काठमाडौंसमेत | २७ |
| २८. | कर्तव्य ज्यान | अशोककुमार राजवंशी वि. नेपाल सरकार | २८ |
| २९. | बन्दी प्रत्यक्षीकरण | सचिन्द्र पालुड्वासमेत वि. महानगरीय प्रहरी वृत्त ठिमी, भक्तपुर | २९ |
| ३०. | बन्दी प्रत्यक्षीकरण | जसविन वि.क. वि. काठमाडौं जिल्ला अदालतसमेत | २९ |
| ३१. | जबरजस्ती करणी, हाडनाता करणी | नेपाल सरकार वि. मानबहादुर थापा | ३० |
| **इजलास नं. ६** | | | **३१ - ३६** |
| ३२. | अंश | प्रेमबहादुर पाल वि. श्रीमती शान्त पाल | ३१ |
| ३३. | लिखत दर्ता बदर दर्ता कायम | नरेन्द्रबहादुर वोहोरा वि. नरबहादुर बोहोरासमेत | ३१ |
| ३४. | भ्रष्टाचार | नेपाल सरकार वि. केदारप्रसाद चालिसेसमेत | ३२ |
| **इजलास नं. ७** | | | **३६ - ४०** |
| ३५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. अर्जुन चौधरी थारू | ३६ |

| | | | |
|---|---|---|---|
| ३६. | जबरजस्ती करणी | नेपाल सरकार वि. रमेश बोहरा | ३७ |
| ३७. | खिचोला मेटाई घर भत्काई पाऊँ | नारायणप्रसाद पौडेल वि. एवमाया मैनाली | ३८ |
| ३८. | आगलागी | नेपाल सरकार वि. कुले रानासमेत | ३९ |
| **इजलास नं. ८** | | | **४० - ४६** |
| ३९. | ठगी | नेपाल सरकार वि. हरिनारायण प्रसाद साह कानूसमेत | ४० |
| ४०. | अंश | सुलेमान बागवान वि. जियाउद्दिन बागवान | ४१ |
| ४१. | कर्तव्य ज्यान | हजरकला शाही वि. नेपाल सरकार | ४१ |
| ४२. | सवारी ज्यान | विरेन्द्रकुमार साहु वि. नेपाल सरकार | ४३ |
| ४३. | अपुताली हक कायम नामसारी दा.खा. गराई पाउँ | यदुराज घिमिरेसमेत वि. निर्मला घिमिरे कँडेल | ४४ |
| ४४. | परमादेश | रोशनी राना मगर वि. प्रधानमन्त्री तथा मन्त्रिमरिषद्को कार्यालय, सिंहदरबारसमेत | ४५ |
| **इजलास नं. ९** | | | **४७ - ५२** |
| ४५. | निषेधाज्ञा / परमादेश | रामप्यारी देवीसमेत वि. नवराज मण्डल धानुकसमेत | ४७ |

| | | | |
|---|---|---|---|
| ४६. | अंश चलन | विष्णुबहादुर कार्कीसमेत वि. सहदेव कार्की | ४७ |
| ४७. | कर्तव्य ज्यान | पञ्चराम परियार वि. नेपाल सरकार | ४९ |
| ४८. | उत्प्रेषण | निर्मलादेवी चौधरी वि. कमलप्रसाद चौधरीसमेत | ५० |
| ४९. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जगतबहादुर मुखिया | ५० |
| ५०. | कर्तव्य ज्यान | रूपक अधिकारी वि. नेपाल सरकार | ५१ |
| **इजलास नं. १०** | | | **५२ - ५६** |
| ५१. | आवश्यक वस्तु संरक्षण ऐनअन्तर्गत | नेपाल सरकार वि. सुवोधकुमार साहसमेत | ५२ |
| ५२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुब्बाबहादुर विश्वकर्मा | ५३ |
| ५३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. श्रीमती फुलमती साहु | ५३ |
| ५४. | मिलापत्र बदरसमेत | अमूल्य पोतेसमेत वि. शिवओम पोतेसमेत | ५४ |
| ५५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. निर्मला भट्टराई | ५५ |
| **इजलास नं. ११** | | | **५६ - ५८** |
| ५६. | लिखत दर्ता बदर दर्तासमेत | भुवनकुमार बानिया वि. सुशिला बानिया | ५६ |
| ५७. | उत्प्रेषण / परमादेश | सामसागर साह वि. पुनरावेदन अदालत जनकपुरसमेत | ५६ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. १३** | | | **५८ - ६०** |
| **५८.** | किर्ते जालसाजी | पूर्णकुमारी हमाल वि. मोहन सिंह हमालसमेत | **५८** |
| **इजलास नं. १४** | | | **६० - ६२** |
| **५९.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. पूर्णबहादुर गुरूङ | **६०** |
| **६०.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. दोर्जे शेर्पा | **६१** |
| **इजलास नं. १५** | | | **६२ - ६४** |
| **६१.** | उत्प्रेषण / परमादेश | पिताम्बर कुमार मुन्का वि. उच्च अदालत, पाटनसमेत | **६२** |
| **६२.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. जनक वाइबा | **६३** |
| **इजलास नं. १६** | | | **६४ - ६६** |
| **६३.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. गइन्द्र राई | **६४** |
| **६४.** | कर्तव्य ज्यान | नेपाल सरकार वि. सन्तुराधा राई | **६५** |
| **इजलास नं. १७** | | | **६६ - ६७** |
| **६५.** | उत्प्रेषण | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरसमेत वि. अ.प्रा.ऐ.को प्रो. परिवर्तन राई | **६६** |
| **६६.** | हकसफा | शंकरप्रसाद गुप्ता वि. रामभरोसी प्रसाद गुप्तासमेत | **६६** |
| **एकल इजलास** | | | **६७ - ६८** |
| **६७.** | उत्प्रेषण / परमादेश | दीपक विक्रम मिश्र वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | **६७** |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-WO-०७४९, उत्प्रेषण / परमादेश, *सुरेन्द्र स्वर मोक्तानसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

राज्यले गर्ने विकास निर्माणको लागि विद्युत् प्रसारण लाइन तथा विद्युत् वितरणलगायतका कार्यहरू विकास निर्माणको आधारभूत आवश्यकताको रूपमा रहेको हुन्छ । विकास निर्माण गर्दा त्यस्तो विकास निर्माण सार्वजनिक तथा नागरिकको हितको लागि छ छैन भन्ने दृष्टिकोणले हेर्नु पर्ने हुन्छ । राज्यले सार्वजनिक हितको लागि गर्ने विकास निर्माणको प्रयोजनमा विकास निर्माण र त्यस्तो विकास निर्माणबाट फाइदा लिने उपभोक्ताहरूको हित संरक्षणमा हेर्दा कुनै पनि नागरिकको हकमा असर परेको अवस्था भए पनि त्यसरी व्यक्तिको हकमा उचित क्षतिपूर्ति दिएर मात्र त्यस्तो विकास निर्माणको कार्यलाई निरन्तरता दिनु पर्ने ।

विकास निर्माण भनेको नितान्त रूपमा सार्वजनिक हितको लागि हुनुपर्ने र त्यसरी सार्वजनिक हितको लागि जुनसुकै किसिमको विकास निर्माण गर्दा कुनै पनि नागरिकको व्यक्तिगत सम्पत्तिमा वा अन्य कुनै किसिमले हानि नोक्सानी हुने अवस्था देखिएमा सोको उचित क्षतिपूर्ति दिई नागरिकको हकको संरक्षण गरेर मात्र विकास निर्माण गर्नुपर्ने ।

निवेदकहरूले वस्तुनिष्ठ तवरबाट विवादित विद्युत् प्रसारण लाइनबाट आफूहरूलाई के कुन किसिमको कति परिणाममा क्षति पुगेको वा परेको असरलाई देखाउन र प्रस्ट्याउन सकेको देखिएन । निवेदकहरूले दाबी गरेको विद्युत् प्रसारण लाइन निर्माण भइसकेको भन्ने देखिएको र निवेदकहरूले समेत निर्माण कार्य अन्तिम चरणमा पुगेको भनी स्वीकार गरेको देखिन्छ । त्यसरी निर्माण भएको विद्युत् प्रसारण लाइनबाट आफूहरूलाई पुगेको क्षति तथा नोक्सानीको उचित क्षतिपूर्ति नपाएको भन्ने भनाइ पनि नरहेको र कानूनबमोजिम पाउनु पर्ने उचित क्षतिपूर्ति नपाएको अवस्थामा साधिकार निकायमा त्यस सम्बन्धमा माग दाबी गर्न सक्ने नै देखिएको र निवेदकहरूलाई परेको असर एवम् क्षतिको बारेमा प्रस्ट रूपमा खुलाउन सकेको नदेखिँदा प्रस्तुत रिटबाट त्यस सम्बन्धमा बोल्न मिल्ने देखिएन । साथै विद्युत् प्रसारण लाइन निर्माण भइसकेको भन्नेसमेत देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

राज्यले विकास निर्माण गर्दा नागरिकको सर्वोपरी हितमा गर्नुपर्ने हुन्छ । सुरक्षित रूपमा र सम्मानपूर्वक बाँच्न पाउनु मानिसको मूलभूत मानव अधिकार हो । सुरक्षित एवम् सम्मानपूर्वक बाँच्नको लागि आवश्यक पर्ने जीवन, स्वतन्त्रता, सम्पत्ति र बसोबास जस्ता आधारभूत अधिकारलाई नेपालको संविधानले अविभाज्य एवम् अनतिक्रम्य मौलिक हकको रूपमा संरक्षण गरेको छ । यस प्रकारका अधिकारको संरक्षण गर्नु राज्यको दायित्व हुने भनी मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ लगायतका विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकारसँग सम्बन्धित कानूनहरूले उल्लेख गरेका छन् । आफूले अनुबन्ध गरेका अन्तर्राष्ट्रिय कानूनले निर्देश गरेका व्यवस्था राष्ट्रिय कानून निर्माण गरी वा प्रत्यक्ष रूपमा नै नागरिकहरूको कल्याण एवम् हित हुने गरी लागू गर्नु राज्यको कर्तव्य हुने ।

सुरक्षित एवम् सम्मानपूर्वक बाँच्नको लागि अन्य धेरै अधिकार आवश्यक हुने भए पनि मानिसको जीवन रक्षा, खान लाउन, बास तथा शिक्षा स्वास्थ्य

जस्ता आधारभूत आवश्यकता नभई नहुने।

संविधानमा मौलिक हकको रूपमा लेखिएका हकलाई राज्यले सम्मान नगर्ने र उचित संरक्षण नगरी नागरिकलाई प्राप्त सम्पत्तिसम्बन्धी मौलिक हकमा हस्तक्षेप हुन जाने अवस्थाको सिर्जना हुने हो भने त्यस्ता हकलाई मौलिक हकको रूपमा संविधानमा उल्लेख हुनुको कुनै औचित्य नरहने। बाँच्नको लागि नभई नहुने आधारभूत मौलिक हकलाई सर्वोपरी प्राथमिकतामा राखेर राज्यले नीति निर्माण गर्नुपर्ने।

राज्यले सार्वजनिक हितको रक्षा गर्दा व्यक्ति विशेषको सम्पत्तिको अवमूल्यन हुने र आर्थिक दृष्टिकोणले उनीहरूको हितमा असर पर्ने गरी काम गर्नु वा आर्थिक पक्षसँग जोडिएको व्यक्तिगत हितलाई गौण मान्न हुँदैन। सार्वजनिक हितलाई बढावा दिँदा नागरिकको सम्पत्ति अधिग्रहण गर्दाको अवस्थामा नागरिकलाई दिनुपर्ने क्षतिपूर्तिसँग सम्बन्धित व्यक्तिगत हितको रक्षा गर्न समानान्तर रूपमा राज्यले अझ बढी चासो दिने र व्यक्तिगत हित संरक्षणमा सजगता अपनाउनु पर्ने।

नागरिकप्रतिको दायित्व निर्वाह गर्दै सम्पत्ति तथा आवासलाई मानव अधिकारको आधारभूत तत्त्वको रूपमा स्वीकार गरी जग्गा उपलब्ध गराउने र आवास निर्माण गर्न अनुदान दिँदै आएको अवस्थामा राज्यको लागि अर्थात् सार्वजनिक हितको प्रयोजनको लागि आफ्नो निजी सम्पत्ति समर्पण गर्ने नागरिकले पीडा महसुस गर्नु राम्रो कुरा होइन। त्यसरी व्यक्तिको सम्पत्ति सार्वजनिक हितको लागि अधिग्रहण गर्दा दिनुपर्ने उचित क्षतिपूर्ति निर्धारणलाई पारदर्शी बनाउनसमेत विद्यमान कानूनमा समयानुकूल सुधार एवम् परिमार्जन गरिनु पर्ने।

निवेदन खारेज हुने ठहर भए पनि राज्यले नागरिकको सर्वोपरी हितमा विकास निर्माणको कार्य गर्दा नागरिकको सम्पत्ति प्राप्त गर्नुपर्ने भएमा उचित क्षतिपूर्ति दिनु पर्ने तथा विकास निर्माणको कार्यमा स्थानीय बासिन्दा एवम् नागरिकलाई समेत अपनत्त्व भएको महसुस हुने गरी सहभागी गराउने र उनीहरूले समेत त्यस्तो स्थानीय विकास निर्माणबाट लाभ प्राप्त गर्न सक्ने परिस्थितिको सिर्जना गर्नुपर्ने र आफ्नो व्यक्तिगत सम्पत्तिको उपभोग गर्न पाउने अधिकारलाई सुरक्षित गर्ने व्यवस्थासहितको कानून निर्माण गर्नु गराउनु भनी विपक्षीका नाममा देहायका निर्देशनसहितको निर्देशनात्मक आदेश जारी हुने।

१. नेपाल सरकारले गर्ने विकास निर्माणको कार्यबाट पुग्न सक्ने एवम् पुग्न गएको स्थानीय बासिन्दाको सम्पत्तिको मूल्य त्यस्तो विकास निर्माणको कार्य गर्नुपूर्व कति पर्ने थियो ? आयोजना सम्पन्न भइसकेपछि त्यसबाट स्थानीय नागरिकले पाउने सुविधा र फाइदालाई पनि नागरिकको सम्पत्तिसँग जोडी सोको उचित मूल्याङ्कन गर्ने सम्बन्धमा उपयुक्त कानूनको निर्माण गर्नु गराउनू।
२. सडक, विद्युत्, ढल, खानेपानी वा अन्य यस्तै प्रकृतिका विकाससँग सम्बन्धित कार्यहरू गर्दा त्यस ठाउँका नागरिकलाई पर्ने असर र उनीहरूले त्यसबाट प्राप्त गर्ने लाभ तथा नागरिकलाई हुन सक्ने क्षति एवम् हानिको बारेमा व्यक्ति एवम् संस्थालाई अलगअलग रूपमा हेरी त्यसको उचित व्यवस्थापन गर्ने।
३. विकास निर्माणको लागि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा दिनु पर्ने क्षतिपूर्तिको प्रश्न उठेमा कस्तो कस्तो अवस्थामा क्षतिपूर्ति पाउने र कस्तो कस्तो अवस्थामा क्षतिपूर्ति नपाउने भन्ने सम्बन्धमा एवम् क्षतिपूर्ति पनि अधिग्रहण गर्दासम्मको चल्तीको मूल्यमा निर्धारण गरी तुरून्तै दिनु पर्ने र तुरून्तै दिन नसकी तीन महिनाभन्दा ढिलो हुन गएमा क्षतिपूर्ति दिनेसम्मको चल्तीको मूल्यको आधारमा क्षतिपूर्ति दिनु पर्ने भनी स्पष्ट व्यवस्थासहितको कानून निर्माण गर्ने गराउने।
४. सार्वजनिक हितको लागि नागरिकको सम्पत्ति

अधिग्रहण गर्दा व्यक्तिगत हितलाई पनि पूर्णतः उपेक्षा नगरी नागरिकको र सार्वजनिक दुवैको हितलाई समानान्तर एवम् समन्वयात्मक दृष्टिकोणबाट सुनिश्चित गर्ने व्यवस्था गर्ने ।

५. सार्वजनिक हितको लागि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा त्यस स्थानबाट विस्थापित हुनुपर्ने अवस्थाका बालबालिका, वृद्ध, सुत्केरी वा गर्भवती महिला तथा अशक्तको सर्वोत्तम हितलाई प्राथमिकता दिएर समयमै अथवा अगावै त्यस्ता वर्गहरूको समुचित व्यवस्थापन गर्ने ।

६. विकास निर्माणको लागि नागरिकको जग्गा एवम् आवासलाई असर पर्ने अवस्था हुन गएमा भरसक आवासलाई सुरक्षा गर्नुपर्ने र कथम्कदाचित आवासलाई असर पर्न गएमा नागरिकको आवासको लागि वैकल्पिक जग्गा एवम् आवास नभई दुःख कष्ट भोग्नु पर्ने अवस्थामा त्यस्ता नागरिकलाई आवास निर्माणको लागि वैकल्पिक घडेरी जग्गा एवम् क्षतिपूर्तिबापत रकमकै व्यवस्था अनिवार्य रूपमा गर्नुपर्ने ।

७. योजना छनौट गर्दा बृहद् रूपमा वातावरणीय प्रभाव मूल्याङ्कन गरी नागरिकलाई वातावरणीय दृष्टिकोणबाट कुनै पनि क्षति नहुने वैकल्पिक उपायको बारेमा अध्ययन विश्लेषण गरी त्यस सम्बन्धमा स्थानीय समुदायसँग पनि छलफल तथा प्रतिक्रिया लिई नागरिकको सम्पत्ति एवम् स्वास्थ्यमा हानि नोक्सानी नहुने उपायहरू अवलम्बन गरी योजना तर्जुमा गर्नुपर्ने ।

८. योजना तर्जुमा गर्दा सरोकार निकाय, दातृ निकाय एवम् सम्बद्ध सरोकारवाला पक्षसँग परामर्श तथा समन्वय गरी योजना छनौट भएपछि मात्र उचित एवम् पर्याप्त समय दिएर जग्गा तथा आवास अधिग्रहणको प्रक्रिया अगाडि बढाउने र उक्त प्रक्रिया पारदर्शी हुनुपर्ने ।

९. जग्गा वा आवास अधिग्रहण गर्दा गरिने निर्णय पक्षपातपूर्ण एवम् पूर्वाग्रही भई त्यसमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णयलाई चुनौती दिन चाहेमा उपचार प्राप्त गर्ने कानूनी व्यवस्थाको सुनिश्चितता हुनुपर्ने ।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-WO-११००, उत्प्रेषण / परमादेश, *रमेश प्रधानसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*
- ०६९-WO-११८७, उत्प्रेषण / परमादेश, *रूद्रबहादुर खत्री वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-WO-११८८, उत्प्रेषण / परमादेश, *दीर्घबहादुर के.सी. वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

नेपाल सरकारले सडक निर्माण प्रयोजनका लागि जग्गा तथा संरचना अधिग्रहण गर्ने प्रयोजनका लागि सडकमा पर्ने जग्गा तथा संरचनाको मुआब्जा तथा क्षतिपूर्ति दाबी गर्न आउनु भनी प्रकाशन गरेको सूचनाले निवेदकको संविधान तथा कानूनप्रदत्त हकमा असर परेको भन्ने नदेखिएको र जग्गा अधिग्रहण तथा प्राप्ति गर्दा कानूनबमोजिम मुआब्जा एवम् क्षतिपूर्ति पाउन सक्ने नै देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी हुन सक्ने अवस्था नभएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

विद्यालयको जग्गा अधिग्रहण गर्दा विद्यालय नै विस्थापित हुने अवस्था आउन नदिन वैकल्पिक उपायको पहिचान गर्नु र वैकल्पिक उपायबाट सडक निर्माण हुन नसक्ने अवस्था देखिएमा र सडक निर्माण गर्दा विद्यालयको भवन तथा जग्गा नै नरहने अवस्था

देखिएमा विद्यालयको लागि पायक पर्ने स्थानमा पर्याप्त जग्गासहित भवन निर्माण हुने र गर्ने गरी एवम् भवन नै निर्माण गरी स्थानान्तरण गर्न सहयोग गर्नु गराउनु तथा सार्वजनिक हितको लागि विद्यालयको सम्पत्ति अधिग्रहण एवम् प्राप्ति गर्दा संविधान एवम् कानूनी व्यवस्थालाई ख्याल गरी सरकारी मूल्याङ्कन नभई चलन चल्तीको मूल्यमा उचित क्षतिपूर्ति वा मुआब्जा निर्धारण गरी अनुचित विलम्ब नगरी वितरण गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-WO-०८३४, उत्प्रेषण, प्रतिषेध र परमादेश, *दिनेशबहादुर विष्ट वि. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबारसमेत*

सम्झौताअनुसार नेपाल रिक्रिएसन सेन्टर प्रा.लि. ले विभिन्न आर्थिक वर्षको रोयल्टीबापतको रकम बैंक दाखिला गरी भौचरको प्रतिलिपिसहित रकम दाखिला गरेको जानकारी आन्तरिक राजस्व कार्यालयलाई दिएको देखिँदा होटल सोल्टी र नेपाल रिक्रिएसन सेन्टर बिचमा भएको सम्झौताअनुसार होटल सोल्टीको जग्गा भाडामा लिई नेपाल रिक्रिएसन सेन्टर प्रा.लि. ले क्यासिनो सञ्चालन गरेबापत तिर्नु पर्ने रोयल्टी, कर तथा आयकरलगायतका राजस्व उक्त सेन्टरले बुझाउनु पर्ने र विभिन्न आ.व. को रकम दाखिला गर्दै आएकोसमेत देखिँदा उक्त राजस्व रकम रिक्रिएसन सेन्टर प्रा.लि. ले बुझाउने भन्ने कुराको जानकारी नेपाल सरकारका सम्बन्धित निकायलाई नभएको भन्ने नदेखिने।

बक्यौता क्यासिनो रोयल्टी असुलउपर गर्ने क्रममा संसद्को सार्वजनिक लेखा समितिले अनुसन्धान गरी क्यासिनो सञ्चालक नेपाल रिक्रिएसन सेन्टर प्रा.लि.बाट कानूनबमोजिम असुलउपर गरी लिनु भनी सम्बन्धित निकायलाई निर्देशन दिएको देखिन्छ। नेपाल सरकारका सम्बन्धित निकायले नेपाल रिक्रिएसन सेन्टरसँग रोयल्टीलगायतको राजस्व लिँदै आएको र बक्यौता रहेको रकम असुलउपर गर्ने सम्बन्धमा विभिन्न प्रक्रिया तथा कारबाही गरी आएको देखिँदा होटल सोल्टी र NRC बिचमा भएको सम्झौताबमोजिम क्यासिनो सञ्चालन गरेबापतको रोयल्टीलगायतको राजस्व नेपाल रिक्रिएसन सेन्टर प्रा.लि. सँग लिनु पर्ने देखिन आउने।

सिद्धान्ततः कुनै व्यवसाय सञ्चालन गर्ने अनुमति लिँदा त्यस्तो व्यवसाय सञ्चालन गरेबापत सरकारलाई तिर्नु बुझाउनु पर्ने कर, रोयल्टीलगायतका शुल्क आपसमा सम्झौता गरी अर्को पक्षमा दायित्व सार्नु कानूनसम्मत मानिदैन। प्रस्तुत विवादमा होटल सोल्टीले आफूले प्राप्त गरेको क्यासिनो सञ्चालन इजाजतपत्रको वार्षिक रोयल्टी बुझाउने दायित्वसमेत NRC मा सारेको देखिएको र उक्त NRC ले समेत सम्झौताअनुसार रोयल्टीलगायतको राजस्व नेपाल सरकारलाई बुझाउँदै आएको देखिँदा बक्यौता रहेको रकम बुझाउने प्रथम दायित्व NRC कै रहेको मान्नुपर्ने।

सर्तअनुसार इजाजतपत्रबापतको रोयल्टी बुझाउने दायित्व होटल सोल्टीको भए पनि होटल सोल्टी र NRC बिचमा सन् २६ मे १९९८ मा भएको सम्झौताको बुँदा नं.६.११ मा रोयल्टीलगायतको सम्पूर्ण कर रकम NRC ले बुझाउने भन्ने उल्लेख भएको देखिएको र सरकारलाई कर बुझाउने दायित्व सम्झौताद्वारा अर्को पक्षमा सारिएको विषय कानूनसम्मत नहुने भए पनि उक्त सम्झौताअनुसार NRC ले रोयल्टीलगायतको राजस्व नेपाल सरकारको खातामा दाखिला गर्दै आएको देखिँदा रोयल्टी तथा करलगायतको राजस्व बुझाउने प्रमुख दायित्व उक्त सम्झौताअनुसार NRC को रहेको देखिन्छ। यसरी क्यासिनो सञ्चालन गरेबापतको रोयल्टी तथा अन्य

राजस्व बुझाउने प्रमुख दायित्व NRC को भएकोमा उक्त नेपाल रिक्रिएसन सेन्टर प्रा.लि.बाट असुलउपर गरी लिने प्रयोजनका लागि NRC को नाममा रहेको अचल सम्पत्ति लिलाम गर्ने प्रक्रिया अगाडि बढाएको र होटल सोल्टीलाई समेत रकम दाखिला गर्नु र नगरे क्यासिनो इजाजतपत्र रद्द गर्न सकिने भनी गरेको पत्राचार कानूनसम्मत देखिन नआउने । रोयल्टीलगायतको राजस्व बुझाउने प्रमुख दायित्व भएको NRC को चल अचल जायजेथाबाट असुलउपर गर्दासमेत सम्पूर्ण बक्यौता रकम असुलउपर हुन नसकेको अवस्थामा क्यासिनो इजाजतपत्र प्राप्त होटलबाट नेपाल सरकारले कानूनबमोजिम असुलउपर गर्न सक्ने भए पनि उक्त NRC बाट असुल नगरी होटल सोल्टीबाट असुलीको लागि ताकेता गरेको र क्यासिनो इजाजतपत्र रद्द गर्नेतर्फ गरेको कारबाही उचित नदेखिने ।

सरकारबाट क्यासिनो सञ्चालन गर्न अनुमति प्राप्त होटल सोल्टीले आफूले क्यासिनो सञ्चालन नगरी अर्को पक्षलाई क्यासिनो सञ्चालन गर्न आफ्नो जग्गा तथा भवन भाडामा दिएको देखिएको र उक्त क्यासिनो सञ्चालन गरेको नेपाल रिक्रिएसन सेन्टर प्रा.लि. ले नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने रोयल्टी तथा राजस्व तिरे बुझाएको नदेखिँदा उक्त रिक्रिएसन सेन्टर प्रा.लि. बाट असुलउपर हुन नसकेको रोयल्टी एवम् राजस्व होटल सोल्टीबाट कानूनबमोजिम असुलउपर गर्न पाउने भन्ने नदेखिने ।

निवेदक होटल सोल्टी र नेपाल रिक्रिएसन सेन्टर प्रा.लि. बिचमा क्यासिनो सञ्चालनसम्बन्धी सम्झौता भई नेपाल रिक्रिएसन सेन्टर प्रा.लि. ले क्यासिनो सञ्चालन गरी नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने रोयल्टी एवम् राजस्व बुझाउँदै आएको देखिएको र आ.व. २०६२।०६३ देखि आ.व.२०६७।०६८ सम्मको रोयल्टीलगायतको रकम दाखिला नगरेको देखिन्छ । होटल सोल्टीसँग सम्झौता गरी क्यासिनो सञ्चालन गरी नेपाल सरकारलाई तिर्नु पर्ने रोयल्टी एवम् राजस्व बुझाउँदै आएको अवस्थामा बिचमा सरकारलाई तिर्नु बुझाउनु पर्ने रोयल्टी तथा अन्य दस्तुरलगायतको रकम नतिरे नबुझाएको देखिँदा उक्त क्यासिनो सञ्चालन गर्ने नेपाल रिक्रिएसन सेन्टर प्रा.लि. बाट कानूनबमोजिम उक्त सेन्टरको जायजेथाबाट असुलउपर नगरी होटल सोल्टीबाट असुल गर्न र क्यासिनो इजाजतपत्रसमेत रद्द गर्न खोजेको देखिँदा विपक्षीहरूको उक्त कार्य कानूनसम्मत भएको देखिन नआउने ।

अतः कुनै पनि व्यवसाय सञ्चालन गर्दा लाग्ने व्यावसायिक कर वा अन्य कुनै दस्तुरको दायित्व जुन समयमा जसले त्यस्तो व्यवसाय सञ्चालन गरेको हुन्छ, सोही पक्षले नै त्यसको दायित्व बहन गर्नुपर्ने हुन्छ । होटल सोल्टीले नेपाल रिक्रिएसन सेन्टरलाई उपलब्ध गराएको घरमा निज सेन्टरले गरेको कारोबार, व्यवसाय तथा सो व्यवसाय गरेबापतको कर तथा अन्य दस्तुर भुक्तानी गर्ने वा बुझाउनु पर्ने दायित्व निजमा नै रहने भएकाले निजबाट असुलउपर गर्ने प्रयोजनका लागि प्रकाशन गरिएको सूचना तथा त्यससम्बन्धी निर्णय र लिलाम प्रक्रियामा गरिएको कार्य कानूनसम्मत नै देखिई यी निवेदक होटल सोल्टीको दायित्वभित्रको विषय नदेखिँदा नेपाल रिक्रिएसन सेन्टर प्रा.लि.को सम्पत्तिबाट असुलउपर गर्ने कार्य गर्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-WO-०८३५, उत्प्रेषण / परमादेश, *पियूषबहादुर अमात्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*
- ०६७-WO-०९३७, उत्प्रेषण / परमादेश, *दिनेशबहादुर विष्ट वि. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबारसमेत*

- ०७३-WO-०४९७, उत्प्रेषण / परमादेश, *पियूषबहादुर अमात्य वि. पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, सिंहदरबारसमेत*

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री टंकबहादुर मोक्तान,** ०६७-CI-०५९६, लिखतअनुसार दा.खा., *जयलाल चौधरीसमेत वि. चन्दरी ठाकुर*

वादीले दाबी गरेको जग्गा पटकपटक कि.का. भई विभिन्न व्यक्तिका नाममा दाखिला खारेज भएको र वादी दाबी र प्रतिवादी जिकिरअनुसारको लिखतअनुसारको जग्गा एउटै हो वा होइन भन्ने विषय नै विवादास्पद रहेको स्थितिमा प्रमाण बुझी ठहर गर्नुपर्ने अवस्थातर्फ विचार नगरी वादीको नाउँमा दर्ता गर्ने गरेको मालपोत कार्यालय, बाराको मिति २०६५।७।७ को निर्णयमा अधिकार क्षेत्रात्मक त्रुटि देखिन आउने।

दाबी गरेको कि.नं.६३ को अस्तित्व नै समाप्त भई विभिन्न किसिमले विभिन्न व्यक्तिका नाउँमा दा.खा. भएको स्थितिमा उक्त जग्गामा हक बेहकको प्रश्न समावेश रहेको देखियो । मूल स्रोतमा विवाद रहेको अवस्थामा सोतर्फ विचार नगरी विवादको जग्गा वादीको नाउँमा दा.खा. गर्ने गरी भएको निर्णय कानूनसम्मत भएको भन्न मिल्ने नदेखिने।

२०२४ सालमा वादीले राजीनामा गरिलिएको जग्गा र २०५५।२।२५ मा प्रतिवादीले शेषपछिको बकसपत्र पारित गरिलिएको जग्गा एउटै हो वा होइन भन्ने सम्बन्धमा प्रमाण बुझी विवेचना गरी हक बेहकतर्फ सुनाउनु पर्नेमा सो नगरी विवादित जग्गा वादीका नाउँमा दाखिला खारेज हुने गरी मालपोत कार्यालय, बाराबाट भएको निर्णय सदर हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेको नदेखिँदा विवादित जग्गाका सम्बन्धमा मालपोत कार्यालय, बाराबाट मिति २०६५।७।७ मा भएको निर्णय र सो निर्णयलाई सदर हुने गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको मिति २०६७।१।६ को फैसला बदर गरिदिएको छ । अब विवादित जग्गाका सन्दर्भमा हक बेहकतर्फ फिराद गर्न जानु भनी सुनाई पुनः निर्णय गर्नु भनी दुवै पक्षलाई मालपोत कार्यालयमा हाजिर हुन तारेख तोकी प्रस्तुत मुद्दामा प्राप्त मालपोत कार्यालयको सुरू मिसिलसमेत फिर्ता पठाई दिने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल कात्तिक ७ गते रोज ३ शुभम्।

५

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६७-CI-०७०९, नक्सा पास नगरी सार्वजनिक बाटो एवम् जग्गामा बनाएको घर पर्खाल भत्काई पाउँ, *रामकृष्णमान सिंह वि. मुकेश तण्डुकारसमेत*

पुनरावेदनको अधिकार कानूनी अधिकार हो। कानूनद्वारा नै यस्तो अधिकारको व्यवस्था गरिने भएकोले यसलाई कानूनी अधिकार भनिएको हो । पुनरावेदनको अधिकार उपयोग गरी परेको पुनरावेदनमा ऐनको दफा १६२ बमोजिम सो निर्णय नै अन्तिम रहने र त्यसउपर माथिल्लो तहमा पुनरावेदन लाग्ने व्यवस्था नरहेको परिप्रेक्ष्यमा अन्तिम भई बसेको विषयमा पटकपटक प्रश्न उठाउनु उचित हुँदैन । अधिकारको प्रयोग गर्दा न्यायिक प्रक्रियाको ख्याल राख्नु पर्ने हुन्छ अन्यथा न्यायिक प्रक्रिया नै अवरूद्ध हुने खतरा रहन्छ । न्यायिक प्रक्रिया नै न्याय प्राप्त गर्ने कडीको रूपमा रहने र त्यसको दुरूपयोग हुन गएमा न्यायको मर्ममा चोट पुग्ने।

महानगर प्रमुखले सार्वजनिक ढल अतिक्रमण गरी बनाएको घर पर्खाल भत्काउने भनी स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१(४) बमोजिम गरेको निर्णयउपर ऐ. ऐनको दफा १६२ अनुसार पुनरावेदन अदालतमा परेको पुनरावेदन सम्बन्धमा दफा १६२(१) ले पुनरावेदन अदालतको

फैसला नै अन्तिम हुने व्यवस्था गरेबाट पुनरावेदन नै दर्ता हुन नसक्ने अवस्थामा परेको प्रस्तुत पुनरावेदनबाट तथ्यभित्र प्रवेश गरी निर्णय गर्न मिल्ने देखिएन । अतः अ.बं.१८० नं. बमोजिम प्रस्तुत पुनरावेदन खारेज हुने ।
इजलास अधिकृतः दिलीपराज पन्त
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७४ साल कार्तिक ७ गते रोज ३ शुभम् ।
यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-०७०८, सार्वजनिक खिढल माथि बनाएको घर पर्खाल भत्काई पाऊँ, *रामकृष्णमान सिंह वि. मुकेश तण्डुकारसमेत*
- ०६७-CI-०७८१, उत्प्रेषण / परमादेश, *रामकृष्णमान सिंह वि. पुनरावेदन अदालत पाटनसमेत*
- ०६७-CI-०७८२, उत्प्रेषण / परमादेश, *रामकृष्णमान सिंह वि. पुनरावेदन अदालत पाटनसमेत*

६

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CI-१५२०, निषेधाज्ञा / परमादेश, *शिवप्रसाद रेग्मी वि. नारायणी सिंचाई डिभिजन-५ को कार्यालय, गण्डक वीरगन्ज पर्सासमेत*

दाबीको कि.नं. ५४७, ५८५, १०२४ र १०२६ का घरजग्गा साबिक कि.नं. २५४ र २५५ को जग्गा हुन् होइनन् । निवेदक शिवप्रसाद रेग्मीको दर्ताको जग्गाभित्र सरकारी खर्चमा ट्युबेल पम्प हाउस संरचना रहेको छ, छैन ? निवेदकको जग्गा के कस्तो भौतिक स्थितिमा रहेको छ । दाबीको जग्गाको प्राप्ति कानूनबमोजिम भएको हो, होइन ? कानून प्रक्रिया पुऱ्याई अधिग्रहण गरेकोमा तत्काल रकम नबुझेमा वा क्षतिपूर्तिको रकम तत्काल बैंकमा जम्मा भएको हो, होइन ? रकम नबुझेमा हक हस्तान्तरण नेपाल सरकारमा हुने हो, होइन ? रकम नबुझेमा पनि हक हस्तान्तरण हुने अवस्थामा सम्बद्ध प्रक्रिया के हो ? सो प्रक्रियाको पालना भए नभएको अवस्था के कस्तो ? जग्गा प्राप्ति कानूनबमोजिम सम्पन्न भएकोमा तत्काल रकम नबुझेको अवस्थामा हाल बुझाउन मिल्ने होइन ? रकम बुझाउने अवस्थामा साबिक मूल्यको रकम पाउने हो वा वर्तमान मूल्यमा पाउने हो भन्नेसमेतका सम्बद्ध कानून र सबुद प्रमाण बुझी निर्णय गर्नुपर्ने देखियो । सम्बद्ध कानून र सबुद प्रमाण बुझी निर्णय गर्नुपर्ने र निवेदकको निर्विवाद हकाधिकार पुष्टि हुन नआएकोले समग्र विवादित विषयमा निर्क्यौल गरी यकिन निर्णय दिनुपर्ने विषयवस्तु देखिन आयो । विवादित स्थलको वास्तविक भौतिक स्थिति के कस्तो छ ? ट्युबेल पम्प हाउस रहेको स्थान हो होइन भनी सबुद प्रमाण बुझी निष्कर्षमा पुग्न पर्ने प्रस्तुत विषयवस्तु रहेको छ । निवेदकको निर्विवाद हकाधिकारको पुष्ट्याई नभएको र उल्लेख भएबमोजिम सबुद प्रमाण बुझी निष्कर्षमा पुग्नु पर्ने देखिएकोले निषेधाज्ञा जारी हुन सक्ने देखिएन । साधारण क्षेत्राधिकारबाटै निवेदकले कानूनी उपचार अवलम्बन गर्न सक्ने नै अवस्था रहेकोले रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्न नमिल्ने ।

निवेदकले प्रस्तुत रिट निवेदनमा उठाएका प्रश्नहरूको सम्बन्धमा सम्बद्ध कानून र प्रमाणको आधारमा साधारण क्षेत्राधिकारबाट उपचार प्राप्त गर्न सक्ने हुँदा रिट क्षेत्रबाट हस्तक्षेप गर्न उपयुक्त र मनासिब देखिन आएन । तसर्थ निवेदकको निवेदन मागबमोजिम निषेधाज्ञायुक्त परमादेश जारी हुन नसक्ने ठहराई निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।२।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृत: हर्कबहादुर क्षेत्री
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम् ।

७

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CI-१०३०, उत्प्रेषण / परमादेश, *पुष्पप्रसाद भण्डारी वि. जिल्ला शिक्षा कार्यालय, फिदिम पाँचथरसमेत*

जिल्ला शिक्षा समिति पाँचथरको २०७२।५।३१ को निर्णयअनुसार फिदिम उ.मा.वि. फिदिम पाँचथरको माध्यमिक तहको दरबन्दी १ कटौती भएको देखिन्छ । दरबन्दी कटौती गर्ने जिल्ला शिक्षा समिति निर्णय भएबमोजिम जिल्ला शिक्षा कार्यालयको जिल्ला शिक्षा अधिकारीले निवेदकलाई सरूवा गर्ने निर्णय गरेकोमा जिल्ला शिक्षा समितिलाई विपक्षी बनाएको देखिएन । निवेदन बेहोराबाट मा.वि. द्वितीय श्रेणीको स्थायी कर्मचारी भई फिदिम उच्च मा.वि. को २०६१।७।१५ देखि प्रधानाध्यापकको भूमिका निर्वाह गरेको भन्ने देखिए पनि जिल्ला शिक्षा कार्यालयसमेतको लिखित जवाफमा निवेदक शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ९३ मा उल्लिखित प्रक्रिया पूरा गरी नियुक्ति पाएको प्रधानाध्यापक नभई तत्कालको लागि काम चलाउ नि.प्रधानाध्यापक मात्र हुन् भन्ने पाइन्छ । त्यस्तै फिदिम उच्च मा.वि. समेतको लिखित जवाफ हेर्दा रिट निवेदक पुष्पप्रसाद भण्डारी मिति २०६१।७।१५ गतेदेखि फिदिम उच्च मा.वि. मा प्रधानाध्यापक पदमा नियुक्ति पाई विद्यालयको प्रशासनिक प्रमुखको हैसियतमा काम गर्दै आएकोमा शिक्षा नियमावली, २०५९ को दफा ९३(८) बमोजिम प्रधानाध्यापकको पदावधि ५ वर्ष मात्र हुने भएकाले मिति २०६६।७।१५ गतेसम्ममा प्रधानाध्यापक पदमा नियुक्ति हुनुपर्नेमा नियुक्ति नभएको भन्ने देखिने ।

शिक्षा नियमावली, २०५९ को दफा ९३(८) मा "प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ र निज पुन: सो पदमा नियुक्त हुन सक्नेछ" भन्ने पाइन्छ । निवेदक मिति २०६६।७।१५ पश्चात् फिदिम उच्च मा.वि.को प्रधानाध्यापकमा पुन: नियुक्ति नभएको भन्ने लिखित जवाफलाई निवेदकले अन्यथा दाबी लिएको देखिँदैन । निवेदक निवेदन दिँदाका अवस्थामा नि. प्रधानाध्यापकसम्मको जिम्मेवारी बहन गरेको देखिएकोले निवेदकलाई प्रधानाध्यापकबाट हटाउन मिल्ने नमिल्नेतर्फ थप बोली रहनु परेन । निवेदकको पद मा.वि. द्वितीय भएकोले तत्कालीन कार्यरत विद्यालयको दरबन्दी मा.वि. कटौती भएपश्चात् निवेदकलाई समान स्तरको पद मा.वि. द्वितीयमा सुखबोध मा.वि. जोरसाल फिदिममा सरूवा गरेको देखिएकोले उक्त सरूवा कानूनविपरीत रहेको पुष्ट्याईं निवेदकले गर्न सकेको नदेखिँदा निवेदकलाई सरूवा गर्ने गरेको उक्त निर्णय गैरकानूनी नदेखिने ।

निवेदक पुष्पप्रसाद भण्डारीले अवकाशप्राप्त शिक्षक हरिप्रसाद सुवेदीले पाउनुपर्ने भन्दा बढी सञ्चित बिरामी बिदा सिफारिस गर्ने प्र.अ. पुष्पप्रसाद भण्डारीको उक्त कार्यमा गैरजिम्मेवारीपन देखिएकोले निजलाई शिक्षा नियमावली, २०५९ (सातौं संशोधन, २०६९) को नियम १३५ अधीनमा रही सजाय गर्नुपर्ने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट लेखी आएको र सोही बेहोरासमेत उल्लेख भई मिति २०७२।६।६ को जिल्ला शिक्षा कार्यालयको सरूवाको टिप्पणी आदेशबाट निवेदकलाई सरूवा गरेको देखिने । शिक्षा ऐन, २०२८ को दफा १६(ञ)(३) मा भएको कानूनी व्यवस्थाबमोजिम समेत निवेदकलाई सरूवा गर्ने गरेको निर्णयलाई अन्यथा भन्न सकिने अवस्था नदेखिएकोले निवेदकको मागबमोजिम उत्प्रेषणसहित परमादेशको आदेश जारी हुनसक्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत इलामको फैसला मिलेकै देखिने ।

तसर्थ निवेदकको निवेदन मागबमोजिम रिट जारी हुने अवस्थाको विद्यमानता नरहेकोले निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत इलामको मिति २०७३।१।२९ को फैसला मिलेको देखिँदा सदर

हुने।
इजलास अधिकृत: हर्कबहादुर क्षेत्री
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०१८५, उत्प्रेषण / परमादेश, *मनरथ सिलवालसमेत वि. नेपाल नागरिक उड्डयन प्राधिकरण, बबरमहलसमेत*

नागरिक उड्डयन प्राधिकरण तथा बुद्ध एयर प्रा.लि.को लिखित जवाफ र हवाई भाडा नियमनसम्बन्धी निर्देशिका, २०६३ दफा ३ मा भएको निर्देशिकामा व्यवस्थाको अध्ययनबाट वायुसेवा कम्पनीहरूलाई नेपाल सरकारले लागू गरेको हवाई भाडाको न्यूनतम र उच्चतम हवाई भाडा निर्धारण गर्न र वायु सेवा कम्पनीहरूले आफ्नो व्यावसायिक रणनीतिबमोजिम भाडा दरलाई विभिन्न वर्गमा वर्गीकरण गरी भाडादर निर्धारण गर्न सक्ने अधिकार प्रदान गरेको अवस्था देखिने।

हवाई भाडा नियमन निर्देशिकाअनुसार नै वायुसेवा कम्पनीहरूले जारी गर्ने C, D, E Class बाहेकका टिकटहरू फिर्ता हुने र C, D, E Class का टिकटहरू फिर्ता नहुने र उडान समय र मिति परिवर्तन वायु सेवा कम्पनीको नियमनुसार हुनेछ भन्ने उल्लेख भएको देखिन आयो। विपक्षी वायु सेवा कम्पनी बुद्ध एयर प्रा.लि.ले पेस गरेको लिखित जवाफमा C, D, E Class का टिकटहरू Non refundable टिकटहरू भएको तर PSC Charge फिर्ता गर्ने गरेको भन्ने उल्लेख गरेको देखिएको र विपक्षी प्राधिकरणसमेतले लगाएको लिखित जवाफमा समेत बुद्ध एयर प्रा.लि.ले जारी गरेको सस्तो टिकटमा सम्बन्धित यात्रुले हवाई यात्रा गर्न नभ्याएमा टिकटमा समावेश भएको एयरपोर्ट चार्ज (Passenger Service Charge-PSC) बुद्ध एयरले फिर्ता नगरेको भनी कुनै पनि उजुरी कुनै पनि यात्रुबाट आएको छैन भनी उल्लेख गरेको अवस्था देखिँदा निवेदकहरूले रिट निवेदनमा उल्लेख गरे जस्तो विपक्षी बनाइएका निकायहरूबाट कानूनविपरीतको कार्य भए गरेको नदेखिने।

बुद्ध एयर प्रा.लि.ले जारी गर्ने महँगो र सस्तो हवाई टिकटमध्ये महँगो हवाई टिकट Cancel भएको अवस्थामा नियमानुसारको रकम कट्टा गरी बाँकी रकम विपक्षी एयरले फिर्ता गर्ने गरेको भन्ने देखिएको र सस्तो हवाई टिकटमा नै Non Refundable भन्ने उल्लेख भई त्यस्तो टिकट फिर्ता नहुने तर हवाई भाडा नियमन निर्देशिकाअनुसार नै Reschedule को सुविधा प्रदान गरी PSC भने फिर्ता दिने गरिएको। यसरी यात्रुहरूले C, D, E class का टिकटहरू फिर्ता नहुने प्रकारका टिकट भन्ने कुरा जानी-जानी उक्त टिकट खरिद गरेको अवस्थालाई यात्रु र सेवा प्रदायक संस्थाबिच टिकट खरिद बिक्रीसम्बन्धमा अप्रत्यक्ष करार भएको मानिन्छ। जसका सम्बन्धमा करार ऐन, २०५६ को व्यवस्था लागू हुने हुन्छ। यस्तो करारीय प्रकृतिको विवादलाई संवैधानिक, कानूनी वा सार्वजनिक सरोकारको विषय भन्न मिल्ने हुँदैन। उक्त सिद्धान्तलाई इन्कार गरी विपक्षी बुद्ध एयर प्रा.लि.को तर्फबाट पेस भएको लिखित जवाफलाई रिट निवेदकले अन्यथा भन्न सकेको नदेखिँदा निवेदन माग दाबीबमोजिम आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिने।

तसर्थ माथि विवेचित आधार तथा कारणहरूबाट विपक्षीहरूबाट कानूनविपरीतको कार्य भए गरेको नदेखिएकोले निवेदन मागदाबीबमोजिमको आदेश जारी नहुने भई प्रस्तुत रिट निवेदन खारेज हुने।
इजलास अधिकृत: शकुन्तला कार्की
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७४ साल माघ ११ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-WO-०९८०, उत्प्रेषण/परमादेश, *विष्णुप्रसाद न्यौपानेसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकहरू नेपाल प्रहरीका सेवा निवृत्त पूर्व हवल्दार रहेका, निजहरू पदमा बहाल रहँदा र अवकाशपछिसमेत प्रहरी ऐन, २०१२ र प्रहरी नियमावली, २०४९ को परिच्छेद-२ बमोजिम तलब तथा पेन्सन सुविधा पाउने व्यवस्था रहेको, सशस्त्र प्रहरी ऐन, २०५८ र ऐ. को नियमावली, २०६० को परिच्छेद-२ को नियम ३(१)(२) बमोजिम सशस्त्रका प्रहरी हवल्दारले तलब तथा पेन्सन पाउने व्यवस्था रहेको एवम् सैनिक ऐन, २०६३ को परिच्छेद-१ को दफा २(च), ऐ. को दफा २(ज), ऐ. को ७(४) तथा ऐ.को अनुसूची-१ बमोजिम सेनाका हवल्दारले पाउने तलब तथा पेन्सनका सम्बन्धमा व्यवस्था रहेको देखियो । निवेदकले उल्लेख गरेका फरकफरक सेवासम्बन्धी पदहरूको कार्य प्रकृति फरकफरक रहेको र छुट्टाछुट्टै कानूनद्वारा नियमन र व्यवस्थित हुने पदहरू हुन् भन्ने देखिएको छ । जिम्मेवारीको प्रकृति र सेवागत भिन्नता भएकोले तह वा श्रेणी मिल्दोजुल्दो छ भन्ने आधारमा नै अर्को पदसरहको सुविधा स्वत: पाउनु पर्दछ भन्ने मनासिब नदेखिने ।

रिट निवेदकहरूमध्ये विष्णुप्रसाद न्यौपाने मिति २०३९।०८।०९ मा सेवा निवृत्त भएका, श्यामबहादुर खड्का मिति २०५२।०३।२२ मा सेवा निवृत्त भएका, विष्णुप्रसाद खतिवडा मिति २०६०।११।२७ मा सेवा निवृत्त भएका, निवेदक वासुदेव न्यौपाने मिति २०५२।०७।१९ मा सेवा निवृत्त भएको भन्ने देखिन्छ । प्रस्तुत निवेदन मिति २०७१।३।३१ मा परेको पाइयो । निवेदकहरू सेवा निवृत्त भएको कसैको ३० वर्ष, कसैको १९ वर्ष र कसैको ११ वर्ष व्यतित भइसकेको देखिन्छ । यति लामो अवधिसम्म न्यायिक उपचार खोज्न ढिलाई गर्नुको कुनै उचित कारण प्रस्तुत हुन आएको नदेखिने ।

नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी छुट्टाछुट्टै ऐनद्वारा सञ्चालित भएका पदहरू देखिन्छन् । छुट्टाछुट्टै ऐन र नियमावलीमा फरकफरक सेवा सुविधा हुने गरी राखिएको प्रावधान सेवाको कार्य प्रकृति र गाम्भीर्यलाई विचार गरी विधायिकाले अपनाएको बुद्धिमताको विषय देखिन्छ । समानहरूको बिच समान व्यवहार गरिनु पर्छ । फरकफरक अवस्थितिका मानिसहरूका बिच पनि उस्तै समान व्यवहार हुनुपर्दछ भन्नु उचित हुँदैन । कर्मचारीले पाउने सुविधाको कुरामा संविधानले कुनै निरपेक्ष समानताको परिकल्पना गरेको पनि देखिँदैन । यसका अतिरिक्त निवेदकहरू अनुचित विलम्ब गरी अदालत प्रवेश गरेकोसमेत देखिने ।

तसर्थ उल्लिखित विवेचनासमेतको आधारमा निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: शकुन्तला कार्की

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल कात्तिक २३ गते रोज ५ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री सपना प्रधान मल्ल** ०७३-CR-०१९०, जालसाज, *सुनीता पोखरेल लामिछाने वि. होमबहादुर खत्री*

पुनरावेदकहरू प्रतिवादी रोशन लामिछानेका एकाघरका अंशियार रहेको कुरामा विवाद रहेन । मुलुकी ऐन, अंशबन्डाको १९ नं. समेतका आधारमा निज रोशन लामिछानेले होमबहादुर खत्रीलाई र.नं. १०४१४ मिति २०६९।२।२३ मार्फत राजीनामा पारित गरी जग्गा बिक्री गरिदिएको कार्यको कानूनी हैसियतको सन्दर्भमा हेर्दा, उक्त जग्गा बिक्री गर्ने रोशन लामिछाने पुनरावेदक वादीहरूको एकाघरको मूली रहेको भन्ने कुरालाई स्वयम् पुनरावेदकहरूले अस्वीकार गरेको देखिएन । घरव्यवहार चलाउने घरको मूली व्यक्ति भएको

हैसियतले निजले मुलुकी ऐन, अंशबन्डाको महलको १९ नं. बमोजिम आधासम्म अचल सम्पत्ति घरव्यवहार चलाउने प्रयोजनका निम्ति बिक्री गर्न परिवारका अन्य अंशियारको सहमति लिनुनपर्ने भन्ने कानूनी व्यवस्था रहेकोले घरमूलीको हैसियतमा निजले गरेको कार्यले वैधानिकता नपाउने भन्ने नहुने।

पुनरावेदक वादीहरूले घरव्यवहार चलाउने प्रयोजनार्थ बिक्री गरेको होइन भन्ने जिकिर लिएको भए पनि पारित राजीनामा लिखतमा घरखर्च प्रयोजनार्थ भन्ने उल्लेख भएको तथा र.नं. १०४१४ मार्फत बिक्री भएको जग्गाको क्षेत्रफल निज जग्गाधनी रोशन लामिछानेसँग बाँकी रहेको जग्गाको क्षेत्रफलको आधाभन्दा कम नै रहेको भन्ने देखिन आउने।

पुनरावेदक वादीहरू प्रतिवादीमध्येका एकासगोलका अंशियार रहेको कुरामा विवाद रहेको देखिएन । प्रतिवादी रोशन लामिछानेले मिति २०६९।९।२३ मा र.नं.१०४१४ मार्फत प्रतिवादी होमबहादुर खत्रीलाई दाङ जिल्ला मानपुर गा.वि.स. वडा नं. २(क) कि.नं. ४४१ को ०,३०३०.७४ जग्गामध्येबाट ०-२-१९ जग्गा बिक्री गर्दा बिक्री गरेको जग्गाको क्षेत्रफल मूल क्षेत्रफलको आधाभन्दा कम नै रहेको देखिने। मुलुकी ऐन, अंशबन्डाको महलको दफा १९(१) मा पिता पुर्खाको पालाको चल अचल गैह सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधासम्म व्यवहार चलाउनलाई स्वास्नी छोरा अविवाहित छोरी वा विधवा बुहारीको मन्जुरी नभए पनि आफूखुस गर्न पाउँछ भन्ने कानूनी व्यवस्था रहेको देखिएबाट यी पुनरावेदकहरूले जिकिर लिएजस्तो वादी दाबीको राजीनामा लिखत वादी दाबीबमोजिम ३ खण्डको २ खण्ड बदर हुने भन्ने अवस्था नरहने।

अतः माथि विवेचित तथ्य, प्रमाण एवम् कानूनी व्यवस्थासमेतका आधारमा प्रत्यर्थी प्रतिवादी होमबहादुर खत्री लिने तथा यिनै पुनरावेदकहरूका पति पिता रोशन लामिछाने दिने भई मालपोत कार्यालय, दाङबाट र.नं.१०४१४, मिति २०६९।९।२३ मार्फत पारित राजीनामा लिखत वादी दाबीबमोजिम बदर हुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी वादी दाबीको लिखत बदर नहुने ठहऱ्याई पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७२।११।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७५ साल मङ्सिर २ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७२-WO-०२१७, उत्प्रेषण, *राजमान मिश्र वि. सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र, हलचोकसमेत*

यिनै पक्ष विपक्षबिच चलेको करारको यथावत् परिपालनासम्बन्धी मुद्दामा काठमाडौं जिल्ला अदालतको निर्णयउपर निवेदकको उच्च अदालत पाटनमा पुनरावेदन परी ०७३-dp-०१२० दर्ता भई पुनरावेदन अदालतबाट ०७४।३।३० मा फैसला भइसकेको भन्ने कुरा कानून व्यवसायीले बहसको क्रममा उठाएको देखिने । निवेदकले प्रस्तुत रिट निवेदनमा उठाएका विषयवस्तुको सम्बोधन सोही करारको यथावत् परिपालना गरिपाउँ भन्ने मुद्दाबाट हुने भई मुद्दासमेत फैसला भइसकेको र दुई वा दुईभन्दा बढी पक्षबिच सम्पन्न भएको करार निजी कानून (Private law) भएको र त्यस्तो करारबाट उत्पन्न दायित्वको प्रचलनको लागि साधारण अधिकारक्षेत्रअन्तर्गत नै उपचार प्राप्त गर्ने विषय भई साधारण अधिकारक्षेत्र ग्रहण गरी अन्तिम निर्णय भएको पाइने।

साधारण अधिकारक्षेत्र ग्रहण गरी रिट निवेदकले उठान गरेको विषयवस्तु पुनरावेदनको रोहमा उच्च अदालत पाटनबाट मिति ०७४।३।३० मा निरूपण भइसकेको भन्ने देखिएकोले सोही विषयमा

यस सम्मानित अदालतबाट रिट ग्रहण गरी हेर्न संविधान तथा कानूनी रूपमा मनासिब नहुने।

विवेचित आधार कारणहरूबाट निवेदन मागदाबीबमोजिम साधारण अधिकारक्षेत्रबाट निप्टारा भएको विषयमा रिट क्षेत्र आकर्षित हुने नभई रिट क्षेत्रबाट हेर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: शकुन्तला कार्की
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७४ साल भदौ १२ गते रोज २ शुभम्।

**इजलास नं. २**

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-CI-०९४३, निर्णय दर्ता बदर खिचोला मेटाई चलन चलाई हक कायम, *विश्वप्रेम तिवारी वि. स्कन्दप्रसाद शर्मासमेत*

साबिक रामपुर टोकनी पञ्चायत वडा नं. ९क कि.नं. ४८ को १-१५-० जग्गा वादीले दाता अम्बिकादेवी आचार्यबाट राजीनामा पास गरी खरिद गरी लिएको भन्ने मिसिल संलग्न र.नं. ५८२८ मिति २०४५।२।१० को राजीनामा लिखतबाट देखिन आएको छ। उक्त राजीनामाबमोजिमको जग्गा वादीले नै तिरो तिरान भोगचलन गर्दै आएकोमा मालपोत कार्यालयको मिति २०६६।२।२५ को निर्णयबाट वादीको नामबाट प्रतिवादीहरूको नाममा दाखिल खारेज नामसारी भएको तथ्यमा विवाद छैन। मालपोत कार्यालयले प्रतिवादीहरूको नाममा दाखिल खारेज गर्नुपर्ने मुख्य आधारको रूपमा यस अदालतबाट मिति २०३८।९।२ मा भएको फैसला र बारा जिल्ला अदालतको च.नं.९० मिति २०४०।४।८ को चलानी पुर्जीलाई लिएको पाइने।

विवादित जग्गा नामसारी गरिपाउँ भनी प्रतिवादीले दिएको निवेदन तामेलीमा राख्ने गरी भएको मालपोत कार्यालयको मिति २०६५।३।३१ को तामेली आदेशउपर पुनरावेदन अदालत हेटौंडामा परेको अ.वं. १७ नं. निवेदनमा आदेश हुँदा "दाखिल खारेज हुने नहुने सम्बन्धमा सम्बद्ध प्रमाण बुझी कारबाही किनारा गर्नु" भनी आदेश भएको देखिन्छ। मालपोत कार्यालयले तामेलीमा राखिसकेको फैसला कार्यान्वयनको विषय पुनरावेदन अदालतबाट बदर भएको देखिए तापनि सोझै प्रतिवादीहरूको नाममा दर्ता नामसारी गरी फैसला कार्यान्वयन गर्नु भन्ने आदेश भएको नपाइने। सम्बद्ध प्रमाण बुझी कारबाही किनारा गर्नु भनिसकेपछि जसको नामको दर्ता स्रेस्ता बदर गरेको हो, त्यो पक्षलाई सूचना दिई आफ्नो भनाइ राख्ने, प्रमाण पेस गर्ने मौका दिई दुवैतर्फको कुरा बुझी निर्णय गरिनु न्यायोचित हुने देखिन्छ। न्यायिक अर्धन्यायिक अधिकारीले निर्णय गर्नुपूर्व असर पर्ने पक्षलाई आफ्नो भनाई राख्न पाउने मौका दिएर मात्र निर्णय गर्नुपर्ने हुन्छ। यो प्राकृतिक न्यायको आधारभूत सिद्धान्त हो। सोविपरीत भए गरेका काम कारबाहीले कानूनी मान्यता पाउन सक्दैन। यसरी कानूनबमोजिम जग्गा खरिद गरी वर्षौंदेखि भोगचलन गरेका वादीको सम्पत्तिसम्बन्धी हकमा प्रत्यक्ष असर पर्ने गरी मालपोत कार्यालयबाट निर्णय गर्दा प्रतिवादको मौका दिएको नदेखिँदा प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन गरी निर्णय भएको देखिने।

मुद्दा चल्दाचल्दैको अवस्थामा हस्तान्तरण भएको सम्पत्तिको हकमा नयाँ स्वामीलाई बुझनुपर्ने व्यवस्था जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क मा रहेको छ। प्राकृतिक न्यायको सिद्धान्तको परिपालना गर्नकै लागि उक्त व्यवस्था गरिएको हो। यसरी अदालतले आफ्नो फैसला कार्यान्वयन गर्ने क्रममा समेत नयाँ स्वामीलाई बुझ्नुपर्ने

व्यवस्था रहेको सन्दर्भमा मालपोत कार्यालयले सम्बन्धित जग्गाधनीलाई थाहा जानकारी नदिई एकतर्फी रूपमा निर्णय गर्नसक्ने देखिँदैन। अधिकारप्राप्त अधिकारीबाट भएका निर्णयले कानूनी मान्यता पाउन त्यस्तो निर्णय स्वच्छ, निष्पक्ष र उचित प्रक्रिया पूरा गरी गरेको हुनुपर्छ । विवादित जग्गा वादीको नाममा दर्ता रहेको भएपछि निजको नामको स्रेस्ता बदर गर्दा निजको हक हितमा असर पर्नेमा विवाद छैन । वादीको नामबाट प्रतिवादीहरूका नाममा दाखिल खारेज नामसारी गर्ने निर्णय गर्नुअगाडि वादीलाई थाहा जानकारी नदिई एकतर्फी निर्णय गरिसकेपछि मात्र जानकारी दिएको देखिँदा मालपोत कार्यालयको मिति २०६६।२।२५ को निर्णय न्यायका मान्य सिद्धान्तविपरीत रहेको स्पष्ट देखिन्छ। न्याय र कानूनका सर्वमान्य सिद्धान्तविपरीत मालपोत कार्यालयबाट मिति २०६६।२।२५ मा भएको निर्णय कायम हुन सक्ने नदेखिने।

माथि विवेचित आधार कारणबाट अनुशरण एवम् पूर्ण न्यायको अवस्था सुनिश्चित गर्ने दृष्टिले हेर्दा निजलाई सुनुवाइको अवसर प्रदान गर्नु मनासिब देखी पुनरावेदक वादीले विधिवत् जग्गा खरिद गरी दर्ता स्रेस्तासमेत खडा भइरहेकोमा निजलाई बुझ्दै नबुझी सर्वोच्च अदालतको मिति २०३८।९।२ को फैसलाको मर्म र बारा जिल्ला अदालतको मिति २०४९।४।५ को पत्रसमेतको सम्बन्धमा विवेचना नगरी मालपोत कार्यालय, बाराको मिति २०६६।२।२५ को निर्णय दर्ता बदर गरी हक कायमसमेत गरिपाउँ भन्ने वादी दाबी पुग्न सक्दैन भनी बारा जिल्ला अदालतबाट मिति २०६८।३।१५ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६९।१२।११ मा भएको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ। जो जे बुझ्नुपर्ने हो बुझी कानूनबमोजिम पुनः निर्णय गर्नु भनी हाजिर रहेका पक्षहरूलाई मालपोत कार्यालय, बारामा उपस्थित हुन जानु भनी तारेख तोकी मालपोत कार्यालयको निर्णय मिसिलसमेत सोही कार्यालयमा पठाइदिने ठहर्ने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल मङ्सिर ११ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७२-CI-०१३३, ०७२-CI-११६१ र ०७२-CI-११६८, उत्प्रेषण / प्रतिषेध, *चन्द्रप्रसाद बरालसमेत वि. गोविन्दप्रसाद गजुरेलसमेत, रामबहादुर राईसमेत वि. गोविन्दप्रसाद गजुरेलसमेत र दिलमाया माझी वि. गोविन्दप्रसाद गजुरेलसमेत*

सुनसरी जिल्ला इटहरी ४(ख) कि.नं.४८६ को क्षेत्रफल ०-७-१६ जग्गा गोविन्दप्रसाद गजुरेल, तिर्थबहादुर राई र बलबहादुर राईको संयुक्त नाममा रहेको भन्ने मिसिल संलग्न जग्गाधनी दर्ता प्रमाण पुर्जाबाट देखिन आएको छ । उक्त जग्गाका जग्गाधनीहरूलाई थाहा जानकारी नदिई निजहरूको मन्जुरी नलिई सुकुम्बासी समस्या समाधान आयोग सुनसरीको मिति २०६७।७।१६ को निर्णयअनुसार सुकुम्बासीको रूपमा रहेका पुनरावेदकहरूलाई वितरण भएको भन्नेमा विवाद नदेखिने।

संविधानले कानूनको अधीनमा रही सम्पत्तिको आर्जन एवम् उपभोग गर्ने हक सुनिश्चित गरेको हुँदा संविधानप्रदत्त हक अधिकार हनन् हुने गरी भए गरेका काम कारबाहीले कानूनी वैधताप्राप्त गर्न सक्दैन। प्रस्तुत विवादमा कि.नं.४८६ को जग्गा निवेदकहरूको हक स्वामित्वमा रहेको स्पष्ट देखिन आएको अवस्था छ । यसरी व्यक्तिको हकभोग स्वामित्वअन्तर्गतको जग्गा राज्यले कानूनबमोजिम प्राप्त नगरी कोही कसैलाई वितरण गर्ने हैसियत राख्न सक्दैन। नेपालको वर्तमान संविधान र विद्यमान कानूनले सो कुरालाई स्वीकार गर्दैन। सुकुम्बासी समस्या समाधान आयोगले पनि विद्यमान कानूनको सिमा र अधीनमा रही आफ्नो अधिकारको प्रयोग गर्नुपर्नेमा विवाद हुन नसक्ने।

प्रमाण मिसिल संलग्न नापी शाखा सुनसरीले मालपोत कार्यालय, सुनसरीलाई पठाएको फिल्डबुक उतारमा पनि कि.नं.३३ बदर भई कि.नं.४८६, ४८७, ४९२ र ४९३ कायम भएको भन्ने उल्लेख भएको पाइन्छ । यसका साथै मालपोत कार्यालयको मिति २०५८।२।३१ को निर्णयले इटहरी ४ख कि.नं. ३३ फोड कि.नं. ४८६ को ०-७-१६ जग्गाको स्रेस्ता कार्यान्वयन भई हालका निवेदकहरूको नाममा कायम रहेको भन्ने मालपोत कार्यालयको लिखित जवाफबाट समेत देखिने ।

नापी शाखाबाट प्राप्त फिल्डबुक उतार एवम् मालपोत कार्यालयको लिखित जवाफबाट हाल कि.नं.३३ अस्तित्वमा रहेको भन्ने देखिँदैन । पुनरावेदकले जिकिर लिए जस्तो कि.नं.४८६ जग्गाको वैधता वा हक स्वामित्व आदि कुनै पनि कुरा विवादास्पद रहेको देखिँदैन । नेपाल सरकारको नाममा हाल अस्तित्वमा नरहेको कि.नं.३३ को जग्गा कित्ताकाट गरी सुकुम्बासी समस्या समाधान आयोगबाट वितरण भएको देखिँदा त्यस्ता कानूनविपरीतको कार्यबाट पुनरावेदकहरूले विधिवत् हक प्राप्त गरेको मान्न मिलेन । नेपाल सरकारको नाममा कायम रहेको कि.नं.३३ बाट कित्ताकाट भएको जग्गा वितरण भएको हुँदा २०६७ सालको सुकुम्बासी समस्या समाधान आयोगको निर्णय कार्यान्वयन हुनुपर्छ भनी विपक्षीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने । व्यक्तिको नाममा विधिवत् कायम रहेको विद्यमान कानून र संवैधानिक व्यवस्थाविपरीत अन्य कसैलाई वितरण गर्न पाउने अधिकार विपक्षी सुकुम्बासी समस्या समाधान आयोग, सुनसरीलाई नहुँदा निवेदकको जग्गा वितरण गर्ने उक्त आयोगको त्रुटिपूर्ण निर्णय बदर गर्ने गरी भएको पुनरावेदन अदालतको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ विवेचना गरिएका आधार कारणबाट जिल्ला सुनसरी इटहरी ४ख कि.नं.४८६ को ०-७-१६ जग्गा चन्द्रलाल श्रेष्ठबाट निवेदकहरूले खरिद गरेको देखिँदा त्यस्तो जग्गा देवकला बरालसमेतका विपक्षीहरूलाई प्रदान गर्ने गरी सुकुम्बासी समस्या समाधान आयोग, सुनसरीको मिति २०६७।०७।१६ को निर्णय र सोबमोजिम भए गरेका काम कारबाहीहरूसमेत उत्प्रेषणको आदेशद्वारा बदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरबाट भएको मिति २०७१।१२।३० को आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल फागुन ६ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा**, ०७२-CI-१०९८, निषेधाज्ञा / परमादेश, *रामकुमार देव वि. मालपोत कार्यालय, सप्तरीसमेत*

निषेधाज्ञाको निवेदनबाट कसैको हक सिर्जना वा समाप्त हुने नभई व्यक्तिको निर्विवाद हक स्वामित्व रहेको सम्पत्तिउपर गैरकानूनी हस्तक्षेप हुनबाट रोक्न मात्र यो आदेश जारी हुने हुन्छ । विवादित सम्पत्ति सम्बन्धमा निषेधाज्ञाको आदेश जारी हुन सक्दैन । यसरी व्यक्तिको निजी हक स्वामित्व र सरोकार रहेको सम्पत्तिको उपयोगमा कसैले बाधा अवरोध गरेमा त्यस्तो कार्यलाई रोकी यथाअवस्थामा पुऱ्याउन निषेधाज्ञाको आदेश जारी हुने भएकोले निवेदकले सर्वप्रथम दाबी गरेको सम्पत्तिउपर आफ्नो हक रहेको कुराको पुष्टि गर्न सक्नु पर्ने ।

प्रस्तुत विवादमा निवेदनमा उल्लिखित जग्गा छुट जग्गा दर्ता गरिपाउँ भनी श्यामनारायण चौधरीले चलाएको कारबाही हालसम्म नटुङ्गिएको भन्ने मालपोत कार्यालयको लिखित जवाफबाट देखिएको छ । यसका साथै सप्तरी जिल्ला अदालतको च.नं.१७४६ मिति २०६९।६।७ को चलन पुर्जीबाट मागअनुसार जग्गा दर्ता हुने भए श्यामनारायण

चौधरीको छोरा अशोकुमार चौधरीका नाममा जग्गा दर्ता नामसारी गरी दिनु भनी लेखी आएको भन्ने मालपोत कार्यालयको लिखित जवाफ बेहोराबाट देखिँदा विवादित सम्पत्तिमाथि निवेदकले गरेको दाबी उचित एवम् न्यायसङ्गत रहेको नदेखिने।

माथि विवेचित आधार कारणबाट विवादित जग्गामाथि निवेदकको निर्विवाद हक स्वामित्व रहेको भन्ने नदेखिएको अवस्थामा निवेदन माग एवम् यस अदालतमा लिएको पुनरावेदन जिकिरबमोजिम आदेश जारी गर्न मिल्ने देखिएन । तसर्थ निवेदन मागबमोजिमको आदेश जारी नहुने भनी निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।१।२१ मा भएको आदेश मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल भदौ २६ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CR-१४३८, बहुविवाह, *नेपाल सरकार वि. दयानन्द यादवसमेत*

प्रतिवादी दयानन्द यादवले निजकी जेठी श्रीमती जानकी देवी यादव हुँदाहुँदै प्रतिवादी सरस्वती मलाहसँग मिति २०६८।४।३० मा विवाह गरेको तथ्यमा विवाद भएन । प्रतिवादी दयानन्द यादवले अनुसन्धानको क्रममा बयान गर्दा सरस्वती देवी मलाहाको श्रीमान्ले निजलाई कुटपिट गरेपछि मेरो घरमा आई बसेको र पछि निजको श्रीमान्ले फकाई लगेपछि फेरि मेरो घरमा आई बसेकी हुँदा विवाह गरेको भनी आरोपित कसुर स्वीकार गरेका छन् । प्रतिवादी सरस्वती देवी मलाहले अनुसन्धानको क्रममा बयान गर्दा दयानन्द यादवको घरमा काम गर्दा निजसँग प्रेम भएको र निजको श्रीमतीले मेरो काम गरेको देखेपछि निज बिरामी भएकोले निजको श्रीमान्सँग विवाह गर्न मन्जुरी दिएकी थिइन भनी लेखाई दिएको देखिन्छ । दुवैजना प्रतिवादीहरूले अदालतमा उपस्थित भई बयान गर्दा जाहेरवाली जानकी देवी यादवको सहमतिमा निजहरूले विवाह गरेको हो भनी लेखाई दिएका देखिने।

जाहेरवाली जानकी देवी यादवले जिल्ला अदालतमा बकपत्र गर्दा निज बिरामी भएको र घरको काम गर्न सजिलो हुन्छ भनेर प्रतिवादीहरूलाई विवाह गर्न सल्लाह दिएको भनी उल्लेख गरेबाट निजको सहमतिमा विवाह भएको मान्नु पर्ने देखियो । निज जाहेरवालीलाई के रोग लागेको हो भन्ने कुरा निजको बकपत्रबाट खुलेको देखिँदैन । निजलाई विहावरीको महलको ९ नं. मा वर्णित रोग लागेको होइन भन्ने कुरा पनि अनुसन्धानबाट स्पष्ट हुन सकेको देखिँदैन । जेठी श्रीमतीको सहमति एवम् सल्लाहमा सरस्वती देवी मलाहसँग भएको देखिँदा निज प्रतिवादीहरूलाई अब आएर सजाय गर्दा न्यायोचित हुन सक्ने नदेखिने।

तसर्थ विवेचित आधार र कारणबाट प्रतिवादीहरू दयानन्द यादव र सरस्वती देवी मलाहालाई सफाइ दिने गरी मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७०।२।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामु शर्मा

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७४ साल मङ्सिर २० गते रोज ४ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की**, ०७३-CI-०९४७, निषेधाज्ञा, *उज्वलप्रसाद भण्डारी वि. भक्तबहादुर गुरूङसमेत*

निवेदक उज्वल भण्डारीको विपक्षीमध्येका

भक्तबहादुर गुरूङसँग कम्पनी सञ्चालनको सन्दर्भमा आपसी लेनदेनको विषय रहेको र सो विषयमा परेको उजुरीको आधारमा रकम तिर्न बाध्य पार्ने गरी काम कारबाही गर्ने आशङ्काको विद्यमानता रहेको भनी निषेधाज्ञाको आदेशको माग गरेको देखिन्छ । यस सम्बन्धमा हेर्दा विपक्षी प्रहरी कार्यालयलाई दुई पक्षको आपसी लेनदेनको विषयमा उजुरी लिने तथा सोको कार्यान्वयनको क्रममा व्यक्तिलाई पक्राउ गर्ने, उजुरीबमोजिमको रकम दिलाइ दिने, कागज गराउनेलगायतको काम कारबाही गर्ने अधिकार नरहेकोमा कुनै विवाद छैन । यद्यपि प्रस्तुत मुद्दाको सन्दर्भमा विपक्षीहरूको लिखित जवाफको अध्ययन गरी हेर्दा निवेदकले समेत साझेदार भनी स्वीकार गरेका विपक्षी भक्तबहादुर गुरूङले निवेदकले रू.२८,८०,०००।- ठगी गरी आफूलाई हानि नोक्सानी पारेको भनी आवश्यक कारबाहीको लागि जाहेरी दरखास्त दिएको र यसरी जाहेरी दरखास्त परेपश्चात् अनुसन्धानको प्रयोजनको लागि निवेदकलाई खोजी गरेको देखिन्छ । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ अनुसार ठगी जन्य कसुर नेपाल सरकार वादी हुने मुद्दा भई यसको अनुसन्धान गर्ने कार्य प्रहरीको हो । यसरी निवेदकको विरूद्धमा ठगीजन्य कसुर गरेको भनी जाहेरी दरखास्त परेको र सोको सम्बन्धमा अनुसन्धान गर्नको लागि प्रहरीले खोजी गरेको कार्यलाई अन्यथा मान्नु पर्ने अवस्था देखिँदैन । निवेदकले आफू र विपक्षी भक्तबहादुर गुरूङको बिचमा लेनदेन कारोबार भएको भनी जिकिर लिएको सम्बन्धमा विचार गर्दा निवेदक र विपक्षी भक्तबहादुर गुरूङको बिचमा भएको कारोबार यथार्थमा ठगी हो वा विशुद्ध लेनदेनको विषय हो भन्ने कुरा अनुसन्धानपश्चात् मात्र टुङ्गो लाग्ने विषय भएको हुँदा विपक्षी प्रहरी कार्यालयको अनुसन्धान गर्ने अधिकारमा हस्तक्षेप हुने गरी अदालतबाट कुनै प्रकारको आदेश जारी हुनु मनासिब नहुने ।

अतः विवेचित कारण र आधारमा निवेदकको विरूद्धमा ठगी मुद्दाको जाहेरी परेकोमा सो सम्बन्धमा अनुसन्धान गर्नको लागि विपक्षी प्रहरी कार्यालयले निज निवेदकलाई खोजी गरेको देखिएको र कानूनबमोजिम अनुसन्धान गर्न पाउने साधिकार निकायबाट अनुसन्धान गर्ने कार्यले निवेदकको कुनै पनि हक अधिकारमा आघात पर्ने अवस्था नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी नगरी रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत पाटनको मिति २०७३।४।१९ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री हरिकृष्ण कार्की**, ०७३-CI-१५९३, निषेधाज्ञा, *हरिशचन्द्र झा वि. विजयकान्त झासमेत*

रिट निवेदकले धनुषा जिल्ला, लोहना गा.वि.स. वडा नं.२ हाल उपमहानगरपालिका वडा नं. १७ अन्तर्गतको कि.नं.२२० को १-१-० जग्गा दर्ता रही भोगचलन गर्दै आएको भनी दाबी गरेको भए तापनि मिसिलसाथ संलग्न डायरीको प्रतिलिपिमा उक्त जग्गा २०४५।९।१ मा निवेदकले विपक्षी विजयकान्त झालाई बिक्री गरी सोही मितिबाट भोगचलन गरिआएको भन्ने देखिन्छ । त्यसैगरी विपक्षी विजयकान्त झाले सो जग्गामा ईँट्टाभट्टा सञ्चालन गर्नको लागि रामविलासलाई गरिदिएको करारनामाको कागज तथा मिति २०६९।१।१ गते होमनाथ प्रसादलाई प्रत्यर्थी विजयकान्त झाले मत्स्य पालनका लागि गरिदिएको ठेक्काको कागजबाट उक्त जग्गामा निवेदकको भोग रहेको देखिँदैन भने मिसिल संलग्न कागजबाट उक्त जग्गाको स्वरूपमा समेत परिवर्तन भई हाल पोखरीमा परिणत भएको देखिन्छ । निषेधाज्ञाको आदेश जारी हुनको लागि सम्पत्तिमा निर्विवाद हकभोग स्थापित भएको हुनुपर्छ । विवादित जग्गामा आफ्नो निर्विवाद

हकभोग रहेको भनी पुष्टि गर्न नसकेको अवस्थामा विपक्षीहरूको नाँउमा निषेधाज्ञाको आदेश जारी हुनुपर्छ भन्ने पुनरावेदन जिकिरसँग यो इजलास सहमत हुन नसकिने।

अतः विवेचित कारण र आधारबाट विवादित जग्गामा निवेदकको हक स्थापित भएको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी नगरी रिट निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत जनकपुरको मिति २०७३।५।७ को आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७०-WO-०९१७, उत्प्रेषण, चोभार ले भिलेज रिसोर्ट प्रा.लि.को तर्फबाट अख्तियार प्राप्त ऐ.का प्रबन्ध सञ्चालक थियोडर अलेक्जेण्डर स्टेनर्ट वि. पुनरावेदन अदालत पाटनसमेत

विपक्षी शोभा धितालसँग निजका नाउँ दर्ताको काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं.१४ को कि.नं.३२६ क्षे.फ.२-०-०-२ को जग्गा र सोमा भएको घर यी रिट निवेदकले रिसोर्ट सञ्चालनको लागि मासिक रू.१४३०।- भाडा तिर्ने गरी २०५८।५।१८।(३ सेप्टेम्बर, २००१) मा करार सम्झौता गरी जग्गा लिजमा लिएको पाइन्छ। सो करार सम्झौताको सर्त नं.३ मा सम्झौता अवधि १८ वर्षसम्म कायम रहने र दायित्व तथा अधिकारका सम्बन्धमा सम्झौताका अन्य दफाहरूमा सर्तहरू उल्लेख भएको पाइन्छ । उक्त सम्झौताको सर्त नं.१४ मा सम्झौता भङ्ग (Breach) गर्न सकिनेसमेतको व्यवस्था रहेको देखिन्छ। तर सम्झौताको अवधिभित्र रिट निवेदकको पूर्वस्वीकृतिबिना उक्त लिजमा लिएको घर जग्गा अन्य व्यक्तिलाई हक हस्तान्तरण गर्न नपाउने सर्तसमेत रहेको देखिने।

सम्झौताको दफा १४ हेर्दा सम्झौता अवधि १८ वर्षसम्म विपक्षी दाबीकर्ताको पूर्व स्वीकृति विना उक्त भाडाको घर जग्गा बिक्री गर्ने, अन्य व्यक्तिलाई भाडामा लगाउने, नष्ट गर्ने, हक हस्तान्तरण गर्न नपाउने र कुनै बैंक वा वित्तीय संस्थामा धितो राखी ऋण लिन नपाउने गरी बन्देज लगाएको छ। रिट निवेदकले करार अवधिभित्र उक्त घर जग्गा खरिद गर्न चाहेमा घर जग्गा खरिद गर्ने अग्राधिकार रिट निवेदकलाई प्रदान गर्नुपर्ने भन्ने सर्त रहेको हुँदा उक्त सर्तअनुसार नै विपक्षी शोभा धितालले प्रस्तावित बिक्री मूल्य उल्लेख गरी समय सीमा तोकी रिट निवेदकसमक्ष पत्र पठाएकोमा समय सीमाभित्र रिट निवेदकले विपक्षीले प्रस्ताव गरेको मूल्यमा खरिद गर्न पूर्णतया असहमत भई विपक्षीलाई ३० डिसेम्बर २००९ मा पत्राचार गरेको पाइन्छ । तत्पश्चात् विपक्षीले अनुज विक्रम थापासँग सम्झौता गरेको भनी घर जग्गा खाली गर्न ३५ दिने म्याद रिट निवेदक दाबीकर्तालाई दिएको देखिन्छ । उक्त म्यादभित्र खाली नगरेमा निज अनुज विक्रम थापाले नै घर जग्गा खाली गराउने प्रक्रिया सुरू गर्ने छन् भनी रिट निवेदकलाई मिति २०६६।१२।३० मा जानकारी गराएको पाइन्छ। तथापि करारबमोजिमको घर जग्गामा यी विपक्षी शोभा धिताल वा हा.ब.पाउने व्यक्ति भवानी धिताल तथा हा.ब. को लिखत हुनुपूर्व विपक्षी शोभा धितालको घर जग्गा खरिद गर्ने भनी सम्झौता गर्ने अनुज विक्रम थापामध्ये कसैले यी रिट निवेदक दाबी कर्तालाई बहालको घर जग्गाबाट उठाउने वा हटाउने कार्य गरे गराएको नदेखिएको, रिट निवेदकले हालसम्म उक्त घर जग्गा आफ्नो कब्जामा राखी रिसोर्ट सञ्चालन गरी रहेका र सम्झौता अवधिसमेत थोरै बाँकी रहेको अवस्था विद्यमान रहेको छ । करार सम्झौताबमोजिम दाबीकर्ता बहालको घर जग्गा उपयोग गर्नमा वञ्चित भएको नदेखिँदा करार सम्झौता उल्लङ्घन तथा भङ्ग भएको वा करार बदर तथा समाप्ति भएको भन्न मिल्ने

अवस्था देखिन नआउने ।

विपक्षी शोभा धितालले तेस्रो पक्ष अनुज विक्रम थापासँग घर जग्गा बिक्री गर्ने करार गरी २०६६।१२।३० मा यी रिट निवेदकलाई घर जग्गा खाली गर्न ३५ दिने सूचना म्याद दिई पत्र पठाउने कार्य भएपछि मात्र विवाद परेको मान्नु पर्ने हुन्छ । यी विपक्षी आफू स्वयम् मध्यस्थको कारबाहीको प्रक्रियाको चरणमा आफू सहभागी भइरहेको देखिँदा मध्यस्थको निर्णयपश्चात् परेको यस प्रस्तुत रिट निवेदनको लिखित जवाफमा उठाइएको हदम्यादको प्रश्न सान्दर्भिक नदेखिने ।

विवाद परेपछि यी रिट निवेदकले करारबमोजिम उपयुक्त आदेश जारी गरिपाउँ भनी पुनरावेदन अदालत पाटनमा निवेदन गर्दा उक्त अदालतबाट प्रस्तुत विवाद मध्यस्थबाट निरूपण हुनुपर्ने भनी २०६७।१।२० मा निवेदन खारेज भएपछि सोको भोलिपल्ट एकल मध्यस्थसमक्ष रिट निवेदकको क्षतिपूर्ति दाबीको निवेदन पर्दा विभिन्न शीर्षकमा रिट निवेदकलाई विपक्षी शोभा धितालबाट रू.१,२९,७५,०००।– क्षतिपूर्ति दिलाउने गरी निर्णय भएको देखिन्छ । सो क्षतिपूर्तिको रकम भराइदिने गरी एकल मध्यस्थबाट भएको निर्णय बदर गरिपाउँ भनी विपक्षी शोभा धितालले पुनरावेदन अदालत पाटनमा निवेदन गरेकीमा पुनरावेदन अदालत पाटनबाट प्रस्तुत मुद्दाका विषयमा वस्तुपरक ढङ्गबाट विश्लेषण गरी यी रिट निवेदकले अदालत र मध्यस्थकर्तासमक्ष मुद्दा मामिला गर्दा बेहोर्नु परेको झन्झट तथा हैरानीसमेतलाई विचार गरी मुद्दा मामिला (मध्यस्थको पारिश्रमिकसमेत) मा भएको खर्चको क्षतिपूर्तिबापत रू.२,५०,०००।- र अन्य मुद्दा मामिलासमेत गर्दा कानून व्यवसायीको परामर्श, बहस गरेबापतको भुक्तानी रकमको बिल भर्पाई रिट निवेदक दाबी कर्ताबाट पेस भएमा सो खर्चसमेत विपक्षी शोभा धितालबाट रिट निवेदक दाबी कर्ता चोभार ले भिलेज रिसोर्ट प्रा. लि.लाई भराइदिने ठहर गरेको हदसम्मको निर्णय न्यायोचित भई सोबाहेक दाबीउपरको वास्तविकताको छानबिन तथा स्वतन्त्र रूपमा मूल्याङ्कन नगरी केबल भावनात्मक रूपमा लेखा परीक्षणको प्रतिवेदन, रिसोर्टका तस्वीर बगैंचा निर्माणको खर्च, आगामी बाँकी करार अवधिमा हुन सक्ने मुनाफा, ख्याती, वेभसाइट निर्माणमा भएको खर्च इत्यादिमा अलगअलग रूपमा रिट निवेदक दाबीकर्तालाई क्षतिपूर्ति भराउने गरी एकल मध्यस्थबाट भएको निर्णय मध्यस्थता ऐन, २०५५ को दफा ३०(२) को देहाय १ को खण्ड (ग) र (घ) विपरीत देखिन आएबाट माथि उल्लिखित उक्त मुद्दा मामिला खर्चबाहेकका अन्य शीर्षकहरूमा विपक्षी शोभा धितालबाट वादीकर्ता रिट निवेदक चोभार ले भिलेज रिसोर्ट प्रा.लि.लाई भराउने गरी एकल मध्यस्थबाट २०६९।२।३० मा भएको निर्णय मध्यस्थ ऐन, २०५५ को दफा ३०(२) बमोजिम बदर हुने भनी भएको पुनरावेदन अदालत पाटनको फैसला न्यायको रोहमा असान्दर्भिक नदेखिँदा रिट निवेदकलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३, १९ ले प्रदान गरेको हकमा असर परेको देखिएन । अत: पुनरावेदन अदालत पाटनको मिति २०७०।०९।१९ को फैसला नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा १०७(२) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद अधिकारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल असार २७ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०७१-WO-००६२, उत्प्रेषण / परमादेश, *शोभा धिताल वि. पुनरावेदन अदालत पाटनसमेत* भएको रिट निवेदनमा पनि यसै प्रकृतिको आदेश भएको छ ।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CI-०१३५, लिखत दर्ता बदर, भवानी धिताल वि. चोभार ले भिलेज रिसोर्ट प्रा. लि.का तर्फबाट अख्तियारप्राप्त प्रबन्धक सञ्चालक थियोडर अलेक्जेण्डर स्टेनर्स

करार गर्ने पक्षहरूका लागि आपसी मन्जुरीले गरेको करार कानूनसरह लागू हुने भनी सुरू जिल्ला अदालत र पुनरावेदन अदालत पाटनको फैसलामा आधार लिए तापनि नेपालको संविधानको धारा १ मा संविधानलाई मूल कानूनको रूपमा मानिएको र यस संविधानसँग बाझिने कानून बाझिएको हदसम्म अमान्य हुनेछ भन्ने संवैधानिक व्यवस्थालाई पनि ध्यानमा राख्नुपर्ने हुन्छ । त्यसै गरी संविधानको धारा २५ मा सम्पत्तिको हकको व्यवस्था छ जसमा प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ भनिएको छ, यस आधारमा पनि निवेदक प्रतिवादी आफ्नो घर जग्गा बिक्री गर्न पाउने कुरामा स्वतन्त्र नै देखिने ।

मालपोत कार्यालयबाट विधिवत् रोक्का रहेको जग्गाको हक हस्तान्तरण मात्र मुलुकी ऐन, जग्गा मिच्नेको ९ नं. आकर्षित हुने हो, यहाँ उक्त घर जग्गा निवेदक प्रतिवादीबिच हक हस्तान्तरण हुँदा सम्बन्धित मालपोत कार्यालयको स्रेस्तामा रोक्का जनिएको अवस्थासमेत नदेखिँदा निवेदक / पुनरावेदक प्रतिवादीहरूले उक्त घरजग्गा आपसमा हक हस्तान्तरण गरी दिनु लिनु गरी पारित भएको हालैको बकसपत्रको र.नं.४५४(ख) मिति २०६७।४।१९ को लिखत कानूनप्रतिकूल देखिन नआउने ।

तसर्थ माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट वादी दाबीबमोजिम निवेदक प्रतिवादीहरूबिच आपसमा दिनु लिनु गरी र.नं.४५४(ख) बाट पारित भएको मिति २०६७।४।१९ को हालैको बकसपत्रको लिखत बदर गरी उक्त घरजग्गा निवेदकमध्येकी शोभा धितालको नाउँमा पूर्ववत् कायम हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६९।३।७ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७०।९।१९ को फैसला न्यायको रोहमा मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । सो ठहर्नाले निवेदन दाबीबमोजिम पुनरावेदक प्रतिवादी शोभा धिताल दिने र निवेदक पुनरावेदक प्रतिवादी भवानी धिताल लिने गरी मिति २०६७।४।१९ मा र.नं.४५४ख बाट पारित हालैको बकसपत्रको लिखत सदर कायम हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद अधिकारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ असार २७ गते रोज ३ शुभम् ।

- यसै प्रकृतिको ०७२-CI-०१३४, बहाल भराई घरबाट निष्काशन गरिपाऊँ, *भवानी धिताल वि. चोभार ले भिलेज रिसोर्ट प्रा. लि.का तर्फबाट अख्तियार प्राप्त प्रबन्धक सञ्चालक थियोडर अलेक्जेण्डर स्टेनर्स* भएको मुद्दामा पनि यसै प्रकृतिको फैसला भएको छ ।

५

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-WO-०४२८, उत्प्रेषण, राम मिलन कुर्मी वि. कपिलवस्तु जिल्ला अदालतसमेत

निवेदक राममिलन कुर्मीसँग विपक्षी दिनेश कहारले मिति २०७०।५।१८ मा कपाली तमसुक गरी ऋण लिएकोमा निजले भाखाभित्र ऋण चुक्ता नगरेकोले ऋण असुल गरिपाउँ भनी मिति २०७१।१२।२९ मा निवेदकले कपिलवस्तु जिल्ला अदालतमा लेनदेन मुद्दा दायर गरेको र उक्त अदालतबाट मिति २०७२।६।१२ मा वादी (निवेदक) ले साँवा ब्याज भराई पाउने ठहरी भएको फैसला अन्तिम भई बसेको देखिन्छ । सो फैसलाबमोजिमको बिगो र कोर्ट फी भराइ पाउँ भनी

वादी यी निवेदक राममिलन कुर्मीले मिति २०७२।७।१५ मा कपिलवस्तु जिल्ला अदालतमा दरखास्त दिई भरी भराउको कारबाही चलिरहेकोमा प्रतिवादी दिनेश कहार र निजका बाबु रामचन्द्र कहारबिच घरसारमा मिति २०७२।२।१ मा अंश भरपाईको लिखत गरी मिति २०७२।७।१२ मा अंश भरपाई लिखत पास गरेको देखिन्छ । यी प्रतिवादी दिनेश कहारले लिएको साँवा ब्याज तिर्नुपर्ने ठहरी मिति २०७२।६।१२ मा फैसला भइसकेपछि सोको १ महिनापछि मिति २०७२।७।१२ मा अंशबापत नगद रू.१,००,०००।– (एक लाख रूपैयाँ) बुझी लिई अंश भरपाई गरी लिए दिएको देखियो । विपक्षीहरू दिनेश कहार र पिता रामचन्द्र कहार बाबु छोरा भई अंशियार भएबाट साहुको लेनदेन मुद्दा परी लेनदेनको बिगो भरिपाउने ठहरी फैसला भइसकेपश्चात् उक्त फैसला हुँदासम्म एकासगोलमा रहेको देखिएका यी विपक्षीहरूले एक आपसमा मिलेमतो गरी विपक्षी दिनेश कहारले अंशबापत रू.१,००,०००।– (एक लाख रूपैयाँ) नगद बुझी लिएको बेहोराको अंश भरपाई पारित गरेको देखिन आएबाट अदालतको फैसलाले निवेदकले भराई पाउने ठहरेको साँवा ब्याज नतिर्ने मनसायबाट प्रेरित भई सो कार्य गरेका रहेछन् भन्ने स्पष्ट देखिन आउने।

लेनदेन व्यवहारको ९ नं. ले घरको मुख्यबाहेक उमेर पुगेका अरूले गरेको व्यवहारमा सगोलको धनमा ऋणीको हक नपुगेसम्म साहुले सो धन समाउन नपाउने गरी बन्देज लगाएको देखिन्छ। प्रस्तुत विवादमा प्रचलित कानूनमा रहेको यो व्यवस्थाबाट मिति २०७०।५।८ को तमसुकमा साक्षी नबसेका घरको मुख्य व्यक्ति देखिएका ऋणी विपक्षी दिनेश कहारका पिता विपक्षी रामचन्द्र कहारले छोराले गरेको व्यवहारको दायित्व बेहोर्न पर्ने अवस्था देखिँदैन । तर उक्त लेनदेन मुद्दाका प्रतिवादी दिनेश कहार र निजका बाबु रामचन्द्र कहार कर्जा लिँदा एकासगोलमा रहेको भन्ने निजहरूबिच मिति २०७२।७।१२ मा अंश भरपाई लिखत पारित गरेकोबाट देखिन्छ । माथि उल्लेख भएअनुसार उक्त लेनदेन मुद्दामा यी निवेदकले विपक्षी दिनेश कहारबाट साँवा ब्याज भराई पाउने ठहरी फैसला भएपछि अचलसम्पत्ति उल्लेख नगरी छोरा ऋणीले अंशबापत नगद मात्र लिई उक्त अंश भरपाई पारित गरेको भन्ने देखियो । एकासगोलका ऋणीका पिता विपक्षी रामचन्द्र कहारका नाममा अचल सम्पत्ति रहेको भन्ने साहु निवेदकले फैसलाबमोजिम भरिभराउका लागि जिल्ला अदालतमा दिएको निवेदनबाट देखिएको छ। माथि उल्लिखित प्रचलित कानूनी व्यवस्थाअनुसार साहु यी निवेदकबाट लिएको कर्जा नतिर्ने बदनियतसाथ विपक्षीहरूले त्यस्तो व्यवहार गरेका रहेछन् भन्ने स्पष्ट देखिन्छ । एकासगोलमा रहेका छोराले कर्जा लिएको थाहा नभएको र छोरा लागु औषधको दुर्व्यसनी रहेको भन्ने पुष्टि हुने कुराको तथ्ययुक्त आधार विपक्षी पिता रामचन्द्र कहारले लिखित जवाफमा खुलाएको देखिँदैन । सगोलमा रहेका ऋणीका पिताको नाममा जग्गा रहेको हुँदा त्यसबाट आफ्नो कर्जा असुल हुने विश्वासमा निवेदकले कर्जा दिएको हुन सक्ने देखिएको र लेनदेन मुद्दामा फैसला भएपछि विपक्षीहरूले उल्लिखित अंश भरपाईको लिखत पारित गर्नुको तात्पर्य निवेदक साहुबाट लिएको कर्जा छल्नु नै रहेको स्पष्ट देखिन्छ । यस्तो अवस्थामा कर्जा लिँदाका अवस्थामा सगोलमा रहेका पिताका नाममा रहेको जग्गामा ऋणी विपक्षीको अंश भागबाट कर्जा असुल नहुने भन्न मिल्ने देखिन नआएकोले उक्त अंश भरपाईको आधारमा पिताबाट ऋणी छोरा छुट्टी भिन्न भएको भन्ने आधारमा पिताको नाममा रहेको जग्गाबाट कर्जा असुल हुन नसक्ने गरेको कपिलवस्तु जिल्ला अदालतको मिति २०७३।४।२८ को आदेश सदर गर्ने गरेको उच्च अदालत, तुलसीपुर, बुटवल इजलासको आदेश कानूनसम्मत रहेको भन्न मिल्ने नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब विपक्षी ऋणी प्रतिवादी दिनेश कहारको अंशभागमा

पर्ने जति जग्गा रोक्का गरी जो जे बुझ्नुपर्ने बुझी फैसला कार्यान्वयन गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत: शोभा पाठक

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल मङ्सिर ३ गते रोज २ शुभम्।

- यसै लगाउको ०७४-WO-०२००,उत्प्रेषण/परमादेश, *राम मिलन कुर्मी वि. उच्च अदालत, तुलसीपुरसमेत* भएको रिट निवेदनमा पनि यसैअनुसारको आदेश भएको छ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री तेजबहादुर के.सी.,** ०७५-WH-००१२, बन्दीप्रत्यक्षीकरण, *श्रीकुमार श्रेष्ठ वि. काठमाडौं जिल्ला अदालतसमेत*

वादी नेपाल सरकार र प्रतिवादी निज रिट निवेदक श्रीकुमार श्रेष्ठसमेत भई पुनरावेदन अदालत पाटनको वाणिज्य इजलासमा संवत् २०६९ सालको FJ-०१२१ नं. को बैङ्किङ कसुर मुद्दा चलेको देखियो। उक्त मुद्दाको कारबाहीको क्रममा अदालतबाट निज निवेदकका नामको म्याद मिति २०७०।२।५ मा निजको घरदैलोमा टाँस भई तामेल भएको देखिन्छ। म्याद तामेल हुँदा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं २५ बस्ने श्रीकुमार श्रेष्ठको नामको ३० दिने समाह्वान म्याद भनी "कारणी मानिस र निजका एकाघरका जहानसमेत घरमा फेला नपरेको हुँदा तपसिलका साक्षीका रोहबरमा निजको घर दैलोमा टाँस भएको" देखिन्छ भने तपसिलको साक्षीमा सो वडाका २ जना स्थानीय व्यक्ति र रोहबरमा का.म.न.पा. वडा नं. २५ का वडा सचिव रहेको देखिन्छ। पछि उक्त मुद्दामा पुनरावेदन अदालत पाटनबाट फैसला हुँदा निज निवेदकलाई बैङ्किङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५(२)(ग) बमोजिम २ वर्ष कैद र बिगो रू.४५,००,०००।– क्रिस्टल फाइनान्सलाई भराई बिगोबमोजिम जरिवाना हुने ठहरी मिति २०७१।८।२१ मा फैसला भएको देखिने।

निवेदकको घरमा म्याद तामेल हुँदा साक्षीहरूमा नारायण श्रेष्ठ र दिलबहादुर श्रेष्ठ र रोहबरमा काठमाडौं जिल्ला का.म.न.पा वडा नं.२५ का वडा सचिव सुदर्शन भट्टराईको सहीछापसमेत गराई निज निवेदकको नाममा ३० दिने म्याद सूचना मिति २०७०।२।५ मा निजको घरदैलोमा टाँस भएको देखिन्छ। निवेदक स्वयम्ले निवेदनमा आफू मिति २०७०।२।९ मा थुनामुक्त भएको कुरा उल्लेख गरेको अर्थात् म्याद तामेल भएको ४ दिन व्यतित भएको २६ दिन बाँकी नै रहेको स्थितिमा निजका घर दैलोमा टाँस भएको निजका नामको ३० दिने अवधिको म्यादबारे निज अनभिज्ञ, बेखबर रहेछन् भन्ने अर्थ गर्नु औचित्यपूर्ण हुने देखिँदैन। म्यादवाला फेला नपरेमा निजको घरदैलोमा म्याद तामेल गर्न सकिने ऐनमा नै व्यवस्था रहेको छ भने म्याद तामेल गर्दा उक्त ऐनले तोकेको प्रक्रियाविपरीत कुनै कार्य भए गरेको स्थिति देखिएको छैन। साथै मिसिल संलग्न निवेदकको नागरिकताको प्रतिलिपि हेर्दासमेत निज निवेदकको स्थायी ठेगाना रहे भएको ठाउँमा नै निजको नामको म्याद तामेल भएको भन्ने देखिन्छ। एकातिर सो म्याद तामेल भएको वतन आफ्नो नरहेको भन्ने निवेदकको जिकिर रहेको छैन भने अर्कोतिर आफ्नो नाममा तामेल भएको म्याद के, कति कारणले बेरितको हुन गएको हो सो कुरा निजले स्पष्ट गर्न नसकेको स्थिति छ। साथै घर दैलोमा म्याद तामेल गर्दा सम्बन्धित गा.वि.स. वा नगरपालिकाको प्रतिनिधि अनिवार्य रूपमा रोहबरमा राख्नुपर्ने कानूनी व्यवस्था प्रस्तुत मुद्दामा पूरा नगरेको भन्ने अवस्थासमेत नदेखिने।

म्याद तामेलीको प्रक्रियालगायतका काम

कारबाही पूरा गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।८।२१ को फैसला कार्यान्वयनका सिलसिलामा थुनामा रहेका देखिने निज निवेदकको थुना गैरकानूनी रहेको भन्ने नदेखिँदा निवेदकका तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

निवेदकउपर दायर मुद्दामा म्याद तामेल रीतपूर्वक नै भए गरेको देखिएको र उक्त मुद्दाको काम कारबाही कानूनसम्मत तवरबाट भई मुद्दामा फैसलासमेत भई फैसला कार्यान्वयनका क्रममा निज निवेदक थुनामा रहेको देखिएको अवस्था एवम् मिसिल संलग्न आधार प्रमाणको विश्लेषणबाट विपक्षीहरूको काम कारबाहीबाट निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको अवस्थाको विद्यमानता नदेखिँदा विपक्षीहरूको नाममा निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल भदौ २६ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७४-CR-०७६१, उत्प्रेषण, *अविनाश ध्वज जोशी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदकले त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान, डिनको कार्यालय, परीक्षा नियन्त्रण महाशाखा महाराजगन्जबाट प्रकाशित चिकित्साशास्त्रअन्तर्गतका आङ्गिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरूको लागि स्नातकोत्तर तहमा नयाँ भर्ना गर्न लिइने प्रवेश परीक्षामा सहभागी भई सो प्रवेश परीक्षा उत्तीर्ण गरेको १ अप्रिल २०१८ मा प्रकाशित नतिजाबाट देखिएको र प्रवेश परीक्षापश्चात् तोकिएका सबै प्रक्रिया पूरा गरी भर्नाको लागि लाग्ने दस्तुरसमेत दाखिल गरेको पनि देखिएको छ । सरकारी शिक्षण संस्थाहरूमा चिकित्साशास्त्र छात्रवृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, २०७२ को दफा २ मा सरकारी सेवाका चिकित्सकको परिभाषामा सरकारी सेवाका चिकित्सकहरूमा प्रहरी सेवामा कार्यरत रहेका चिकित्सकलाई छुट्टै वर्गीकरण गरेको देखिँदैन। नेपाल सरकारबाट निर्मित उक्त कार्यविधिको दफा २३ मा निर्देशन दिन सक्ने शीर्षकमा "यस कार्यविधिबमोजिमको काम कारबाही प्रभावकारी रूपले सम्पादन गर्ने सिलसिलामा मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ" भन्ने उल्लेख भएको र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले च.नं. २।१७९, मिति २०७२।६।५ र २०७२।६।२१ को पत्र सङ्ख्या २।२३१ को त्रिभुवन विश्वविद्यालय चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगन्ज, काठमाडौंसमेतलाई निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा लेखेको पत्रमा उक्त कार्यविधिको दफा २३ अन्तर्गत नेपाल सरकारको मिति २०७२।६।१ मा भएको निर्णयबाट नेपाल प्रहरी, सशस्त्र प्रहरी बलमा कार्यरत चिकित्सकलाई "ग" वर्गमा वर्गीकरण गरेको र सोही आधारमा चिकित्साशास्त्र अध्ययन संस्थान, डिनको कार्यालयको च.नं. २९४।०७४।०७५ को क्याम्पस प्रमुख महाराजगन्ज चिकित्साशास्त्र क्याम्पसलाई लेखेको मिति २०७५।१।१२ को पत्रबाट मिति २०७५।६। मा भएको काउन्सिलिङबाट विषय छनौट गरेका यी निवेदकसमेतको नतिजा रद्द गर्ने निर्णय भएको भनी उल्लेख गरेको देखिन्छ । उक्त पत्रहरू उल्लिखित कार्यविधि, २०७२ को उद्देश्यअनुरूप नभएको र निवेदकले प्रवेश परीक्षाको सम्पूर्ण पूर्वाधार पूरा गरी भर्ना शुल्कसमेत बुझाइसकेको देखिँदा निजलाई अध्ययन गर्ने अधिकारबाट वञ्चित गरिँदा निजको मौलिक अधिकारमा नै गम्भीर असर पर्ने देखिने।

सरकारी शिक्षण संस्थाहरूमा चिकित्साशास्त्र

छात्रवृत्ति छनौट तथा छात्रवृत्ति प्राप्त विशेषज्ञ चिकित्सक परिचालन कार्यविधि, २०७२ नेपाल सरकार मन्त्रिपरिषद्‌ले बनाई उक्त कार्यविधिको अधीनमा रही सरकारी सेवामा रहेका चिकित्सक कर्मचारी र अन्य नेपाली नागरिकसमेतलाई छात्रवृत्ति प्रदान गर्ने उद्देश्यले कार्यविधि बनेकोमा सोही कार्यविधिअनुरूप विपक्षी नं. ३ ले मिति २०७४।११।१३ गते प्रकाशित प्रवेश परीक्षाको सूचनाको द्रष्टव्यको १० नं. मा नेपाल सरकार स्वास्थ्य मन्त्रालयको लागि छुट्याइएको सिटहरूमा सो मन्त्रालयबाट मनोनयन भई परीक्षा उत्तीर्ण भएका परिक्षार्थीहरूबीच मात्र प्रतिस्पर्धा गराई उत्तीर्ण परिक्षार्थीहरूलाई योग्यताक्रमअनुसार भर्ना लिइने छ भनी स्पष्टरूपमा उल्लेख गरिएको देखिन्छ । सो सूचनामा सरकारी चिकित्सकको कुनै वर्गीकरण नगरिएको, Merit List को आधारमा भर्ना लिइने भनी उल्लेख भएको, सोहीअनुसार निवेदक छनौट भई योग्यताक्रममा निजको नाम रही विषय छनौटसमेत भई Open House Counseling मा समावेश गराई निवेदकलाई भर्ना हुन आउनु भन्ने सूचना प्रेषित भई निवेदकले भर्नाबापत रकमसमेत जम्मा गरी सकेको अवस्थामा निजलाई जानकारी नगरी विपक्षी डिन कार्यालयद्वारा जारी पत्र कानूनसम्मत देखिएन । चिकित्सक परिचालन कार्यविधिको व्यवस्थालाई नै अन्यथा हुने गरी भएको मिति २०७२।६।१ को निर्णय र सो निर्णयको आधारमा भएको पत्राचार र तत्सम्बन्धका निर्णयका आधारमा निवेदकलाई सुनुवाइको मौकासमेत नदिई निजको नतिजा रद्द गरी भर्ना नलिने भनी मौखिक जानकारी गराउने कार्य प्राकृतिक न्यायको सिद्धान्तसमेतको प्रतिकूल रहेको देखिने।

मन्त्रिपरिषद्‌ले बनाएको कार्यविधिविपरीत गई वर्गीकरण गर्ने अधिकार मन्त्रीलाई रहेको देखिँदैन । मन्त्रिपरिषद्‌ले बनाएको कार्यविधिभन्दा बाहिर गई आफ्नो एकल हिसाबले मन्त्री एक्लैले वर्गीकरण गर्न पाउने हुँदैन, निर्देशनसम्म दिन सक्ने हुन्छ। कार्यविधिमा संशोधन गर्ने हो भने मन्त्रिपरिषद्‌ले नै गर्नुपर्छ । निर्देशन दिने र कार्यविधिमा वर्गीकरण गर्ने भन्ने कुरा अलगअलग विषय भएको हुँदा कार्यविधिविपरीत गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको मिति ०७२।०६।०१ को निर्णय र सो निर्णयको आधारमा प्रेषित भएको मिति ०७२।६।५ को पत्र र सो आधारमा विपक्षी चिकित्सा शास्त्र अध्ययन संस्थान डिनको कार्यालयद्वारा मिति ०७५।१।१२ मा भएको पत्राचारको आधारमा निवेदकको नतिजा रद्द गर्नेलगायतका काम कारबाही र तत्सम्बद्ध निर्णयसमेत उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। यस अदालतबाट मिति २०७५।१।१६ मा अन्तरिम आदेश जारी भई मिति २०७५।१।१६ मा प्राप्त भएकोले प्रवेश परीक्षा समितिबाट मिति २०७५।१।९ मा Open house counseling गरी मिति २०७५।१।१० मा प्रकाशित नतिजालाई नै कायम गर्ने र सोअनुसार भर्नाको लागि क्याम्पसमा पठाउने निर्णय गरी क्याम्पसमा भर्नाको लागि पठाइएअनुसार निवेदक क्याम्पसमा भर्ना भई पढाइ जारी रहेको भन्ने विपक्षी त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थान एवम् डिन कार्यालयको तर्फबाट परेको लिखित जवाफबाट देखिँदा परमादेश जारी गर्नुपर्ने नदेखिने।

इजलास अधिकृत: हिरा डंगोल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल भदौ ३१ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७५-WO-०१५२, उत्प्रेषण / परमादेश, *योगकुमारी चापागाई वि. उच्च अदालत विराटनगरसमेत*

कित्ता नं. ७२७ को जग्गा रिट निवेदिका योगकुमारी चापागाइँको नाउँ दर्तामा रहेकोमा कुनै विवाद छैन। रिट निवेदिकाले उक्त रोक्का राखिएको

जग्गा मुलुकी ऐन, अंशबन्डाको १८ नं. तथा स्त्री अंशधनको १ र ५ नं. बमोजिम अन्य अंशियारहरूको अंश हक नलाग्ने एकलौटी हक भोग र स्वामित्वको जग्गा रहेको जिकिर लिएको देखिन्छ । सो कानूनी व्यवस्थाहरूले आफ्नो आर्जनको सम्पत्ति निजी ठहरी आफूखुसी गर्न पाउने हक सुनिश्चित गरी त्यस्तो सम्पत्ति बन्डा गर्न कर लाग्दैन भन्ने व्यवस्था गरेकोमा दुईमत रहेन । तर सो भन्दैमा बुबा वा आमाले निजी आर्जन वा जुनसुकै बेहोराबाट प्राप्त गरेको सम्पत्तिमा सन्तानको अंश हक नलाग्ने वा सो सम्पत्ति सन्तानहरूको बिच बन्डा नलाग्ने भन्ने हुँदैन । बुबा वा आमाले जुनसुकै बेहोराबाट सम्पत्ति प्राप्त गरेपनि छोरा छोरीको हकमा भने स्वतः पैतृक सम्पत्ति भई अंश हक सिर्जना हुने हुन्छ । तसर्थ, प्रस्तुत मुद्दामा कित्ता नं. ७२७ को जग्गा निवेदिका योगकुमारी चापागाइँको नाम दर्ताको जग्गा भए तापनि उक्त सम्पत्तिमा निजको छोरीको हैसियतकी विद्या सरकारको हक नलाग्ने कुनै आधार नदेखिने।

उच्च अदालतबाट कित्ता नं. ७२७ समेतका जग्गाहरू रोक्का हुने गरी आदेश हुँदा सम्पूर्ण जग्गा रोक्का राख्ने गरी नभई विद्या सरकारको अंश भाग पर्ने जतिसम्म मात्र रोक्का राख्ने गरी आदेश भएको प्रस्ट देखिन्छ । सोहीबमोजिम उक्त जग्गाहरूको ५ भागको १ भाग मात्र रोक्का रहेको भन्ने मिसिल संलग्न कागजातबाट देखियो । यसबाट विद्या सरकारको अंशहकबाहेकका जग्गाहरू लेनदेन मुद्दामा रोक्का नरहेको हुँदा रिट निवेदिकाले जिकिर लिएबमोजिम निजको संवैधानिक तथा कानूनी हक अधिकारमा आघात परेको भन्ने नदेखिने।

अतः विवेचित आधार र कारणहरूबाट रिट निवेदिकाको नाममा जग्गाधनी प्रमाण पुर्जा रहेको कित्ता नं.७२७ को जग्गामा निजको छोरी हैसियतकी विद्या सरकारको अंश हक लाग्ने नै देखियो । तसर्थ, उच्च अदालत विराटनगरबाट उक्त कित्ता नं.७२७ समेतको जग्गा रोक्का राख्ने गरी मिति २०७३।९।७ मा भएको आदेश, सो आदेशबमोजिम सुनसरी जिल्ला अदालतबाट मालपोत कार्यालय, सुनसरीलाई रोक्का राख्न गरिएको मिति २०७३।०९।१७ च.नं.८४८३ को पत्राचार एवम् सो पत्रबमोजिम मालपोत कार्यालय, सुनसरीबाट सो जग्गाको ५ भागको १ भाग रोक्का राख्ने गरी भएको कामकारबाहीलाई अन्यथा मान्न मिलेन। रिट निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः दीपिका थापा मगर

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल पुस २ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७४-CR-०६५८, कर्तव्य ज्यान, *अनिता विष्ट वि. नेपाल सरकार*

मृतकको पोष्टमार्टम रिपोर्टमा उल्लिखित मृत्युको कारणमा डोरी वा डोरी जस्तै कुनै कुराले घाँटीमा कसी मृत्यु भएको (*Ligature Strangulation)* भन्ने देखिएको, शव परीक्षण गर्ने चिकित्सकको बकपत्रमा घाँटी तथा शरीरका अन्य बाहिरी भागमा समेत घाउहरू देखिएका भनी उल्लेख भएको, प्रतिवादीले सतित्व रक्षाका लागि जिकिर लिएको भने पनि वारदात मितिभन्दा पूर्व पनि हालका मृतक र यी पुनरावेदकबिच समय-समयमा करणी लिनुदिनु गरेको भन्ने स्वयम् प्रतिवादीकै बयानसमेतबाट देखिएको अवस्थामा सतित्व रक्षातर्फको पुनरावेदन जिकिर स्वत: खण्डित हुन आयो । यसरी प्रतिवादी स्वयम्ले गरेको बयान, निजले वारदात भइसकेपछि पनि लास दबाउन गरेको प्रयास, मृत शरीरमा भएका चिजवस्तुको तलासी लिई झिकी, अलगअलग स्थानमा लुकाई राखेको कार्य, निजको मौकाको बयानबाट खुल्न आएको मृतकलाई मार्नु पर्ने कारणसमेतका आधारमा यी पुनरावेदक प्रतिवादीले प्रकाश चौधरीको हत्या सतित्व रक्षाको

क्रममा गरेको भन्ने कुरा स्थापित हुन नआउने।

उपर्युक्त विवेचित आधार कारणसमेतबाट प्रकाश चौधरीको मृत्यु यिनै अनिता विष्टको कर्तव्यबाट भएको स्पष्ट हुन आएको सन्दर्भमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(३) नं. को कसुरमा ऐजन ऐनको दफा १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई उच्च अदालत तुलसीपुरले मिति २०७३।१२।७ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

वारदातका बखत यी प्रतिवादी आफू पनि २६ वर्षीय विवाहित महिला रहेकी र निजको साथमा नौ वर्षीय नाबालक छोरा पनि रहेको तथा वारदातपश्चात् आफू वारदातमा साबित रही मुद्दा अनुसन्धान तहकिकातको कार्यमा अभियोजन पक्ष तथा अदालतलाई समेत सहयोग गरेको देखिँदा परिस्थितिवश वारदात गराउनु पर्ने अवस्थामा पुगेकी यी प्रतिवादीलाई लामो समयसम्म कैदमा राख्नु चर्को पर्न जाने हुँदा उच्च अदालत तुलसीपुरले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० वर्ष मात्र कैद हुन व्यक्त गरेको राय मिलेकै देखिँदा उक्त रायसमेत सदर हुने भई यी पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल फागुन २८ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-WO-०४६०, उत्प्रेषण / परमादेश, *चक्रबहादुर शाही वि. भूमि सुधार व्यवस्था मन्त्रालय, सिंहदरबारसमेत*

मिति २०७०।३।३१ मा मालपोत नियमावली, २०३६ को परिच्छेद २ को दफा ४ (ख) बमोजिम गठित जग्गा दर्ता समितिको बैठकबाट चक्रबहादुर शाहीको दाबीको जग्गा निजकै नाममा दर्ता गर्न सिफारिस गरी निर्णय भएको र मालपोत कार्यालय, कालिकोटका तत्कालीन कार्यालय प्रमुखले भूमिसुधार तथा व्यवस्थापन विभागलाई निवेदकको दाबीको जग्गा विभागीय अनुमति प्राप्त भएमा निजको नाममा दर्ता गर्न सकिने हुँदा उक्त विभागबाट विभागीय अनुमतिका लागि पत्राचार गरेको पाइने।

मिसिल संलग्न भूमिसुधार तथा व्यवस्थापन विभागको मिति २०७०।११।२८ को प.सं. ०७०।०७१।७११, च.नं. २२३५ को पत्रतर्फ हेर्दा, उक्त पत्रमा चक्रबहादुर शाहीद्वारा दाबी गरिएको मान्म गा.वि.स. ५ कि.नं. ७३१ को जग्गाको फिल्डबुकको कैफियतमा माल रेन्जपोष्टबाट रोक्का भनी उल्लेख भएको देखिँदा रोक्का राख्ने निकायबाट फुकुवा नहुँदासम्म कारबाही अघि बढाउन नमिल्ने भएकोले फुकुवा भई आएपछि पुनः पेस गर्नु भनी फायल मालपोत कार्यालय, कालिकोटमा फिर्ता पठाइएको देखियो । यसरी उक्त निकायबाट फाइल फिर्ता पठाएपछि यी निवेदकले छुट दर्ता माग गरेको जग्गाको कामकारबाही ठप्प हुनगएको देखिन्छ। साबिक "मान्म गा.वि.स. वडा नं. ५ कि.नं. ७३१ हाल कि.नं. १६७२ भएको, सो कित्ताबाट कित्ताकाट भई अन्य व्यक्तिहरूले आआफ्नो कित्ता दर्ता गरिसकेको र सोही कित्ताभित्रको चक्रबहादुर शाहीको ०,६५०० व.मि. क्षेत्रफलको जग्गा नापीमा छुट्न गएकोमा मिसिल संलग्न भूमिसुधार तथा व्यवस्थापन विभागको उक्त पत्रमा "मान्म गा.वि.स. ५ कि.नं. ७३१ को जग्गा" भनी त्रुटिपूर्ण तथ्यसमेत भएको देखिने।

तसर्थ, निवेदक चक्रबहादुर शाहीद्वारा दाबी गरिएको जग्गाको फिल्डबुकको कैफियतमा जग्गा रोक्का रहेको भनी उल्लेख भएकोले जग्गा फुकुवा भई आएपछि पुन: पेस गर्नु भनी उक्त फाइलसहित मिति २०७०।११।२८ मा भूमिसुधार तथा व्यवस्थापन विभागद्वारा मालपोत कार्यालय, कालिकोटलाई प्रेषित च.नं.२२३५ को निर्णय पत्राचार औचित्यहीन देखिन

आएको हुनाले उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकको निवेदन जिकिरबमोजिम निवेदकले पेस गरेका प्रमाणहरूसमेतको मूल्याङ्कन र विश्लेषण गरी निवेदकद्वारा दाबी गरिएको जग्गा निज निवेदकको नाउँमा दर्ता हुने वा नहुने भन्ने सम्बन्धमा यथाशीघ्र निर्णय गर्नु भनी परमादेश जारी हुने।

इजलास अधिकृत (शाखा अधिकृत): इशा सुवेदी
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७५ साल असोज १० गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री डम्बरबहादुर शाही,** ०७५-WH-००४६, बन्दीप्रत्यक्षीकरण, *विष्णु चेपाङ वि. कारागार कार्यालय, धादिङसमेत*

धादिङ जिल्ला, गजुरी गा.वि.स., वडा नं. ८ बस्ने रोम कान्छो भन्ने प्रेमबहादुर चेपाङको छोरा विष्णु चेपाङ विरूद्ध जबरजस्ती करणी मुद्दाको जाहेरी मिति २०६७।१२।१४ मा परेको देखिन्छ। सोही आधारमा मिति २०६८।०१।१५ मा निज विरूद्ध धादिङ जिल्ला अदालतमा अभियोगपत्र दायर भएको देखिन्छ। तर रिट निवेदक विष्णु चेपाङले प्रस्तुत निवेदनसँग पेस गरेको निजको नेपाली नागरिकताको प्रमाणपत्र सो अभियोगपत्र दायर भएपछि मिति २०६८।१०।२९ मा मात्र जारी भएको देखिन्छ । सो नागरिकताको प्रमाणपत्रमा निजको ठेगाना धादिङ जिल्ला, गजुरी गा.वि.स., वडा नं. ८ र निजको बाबुको नाम प्रेमबहादुर प्रजा उल्लेख गरिएको देखिन्छ। तर निजले स्वयम् पटकपटक सुरू अदालतमा पेस गरेको विभिन्न निवेदनहरूमा निजको बाबुको नाम प्रेमबहादुर चेपाङ भनी उल्लेख गरिएको देखियो । साथै, वतन साबिक गजुरी गा.वि.स., वडा नं.८ हालको गजुरी गाउँपालिका, वडा नं.२ मा समावेश भएको भन्ने विपक्षीको लिखित जवाफमा उल्लेख गरिएको हुँदा वतनसमेत फरक परेको देखिँदैन। तसर्थ, निज रिट निवेदक र सुरू मुद्दाका प्रतिवादी फरकफरक व्यक्ति रहेको भन्ने निवेदन जिकिर समर्थन गर्ने भरपर्दो तथा विश्वसनीय प्रमाणको रूपमा लिन मिल्ने देखिएन। साथै, निज रिट निवेदकले सुरू म्याद बदर गर्नका लागि सुरु अदालतमा निवेदन दिएको बखत आरोपित व्यक्ति र निजको वतन र पुस्तेवारी फरक रहेको भन्ने जिकिरसमेत लिन सकेको नदेखिने।

म्याद गुजारी अभियोग दाबी स्वीकार गरी बसेको अवस्थामा सुरू अदालतबाट प्रमाणको मूल्याङ्कन गरी निजलाई कसुरदार ठहऱ्याई गरी फैसला भएको अवस्था छ । निजले सुरू म्याद गुजारी बसेको देखिँदा तत्कालीन मुलुकी ऐन, अदालती बन्दोबस्तको २०८ नं. मा भएको कानूनी व्यवस्थाअनुसार पुनरावेदनको म्याद दिनु परेन भनी सुरू फैसलामा उल्लेख गरिएको छ। सुरू अदालतबाट जारी भएको म्याद बेरीतको नदेखिएको भन्ने धादिङ जिल्ला अदालतको आदेश तथा विष्णु चेपाङको पुनरावेदन पत्र दरपिठ हुने गरी भएको आदेश सदर हुने गरी मिति २०७५।०५।२१ मा उच्च अदालत पाटनबाट भएको आदेशसमेतबाट सो सुरू फैसला अन्तिम भई बसेको देखिन्छ । जबरजस्ती करणी मुद्दामा सजाय पाएको व्यक्ति आफू नभएको भन्ने रिट निवेदकले एकातिर जिकिर लिएको देखियो भने अर्कोतिर आफूले मुद्दाको म्याद नै प्राप्त नभएको भनी जिकिर लिएको देखिँदा त्यस्तो अस्पष्ट र विरोधाभाषपूर्ण जिकिर स्वीकारयोग्यसमेत नदेखिने।

न्यायिक निकायबाट प्रमाणको मूल्याङ्कन भई कसुरदार ठहराउने गरी भएको फैसलाबमोजिम कैद भएकोमा केबल सजायबाट उन्मुक्ति पाउने दुषित मनसायले विना भरपर्दो तथा विश्वसनीय प्रमाणको आधारमा लिइएको रिट निवेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार र कारणहरूबाट अदालतको फैसलाबमोजिम ठहरेको दण्ड सजाय कार्यान्वयनको सिलसिलामा फरार रहेका विष्णु

चेपाङलाई पक्राउ गरी थुनामा राखिएको कार्य कानूनसम्मत रहेको देखिँदा रिट निवेदन दाबीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपिका थापा मगर
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७५ साल पुस २४ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे**, *०७१-WO-०६५४, उत्प्रेषण, तेजप्रसाद शर्मासमेत वि. नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय, बालुवाटार काठमाडौंसमेत*

नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम १११ मा राखिएको ३० वर्ष सेवा पूरा भएको भन्ने आधारमा अनिवार्य अवकाश दिने उक्त कर्मचारी सेवा विनियमावलीको विनियम १११ को ३० वर्ष सेवा पूरा भएको वाक्यांश एवम् विनियम ९२(६) को व्यवस्थासमेत नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२,१३,१८, र १९ सँग बाझिएको हुँदा उत्प्रेषणको आदेशले बदर गरी निजामती सेवालगायत अन्य सेवाको हकमा जस्तै उमेरको हद र पदावधिको आधारमा मात्र अवकाश दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाउँ भन्ने निवेदकहरूले मुख्य जिकिर लिएको देखिन्छ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ११० मा नियम तथा विनियम बनाउने अधिकार शीर्षक राखी सोको उपदफा (१) मा यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बैंकले श्री ५ को सरकारको स्वीकृति लिई देहायका विषयमा नियम बनाउन सक्नेछ भन्ने व्यवस्था गरी देहाय (क) (ख) र (ग) मा विषयहरू तोकिदिएको पाइन्छ । सोही दफा ११० को उपदफा (२) मा यस ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिले देहायका विषयमा विनियम बनाउन सक्नेछ भन्ने व्यवस्था गरी सोको देहाय (ग) मा बैंकका कर्मचारीहरूको नियुक्ति, बढुवा, सरूवा, बर्खास्ती पारिश्रमिक, तथा सुविधा निवृत्तिभरण, उपदान सञ्चयकोष बिदा, आचरण तथा अनुशासन र सेवासम्बन्धी सर्त भन्ने उल्लेख भएको दोखियो । उल्लिखित कानूनी व्यवस्थाले राष्ट्र बैंकका कर्मचारीको सेवा सर्तसम्बन्धी सम्पूर्ण व्यवस्थाको सम्बन्धमा राष्ट्र बैंकको सञ्चालक समितिले विनियम बनाउन सक्ने अधिकार प्रदान गरेको पाइने ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २९(ङ) ले बैंकका कर्मचारीहरूको नियुक्ति, बढुवा, सरूवा, बर्खास्ती, पारिश्रमिक, निवृत्तिभरण, उपदान, सञ्चयकोष, बिदा आचरण तथा सेवासम्बन्धी अन्य सर्तहरूबारे नीति निर्धारण गर्ने अधिकार राष्ट्र बैंक सञ्चालक समितिलाई प्रदान गरेको देखिन्छ । ऐनको दफा ३६ ले बैंकका कर्मचारीहरूको सेवाको सर्त र सुविधाहरू तोकिएबमोजिम हुने व्यवस्था गरेको पाइन्छ । ऐनले गरेको ती व्यवस्थाबाट राष्ट्र बैंक सञ्चालक समितिले बैंकको आवश्यकता, औचित्यता र नीतिअनुसार कर्मचारीहरूको सेवा र सर्त सम्बन्धमा विनियम बनाउन सक्ने गरी विधायिकाले अधिकार प्रत्यायोजनअनुसार सो नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ तर्जुमा गरी लागू भएको पाइयो । ऐनले दिएको अधिकारबाट कर्मचारीको सेवा सर्तसम्बन्धी सम्पूर्ण कुरामा नयाँ विनियम बनेपछि पहिलेका व्यवस्थाहरूमा परिवर्तन हुनसक्छ । कर्मचारीको सम्बन्धमा नयाँ विनियमावली बनाउन सकिने भएपछि नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ को विनियम १११ मा राखिएको ३० वर्ष सेवा पूरा भएको वाक्यांश र सोको आधारमा भएको अवकाशसम्बन्धी वर्तमान कार्य एवम् विनियम ९२(६) को व्यवस्थासमेत तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२,

१३, १८ र १९ सँग बाझिएको भन्ने नदेखिँदा कानूनले अधिकार प्रदान गरी बनेको विनियमावलीबमोजिमको व्यवस्थालाई अन्यथा भन्ने अवस्था नदेखिने।

विनियमावलीले तोकेको उमेर र सेवा अवधिको विषयमा अघि नै रिट परी सो विषयमा विबादको निरूपण भइसकेको तथा यही नियम विनियमबमोजिम ३४१ जना कर्मचारीले यसअघि नै अनिवार्य अवकाश पाएको भन्ने लिखित जवाफ रहेको र हाल रिट जारी हुँदा असमान व्यवहार हुन जाने देखिएकोले रिट निवेदकहरूको मागदाबीको सम्बन्धमा अब आदेश जारी गर्न निरर्थक हुने हुँदा निवेदन मागदाबीबमोजिम आदेश जारी गरी रहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७१-CR-१६२०, कर्तव्य ज्यान, *अशोककुमार राजवंशी वि. नेपाल सरकार*

किटानी जाहेरी, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, मौकामा बुझिएका मानिस तथा प्रत्यक्षदर्शी जाहेरवाला नसिव राजवंशी र लता राजवंशीले मौकामा गरेको कागजसमेतबाट प्रतिवादीले मौकामा गरेको बयानलाई समर्थित भई प्रतिवादीले मृतक कन्हैयालाल राजवंशीलाई धारिलो जोखिमी हतियार छुरा प्रहार गरी मारेको तथ्य पुष्टि हुन आएको देखिँदा यी प्रतिवादी अशोककुमार राजवंशीले अभियोग दाबीबमोजिम मुलुकी ऐन, १ नं. विपरीत सोही महलको १३(१) नं. बमोजिम कसुर अपराध गरेको तथ्य पुष्टि हुन आएको देखिने।

प्रतिवादी अशोककुमार राजवंशीले अदालतमा कसुरमा इन्कार रही वारदातको समयमा घरमै रहे भएको भनी बयान गरे तापनि मृतकसँग जग्गाको साँध सिमाना सम्बन्धमा विवाद रहेको भन्ने देखिएको र वारदात भएको दिन मृतक र प्रतिवादीको झगडाको विषयमा छलफलको लागि बुधनगर प्रहरी कार्यालयमा बोलाइएकोमा बुझी सो कार्यालयमा जाँदै गर्दा प्रस्तुत वारदात भएको देखिएकोले मृतक प्रतिवादीका बिच पूर्वरिसइवी रहेको देखिन्छ। वारदातस्थलमा बरामद भएको मोबाइल सेट प्रतिवादीले आफ्नो होइन भनी भन्न सकेको पाइँदैन। त्यसैगरी यी प्रतिवादीले गरेको इन्कारी बयानलाई अन्य स्वतन्त्र प्रमाणद्वारा पुष्टि गर्न सकेको देखिँदैन। मिसिल संलग्न घटनास्थल मुचुल्का, मृतकको लास जाँच प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन घटनास्थलको प्रत्यक्षदर्शीहरू नसिव राजवंशी र लता राजवंशीसमेतको बकपत्रबाट प्रतिवादी अशोककुमार राजवंशीले मृतक कन्हैयालाल राजवंशीलाई छुरा प्रहार गरी कर्तव्य गरेको तथ्य पुष्टि हुन आएको देखिएकोले प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७१।०२।०८ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत विराटनगरबाट मिति २०७१।०९।०१ मा भएको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने अवस्था नदेखिने।

अतः विवेचित आधार र कारणहरूसमेतबाट प्रतिवादी अशोककुमार राजवंशीले मृतक कन्हैयालाल राजवंशीलाई धारिलो जोखिमी हतियार छुरा प्रहार गरी मारेको तथ्य पुष्टि हुन आएको देखिँदा निज पुनरावेदक / प्रतिवादी अशोककुमार राजवंशीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७१।०२।०८ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत

विराटनगरबाट मिति २०७१।०९।०१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : लोकबहादुर हमाल

कम्प्युटर : मञ्जु खड्का

इति संवत् २०७४ साल जेठ ७ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WH-००२८, बन्दीप्रत्यक्षीकरण, सचिन्द्र पालुङ्वासमेत वि. महानगरीय प्रहरी वृत्त ठिमी, भक्तपुर

भक्तपुर जिल्ला अदालतको च.नं. ५९८३ मिति २०७३।१०।०६ को पत्रसाथ प्राप्त वादी नेपाल सरकार प्रतिवादी सचिन्द्र पालुङ्वासमेत भएको मुद्दा नं. २०७३-CR-००६९ को संगठित अपराध मुद्दाको मिसिल हेर्दा, यी निवेदकहरूउपर चलेको संगठित अपराधको कसुर सम्बन्धमा वादी नेपाल सरकारले मिति २०७३।०८।२७ मा अभियोगपत्र दायर भई भक्तपुर जिल्ला अदालतबाट मिति २०७३।०९।०५ मा भएको आदेशानुसार पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई मुलुकी ऐन, अ.बं. ११८ को देहाय (२) नं. एवम् संगठित अपराध निवारण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७० को दफा ४१ बमोजिम प्रतिवादीहरू सचिन्द्र पालुङ्वा, रविन श्रेष्ठ, अजय तामाङ, सुवास राई भन्ने सुवासचन्द्र राई, उपेन्द्र घर्तीमगर, नारायण भन्ने टुल्के श्रेष्ठ, दावा भन्ने टेम्डी शेर्पासमेतलाई कानूनबमोजिमको सिधा खान पाउने गरी मुद्दा पुर्पक्षको लागि थुनामा राख्न पठाइएको देखियो। अर्का निवेदक पृथ्वीनारायण लिम्बूलाई सोही ऐनबमोजिम मुद्दा पुर्पक्षको लागि रू.१,००,०००।– नगदै वा सो बराबरको जेथा जमानत दिए लिई धरौटी तारेखमा रहने गरी र बनबहादुर स्याङ्गबोलाई रू.५०,०००।– नगदै वा सो बराबरको जेथा जमानत दिए लिई मुद्दा पुर्पक्षको लागि तारेखमा राख्नु भनी आदेश भई सक्षम अदालतमा संगठित अपराध मुद्दा चली अदालतको आदेशबमोजिम निवेदकहरू न्यायिक हिरासतमा बसेको देखिएकोले रिट निवेदकहरू गैरकानूनी थुनामा रहेको भन्ने देखिन आएन। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७३ साल माघ ७ गते रोज ६ शुभम्।

- यसै प्रकृतिको ०७३-WH-००२६, बन्दीप्रत्यक्षीकरण, *जाङबु शेर्पा वि. नेपाल सरकार, गृहमन्त्रालय, सिंहदरबारसमेत* भएको रिट निवेदनमा पनि यसै प्रकृतिको आदेश भएको छ।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७३-WH-००६९, बन्दीप्रत्यक्षीकरण, *जसविन वि.क. वि. काठमाडौं जिल्ला अदालतसमेत*

काठमाडौं जिल्ला अदालतले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) बमोजिम सेवनतर्फ ६ महिना कैद हुने ठहर गरेपछि सोही मुद्दामा बिक्री वितरण सञ्चयतर्फ सोही ऐनको दफा १४(१)(छ)(१) बमोजिम ६ वर्ष ६ महिना कैद र रू.१०,०००।- जरिवाना गर्ने भनी ठहर फैसला गरेपनि दण्ड सजायको १० नं. र ४१ नं. को कानूनी व्यवस्थाअनुसार जुन कलममा सबभन्दा ठूलो हद छ सो हद ननाघ्ने गरी एकै कलमको मात्र कैद म्याद ठेक्नु पर्नेमा कैदी पुर्जीमा दुवै अभियोगको सजाय खापी ७ वर्ष कैद गर्ने भनी उल्लेख गरेको कार्य यस अदालतबाट प्रतिपादित सिद्धान्त तथा मुलुकी ऐन, दण्डसजायको महलको १० र ४१ नं. विपरीत भई काठमाडौं जिल्ला अदालत, तहसिल शाखाको च.नं. ३७४ मिति २०६८।०५।१२ को कैदी पुर्जी त्रुटिपूर्ण देखिने।

अतः माथि विवेचित आधार र कारणहरूसमेतबाट निवेदकलाई उक्त लागु औषध

हेरोइन मुद्दामा लागेको ठुलो कैदबापतको ६ वर्ष ६ महिना मात्रको कैद ठेक्नु पर्नेमा सेवनतर्फको कैद ६ महिनासमेत जोडी कैद ठेकेको उक्त कानूनी व्यवस्था तथा प्रतिपादित सिद्धान्तविपरीत देखिएको र निज निवेदक जसविन वि.क.ले भुक्तान गर्नुपर्ने कैदको सजाय भुक्तान भइसकेको देखिएकोले निजले भुक्तान गर्नुपर्ने कैद ६ वर्ष ६ महिनाभन्दा बढी कैद बसेको अवधि निजलाई लागेको जरिवानामा कट्टा गरी बाँकी जरिवाना दाखिल भइसकेको भए वा दाखिल गरे अन्य कुनै मुद्दामा थुना वा कैदमा राख्नु नपर्ने भए निज निवेदक जसविन वि.क.लाई प्रस्तुत मुद्दाको थुनाबाट मुक्त गरिदिनु भनी विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७४ साल जेठ ७ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७२-CR-०८१८, जबरजस्ती करणी, *हाडनाता करणी, नेपाल सरकार वि. मानबहादुर थापा*

आफूउपर प्रतिवादीले जबरजस्ती करणी गरेको भनी पीडित स्वयम्ले किटानी जाहेरी दरखास्त दिएपछि प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। यी प्रत्यर्थी प्रतिवादीउपर जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद हुने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालत इलामबाट सदर भएकोमा सोउपर प्रतिवादीको पुनरावेदनसमेत नपरेको अवस्था हुँदा यी प्रतिवादीले पीडिता जाहेरवालीलाई जबरजस्ती करणी गरेको तथ्य स्थापित भएको मान्नु पर्ने देखिने।

प्रस्तुत मुद्दामा पीडिता र प्रतिवादीबिच नाता खुल्ने स्पष्ट पुस्तेवाली मिसिलबाट खुल्न नआएको र निज पीडिता र प्रतिवादीबिच मुलुकी ऐन, हाडनाता करणीको २(१) भित्रकै नाता सम्बन्ध रहेको भन्ने यकिन गर्ने कुनै विश्वसनीय प्रमाणसमेतको अभाव रहेको देखिन आयो। सोबाहेक हाडनाता करणीको ३(२) नं. मा "आफ्ना एकै बाजेबाट जन्मेका जेठा वा कान्छा बाबुकी छोराकी छोरी वा आफ्ना एकै बाबुबाट जन्मेका दाजु वा भाइकी छोरीकी छोरी, आफ्ना एक बाबुबाट जन्मेका दिदी वा बहिनीका छोराकी छोरी वा छोरा बुहारी वा त्यस्ता दिदी वा बहिनीकी छोरीकी छोरी वा छोरा बुहारी, आफ्नी सौतेनी सासू वा सौतेनी बुढी सासू" भन्ने कानूनी व्यवस्था भएको अवस्था हुँदा सुरू पाँचथर जिल्ला अदालतबाट हाडनाता करणीको २(१) नं. ले गरेको सजाय नमिली ऐ.को ३ नं. को देहाय (२) उल्लिखित सजाय गर्नु उपयुक्त हुने गरी ३ वर्ष कैद गरेको हदसम्म सुरू पाँचथर जिल्ला अदालतको फैसला मिलेको नहुँदा केही उल्टी भई हाडनातातर्फ प्रतिवादीलाई थप ६ महिना मात्र कैद हुने ठहर गरेको पुनरावेदन अदालत इलामको फैसला मनासिब नै देखिन आएबाट वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट प्रतिवादी माने भन्ने मानबहादुर थापालाई जबरजस्ती करणीको ३ को देहाय (५) नं.बमोजिम ५ वर्ष कैद हुने र हाडनाता करणीको ३ नं.को देहाय (२) बमोजिम थप सजाय गर्नुपर्नेमा हाडनाता करणीको २ नं. को देहाय (१) बमोजिम ३ वर्ष कैद गरेको हदसम्म सुरू पाँचथर जिल्ला अदालतको फैसला मिलेको नहुँदा केही उल्टी भई हाडनातातर्फ प्रतिवादीलाई थप ६ महिना मात्र कैद गर्ने गरी पुनरावेदन अदालत इलामबाट मिति २०७१।११।१८ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: कुमार मास्के

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७५ साल माघ २७ गते रोज १ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-००६६, अंश, *प्रेमबहादुर पाल वि. श्रीमती शान्त पाल*

प्रस्तुत मुद्दामा सुरू दार्चुला जिल्ला अदालतबाट तायदाती फाँटवारी माग गर्ने आदेश हुँदा र ठहर फैसलासमेतमा यस मुद्दाको फिराद परेको अघिल्लो दिन अर्थात् मिति २०६२।९।३ लाई मानो छुट्टिएको मिति कायम भएकोमा सोउपर मुद्दाका कुनै पक्षले अन्यथा भएको भनी पुनरावेदन गरेको अवस्था देखिँदैन । यसबाट निज शान्ता पालको नाउँमा रहेको उक्त कि.नं.२०७९ जग्गा वादी प्रतिवादीहरूका बिच मानो छुट्टिइसकेपछि खरिद गरेको भन्ने प्रस्ट रूपमा देखिई रहेको छ । मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. मा मानो छुट्टिएपछि कमाएको धन र लगाएको ऋण आफ्नो आफ्नो हुन्छ भन्ने स्पष्ट कानूनी व्यवस्था छ । यसरी कानूनमा स्पष्ट रूपमा उल्लेख भएको कुराको पालना गर्नु नै पर्ने हुन्छ । यी पुनरावेदक वादी र प्रतिवादीहरूका बिच मानो छुट्टिएको मितिभन्दा पछि खरिद गरिएको सम्पत्ति सगोलको सम्पत्तिबाट खरिद गरेको भनी तथ्ययुक्त रूपमा देखाउन नसकेको अवस्थामा उक्त सम्पत्ति बन्डा लाग्ने भनी भन्न मिल्ने नदेखिने ।

तसर्थ, विवेचित आधार र कारणबाट दार्चुला जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी शान्ता पालको नाउँमा रहेको जिल्ला कञ्चनपुर, भिमदत्त न.पा. वडा नं.४ को कि.नं.२०७९, क्षेत्रफल ००३३८.६३ जग्गालाई निजको निजी आर्जनको सम्पत्ति ठहर गरी अन्य कुराका हकमा सुरू फैसला सदर गरेको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७०।९।९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७४ साल चैत १३ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CI-०१४०, लिखत दर्ता बदर दर्ता कायम, *नरेन्द्रबहादुर वोहोरा वि. नरबहादुर बोहोरासमेत*

दाबीको कि.नं. ९२ को जग्गा वादीका पिता नरबहादुर बोहोराले मिति २०४४।१२।२४ मा यी पुनरावेदक / वादीका कान्छीआमा रत्नमाया बोहोरालाई हालैदेखिको बकसपत्र पारित गरिदिएको देखिन्छ । यसैगरी निज रत्नमाया बोहोराले उक्त जग्गा आफूपट्टिका विवाहिता छोरीहरूलाई मिति २०५८।६।४ मा शेषपछिको बकसपत्र पारित गरिदिएकोमा रत्नमाया बोहोरा मिति २०६४।२।६ मा परलोक भएपश्चात् मिति २०६४।२।२३ मा निजका छोरीहरूले दा.खा. गरी भोगचलन गरेको पाइँदा दान बकसको ५ नं. को व्यवस्थाअनुसार पाउनेको हकभोग आ-आफ्ना नाउँमा दा.खा. गरेपछि सुरू भएको देखिन्छ । दान बकस दिने रत्नमाया बोहोराको मृत्युपछि प्रतिवादीहरूले मिति २०६४।२।२३ मा उक्त विवादित कि.नं.९२ को जग्गा आफ्नो नाउँमा नामसारी गरी भोगचलन गरेकोमा हक पुगी भोगचलन गरेको मितिले २ वर्षभित्रै अर्थात् मिति २०६५।१०।३ मा प्रस्तुत मुद्दामा वादीको फिराद परेको देखिने ।

वादी / पुनरावेदकको समेत अंश हक लाग्ने कि.नं.९२ को जग्गा वादीका पिता नरबहादुर बोहोराले मिति २०४४।१२।२४ र.नं.७५२२ बाट निजकी कान्छी श्रीमती रत्नमाया बोहोरालाई हालैदेखिको बकस गरिदिए पनि उक्त जग्गा मिति २०५८।६।४ र.नं.९९० बाट निज रत्नमाया बोहोराले आफ्ना छोरीहरूलाई

शेषपछिको बकसपत्र गरिदिएबाट मिति २०५८।६।४ सम्म विवादित कि.नं.९२ को जग्गा रत्नमायाको नाममा रहेको देखियो । मिसिल संलग्न रहेको वादी हर्कमाया बोहोरा र प्रतिवादी रत्नमाया बोहोरासमेत भएको अंश मुद्दा (दे.नं.२७-०६४-००६३९) को फैसलाको प्रतिलिपिमा मानो छुट्टिएको मिति २०६४।११।१८ कायम भएबाट सो मितिसम्म रत्नमाया यी वादीसँग एकासगोलमा रहेको भन्नुपर्ने देखिने ।

सगोलमा रहे भएको अवस्थामा एक अंशियारले अर्को अंशियारलाई हालैको बकसपत्र गरी जग्गा हस्तान्तरण गरे पनि सो सम्पत्ति पैतृक नै हुने हुँदा उक्त सम्पत्तिमा सबै अंशियारहरूको बराबर हक लाग्ने देखिन्छ । वादी र प्रतिवादी सगोलमा नै रहेको बेलामा भएको अचल सम्पत्तिको हक हस्तान्तरणको कार्यबाट वादीलाई अंश हकबाट वञ्चित गर्न न्यायोचित हुने नदेखिने ।

अंश मुद्दामा बन्डा गर्नुपर्ने अरू सम्पत्ति नदेखिएको र पतिबाट हालैको बकसबाट प्राप्त कि.नं.९२ को जग्गा प्रतिवादी रत्नमाया बोहोराले मिति २०५८।६।४ र.नं.९९० बाट आफ्ना विवाहित छोरीहरूलाई शेषपछिको बकसपत्र पारित गरिदिएकोबाट वादी निरअंशी हुन पुगेको पाइन्छ । वादीहरूको समेत हक लाग्ने उक्त कि.नं.९२ को जग्गा पतिबाट हा.ब. बाट प्राप्त गरी रत्नमाया बोहोराले आफूपट्टिका अविवाहित छोरीहरूलाई शेषपछिको बकस गरिदिने कार्यले वादीको अंशहकमा आघात पुऱ्याएको देखिने ।

अतः उपर्युक्त कारणहरूबाट अंश मुद्दाबाट वादी र प्रतिवादीमध्येको रत्नमाया बोहोरा एकासगोलमा रहेको अवस्थामा रत्नमाया बोहोराले मिति २०५८।६।४ मा छोरीहरूलाई दिएको र रत्नमाया बोहोराको मृत्युपछि छोरीहरूले दाखिल खारेज गरेको मितिले दानबकसको ५ नं. को म्यादभित्र वादीको फिराद परेको देखिएको र प्रस्तुत मुद्दामा वादी दाबी नपुग्ने भन्दा वादी निरंशी बन्ने देखिँदा सुरू मोरङ जिल्ला अदालतले हदम्याद नाघी दायर भएको भनी फिराद दाबी खारेज गर्ने गरी गरेको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत विराटनगरले मिति २०६८।७।२९ मा गरेको फैसला मिलेको नदेखिँदा उल्टी भई कि.नं.९२ को जग्गाबाट ३ खण्डको १ खण्ड वादी नरेन्द्रबहादुर बोहोराको हक हुने हुँदा ३ खण्डको १ खण्ड लिखत, दर्ता, नामसारीसमेत बदर भई ३ खण्डको १ खण्ड वादीको नाउँमा दर्तासमेत हुने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल मङ्सिर १९ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७१-CI-०१४१, लिखत दर्ता बदर दर्ता कायम, *नरेन्द्रबहादुर बोहोरा वि. नरबहादुर बोहोरासमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CR-०१३५, गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. केदारप्रसाद चालिसेसमेत*

प्रतिवादीहरू छुट्टिभिन्न नभई सगोलमा रहेको पुष्टि भइसकेको सन्दर्भमा बद्रीप्रसाद चालिसे, डाक्टर प्रल्हाद चालिसे, राघवप्रसाद चालिसे, नरोत्तम चालिसे र रिता चालिसेको तलब, भत्ता, बोनसलगायत अन्य आर्जनलाई सगोलको आय मानी प्रतिवादी केदारप्रसाद चालिसेको वैध आयमा समावेश गर्न मिलेन भन्ने विशेष अदालतको तर्कसँग सहमत हुन नसकिने ।

जग्गा लिनेदिने पद्मा पोखरेल चालिसे र सानुनानी संगत जुन हैसियत र सम्बन्धका व्यक्ति हुन् । कि.नं.३९५ को जग्गा बकस दिने कृष्णराज गिरी र बकस लिने पद्मा पोखरेल सोही हैसियतका व्यक्ति भएको अवस्थामा पद्मा पोखरेल चालिसेले सानुनानी सङ्गतबाट बकस पाएको जग्गा बिक्रीबाट पाएको

रू.१,५०,०००।- लाई बकस पाएको जग्गा बिक्रीबाट पाएको वैध रकम मानिसकेपछि कृष्णराज गिरीबाट पाएको कि.नं. ३९५ को जग्गालाई बकस नमान्नु पर्ने कुनै आधार र कारण वादी पक्षले देखाउन सकेको छैन । तसर्थ दुई अलगअलग व्यक्तिबाट बकस पाएको दुइवटा कित्ता जग्गामध्ये एउटालाई बकस पाएको मानिने र अर्कोलाई बकस पाएको नमान्ने गरी दोहोरो मापदण्डमा आधारित सुरू विशेष अदालतबाट भएको फैसला न्यायसङ्गत देखिन नआउने ।

पेसल पोखरेलको बैंक खातामा रहेको नगद रू.६,७४,४२२।२८ रकम अनुसन्धान सुरू हुनुभन्दा अगावै पुनरावेदक प्रतिवादी केदारप्रसाद चालिसे र पद्मा पोखरेल चालिसेको बैंक खाताबाट ऋण तिर्न प्रयोजनको लागि रकमान्तर भइसकेको र प्रतिवादीको सँगसाथमा नरहेको नगद रकमलाई बिगोमा कायम गरी सुरू विशेष अदालतबाट भएको फैसला कानूनसङ्गत देखिन नआउने ।

विवाहमा पाएको टि.भि., ल्याम्प, रेफ्रिजेरेटरलाई विलासिताका सामान मानी बिगो कायम गर्न मिल्दैन । यसमा प्रमाणको लागि मिसिल संलग्न रहेको रेफ्रिजेरेटरको बिलअनुसार पुनरावेदकको घरमा रहेको रेफ्रिजेरेटर एल.जी. कम्पनीको सिङ्गल ढोका भएकोमा डबल ढोका भएको गोल्डस्टार कम्पनीको मूल्यवान् रेफ्रिजेरेटर भएको भनी प्रतिवेदन तयार गरी बिगो कायम गरिएको कार्य न्यायोचित देखिन नआउने ।

तसर्थ पुनरावेदकको श्रीमती प्रतिवादी पद्मा पोखरेल चालिसेको नाममा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ९ कि.नं. ४९, १३३, ३१९ र ३९१ को क्षेत्रफल ०-७-३-३ मा बनेको घरको मूल्याङ्कन अख्तियार दुरूपयोग अनुसन्धान आयोगले २०५७ सालको सरकारी दररेट रू.६५५।- प्रति वर्ग फिटको दरले रू.१९,७४,६८०।९० मूल्याङ्कन कायम गरी सो मूल्याङ्कनमा बिजुली, स्यानिटरी र साइट डेभलपमेन्टबापत १२.५ प्रतिशत र फिनिसिङबापत ७.७५ प्रतिशत गरी जम्मा रू.२३,७४,५५३।७७ मूल्य कायम गरी सो मूल्यमा इन्टेरियर डेकोरेसन विद्युतीय सामान, फर्निचर तथा फर्निसिङसमेतको) रू.४,१०,३३८०० जोडी घरको कूल मूल्याङ्कन रू.२७,८४,८९१।७७ कायम गरेको सन्दर्भमा घरको सोही मूल्याङ्कनमा सुरू विशेष अदालतले सहरी तथा भवन निर्माण विभागको २०६४।१।२६ को पत्रानुसार २०% कम गरी घरको मूल्याङ्कन रू.१८,९९,६४३।- कायम गरी गरेको फैसला न्यायसङ्गत देखिन नआउने ।

पुनरावेदक पद्मा पोखरेल चालिसेले बुबा र काकाबाट पाएको दाइजोको रकमसमेत लगानी गरी बढे बढाएर रू.५,००,०००।- पाँच लाख भएको भनी अनुसन्धानको क्रममा र अदालतमा समेत पुनरावेदक केदारप्रसाद चालिसे र पद्मा पोखरेल चालिसेले बयान गरेका छन् । उक्त कुरालाई अदालतमा उपस्थित साक्षीहरूले पनि लगानी बढेबढाएको कुरालाई समर्थन एवम् पुष्टिसमेत गरेका छन् । साथै उक्त आम्दानी भएको भनी पाँच लाखको V.D.I.S. रू.५००००।- समेत तिरेको प्रमाणबाट देखिन्छ । तसर्थ पुनरावेदक पद्मा पोखरेल चालिसेले निजको काका भुवनेश्वरबाट रू.३,७५,०००।- दाइजो पाएको नमानी सो रकमलाई पुनरावेदकको एकासगोलको वैध आय र स्रोतमा समावेश नगर्ने तथा पुनरावेदक पद्मा पोखरेल चालिसेले दाइजो पेवाको रकम लगानी गरी बढे बढाएको रकम रू.५,००,०००।- लाई वैध आयभित्र समावेश गर्न मिलेन भनी सुरू विशेष अदालतबाट भएको फैसला मनासिब देखिन नआउने ।

पुनरावेदकले कृषि आय प्रतिकट्ठा वार्षिक रू.१५००।- हुन्छ भनी अनुसन्धानको क्रममा र अदालतमा गरेको किटानी बयानलाई कृषि तथा सहकारी मन्त्रालय, Agrobusiness Promotion and Statistics Division को तथ्याङ्कले समेत पुष्टि गरिरहेको अवस्था छ । तसर्थ विशेष अदालतबाट

कृषिबाट भएको आयलाई आंशिकरूपमा मात्र स्वीकार गरी प्रतिवादीको आयमा समावेश गरेको तथा पशुपालनबाट भएको आयलाई अस्वीकार गरेको कुरा मनासिब तथा न्यायोचित देखिन नआउने।

सुन चाँदीका गरगहना जुनसुकैबेला पनि खरिद बिक्री हुन सक्ने र आफ्नो आवश्यक्ता पूर्ति गर्न बिक्री गर्ने मान्यता हाम्रो समाजमा विद्यमान छ । पुनरावेदक केदारप्रसाद चालिसेले अनुसन्धान अधिकारीसमक्ष सुन चाँदी बिक्री गरेको बेहोरा बयानको क्रममा खुलाउँदा अनुसन्धान अधिकारीबाट त्यसलाई स्वीकार भइसकेको अवस्थामा पुनरावेदकले २०५२ सालमा २० तोला सुन र १०० तोला चाँदी बिक्री गरी रू.१,५०,०००।- (एक लाख पचास हजार) प्राप्त गरेको भन्ने कुरा स्थापित रहेको हुँदा विशेष अदालतबाट सुन, चाँदी बिक्री आयलाई प्रतिवादीको सगोलको पैतृक आयमा समावेश नगरी सोतर्फ मौन रही भएको फैसला मिलेको भन्न नसकिने।

अर्थराज कोइरालाले स्टाण्डर्ड चार्टड बैंकमा खोलेको नं.१०१०२६६४१८२०१ को खातामा अमेरिकाबाट पटक पटक रकम पठाई रू.७,९९,९३४ सम्म जम्मा भएको र उक्त रकम निकाली खर्च गर्ने अधिकारसमेत प्रतिवादी पद्मा पोखरेल चालिसेले नै प्राप्त गरेको तथ्य मिसिल संलग्न बैंक स्टेटमेन्टलगायतका कागजातहरूबाट पुष्टि भइरहेको अवस्था छ । साथै अनुसन्धानको कममा अर्थराज कोइरालाले उक्त ८०० अमेरिकी डलर बहिनी पद्मालाई राख्न दिएको भन्ने बेहोरासमेतको निवेदनपत्र वादी अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई पठाई सोको जानकारी (वोधार्थ) प्रतिलिपि पुनरावेदकलाई समेत दिएकोमा उक्त निवेदन वादी (अ.दु.अ.आ.) ले मिसिल सामेल नगरेका तर अर्थराज कोइरालाको उक्त बैंक खाता मात्र फुकुवा गरी सो विषयमा थप अनुसन्धानसमेत नगरी उक्त ८०५ अमेरिकी डलरलाई बिगोमात्र कायम गरेको भन्ने पुनरावेदक प्रतिवादी जिकिरलाई वादीले अन्यथा भन्न नसकेकोले सो रकमलाई बिगो कायम गरी भएको फैसला तथ्यपरक भएको देखिन नआउने।

वादी पक्षले डा. प्रह्लादकुमार चालिसेको नाममा कृषि विकास बैंक, बत्तिसपुतलीको खातामा रहेको रकम पुनरावेदकले गैरकानूनी तवरले आर्जन गरेको रकम हो भनी तथ्ययुक्त प्रमाणबाट पुष्टि गर्न सक्नुपर्दछ । जहाँसम्म प्रह्लादकुमार चालिसेको आय आर्जन भएको भन्ने जिकिरलाई पुष्ट्याईं गर्ने भरपर्दो प्रमाण पेस भएको नपाइएको फैसलाको आधार छ सोलाई प्रह्लादकुमार चालिसेले बयानको क्रममा पेस गरेको मेडिकल डाक्टरको प्रमाणपत्र, शिक्षण अस्पताल महाराजगन्जको आधिकारिक पत्र तथा Clinic Practice गरेको भन्ने सम्बन्धित Clinics को पत्रहरूबाट स्पष्ट भएको देखिन्छ । तसर्थ प्रह्लादकुमार चालिसेको नाममा कृषि विकास बैंक बत्तिसपुतलीको बैंक खातामा रहेको रकम रू.६,९४,९८७।०३ प्रल्हादकुमार चालिसेको वैध आय सञ्चय भएकोले उक्त बैंक खातामा रहेको रकम पुनरावेदक केदारप्रसाद चालिसेले गैरकानूनी रूपमा आर्जन गरी लुकाई छिपाई राखेको भनी गरेको फैसला न्यायसङ्गत देखिन नआउने।

वादी पक्षले कल्पना शर्माले पेस गरेको उक्त निवेदन र कल्पना शर्मा दाहालको आय स्रोतलाई अन्यथा भन्न नसकेको र पुनरावेदक केदारप्रसाद चालिसे तथा पद्मा पोखरेल चालिसेको अनुसन्धानको क्रममा तथा अदालतको बयान एवम् कल्पना शर्माको बकपत्रबाट समेत पद्मा पोखरेल चालिसेको कृषि विकास बैंक बत्तिसपुतलीको मुद्दति खाता नं.२५१८९३ मा रहेको रू.५,००,०००।– रकम तथा बरामद भएको रू.४०,०००।- कल्पना शर्माले राख्न दिएको पुष्टि भइरहेको अवस्थामा विशेष अदालतबाट प्रतिवादी पद्मा पोखरेल चालिसेको कृषि विकास बैंक बत्तिसपुतलीको मुद्दति खाता नं. २५१८९३ मा रहेको मौज्दात रू.५,००,०००।– र बरामद रकम

रू.४०,०००।- लाई प्रतिवादीको सम्पत्तिको बिगोमा समावेश गरेको मिलेको देखिन नआउने।

पुनरावेदक केदारप्रसाद चालिसे र निजको एकासगोलको परिवारका सबै सदस्यहरूको नाममा रहेको चल अचल सम्पत्ति सञ्चय गर्ने मुख्य आय स्रोतमा पुनरावेदकको तलब भत्ता, सञ्चयकोषको सापटी, भन्सार कमिसन, सगोलको जग्गा बिक्रीबाट प्राप्त रकम, पैतृक सुनचाँदी बिक्री गरी प्राप्त रकम, विवाहमा र विवाहपश्चात् प्राप्त दाइजो रकम, कृषि आय, एकासगोलका दाजु राघव चालिसेको पारिश्रमिक आय, भाइ बद्री चालिसेको पारिश्रमिक र नेपाल दूरसञ्चार संस्थानबाट प्राप्त गरेको ऋण सुविधाबापत प्राप्त रकम, बुहारी रिता चालिसेको पारिश्रमिक, भाइ डा.प्रल्हादकुमार चालिसेको पारिश्रमिक तथा क्लिनिकहरू Visit / Home Visit गर्दा प्राप्त गरेको रकम, भाइ नरोत्तमको आर्जन, दाइजो पेवाबाट प्राप्त रकम लगानी गरी बढे बढाएको रकम तथा २०३० सालको बन्डापत्रबाट प्राप्त चल अचल सम्पत्ति र पछि सगोलको सम्पत्तिबाट बढेबढाएको आयस्ताबाट खरिद गरेको जग्गाबाट प्राप्त कृषि आय तथा सोही बन्डापत्रबाट प्राप्त रकम लगानी गरी बढेबढाएको रकमबाट चल अचल सम्पत्ति जोडेको हुँदा पुनरावेदक केदारप्रसाद चालिसेसँग अवैध आर्जनको कुनै सम्पत्ति नरहनुको साथै माथिका प्रकरणहरूमा लिइएका कानूनी आधार प्रमाण एवम् जिकिर र विवेचनाबमोजिम पुनरावेदकको कूल सम्पत्ति र सो सम्पत्तिको स्रोत पुष्टि हुने आधार प्रमाण फरक नहुने तथ्य निर्विवाद रूपमा पुष्टि भएको।

प्रतिवादी केदारप्रसाद चालिसेको पारिश्रमिक आय (सुरू अदालतले स्वीकार गरेको) रू.६,६०,५०४।४३, एकासगोलको भाइ प्रतिवादी बद्रीप्रसाद चालिसेको पारिश्रमिक आय, बोनस आय, कार्यालयबाट लिएको सापटी, सञ्चयकोष सापटी र सेयर बिक्रीबाट प्राप्त आय रू.१३,१०,६८६।०८, एकासगोलको भाइ प्रतिवादी डा.प्रह्लाद चालिसेको पारिश्रमिक आय तथा Clinic Practice / Home visit बाट प्राप्त आय रू.९,२५,२००।-, श्रीमती पद्मा पोखरेल चालिसेको दाइजो (बुबा र काकाले दिएको), मोरङको जग्गाको कृषि आय, जग्गा बिक्रीबाट प्राप्त आय र दाइजो पेवा लगानी गरी बढे बढाएकोसमेतको आय रू.१२,४५,०००।-, एकाघरको दाजु राघव चालिसेको पारिश्रमिक बचत आयबाट घर बनाउन दिएको रू.१,५०,०००।-, बुहारी रिता चालिसेको पारिश्रमिक आय रू.२,६४,०००।-, नाबालक छोरी रेयुशा चालिसे र नाबालक छोरा रिगेश चालिसेले सामाजिक परम्परा न्वारन, पास्नी तथा सामाजिक चाडपर्वमा प्राप्त गरेको रकम (सुरू अदालतले स्वीकार गरेको) रू.१७,०००।- एकासगोलको भाइ नरोत्तम चालिसेले स्वतन्त्र व्यवसाय गरी प्रप्त गरेको आय रू.३,००,०००।- (वादीले स्वीकार गरेको तर अदालतले आय नमानेको), पुराना सुनचाँदीका गहना बिक्रीबाट प्राप्त आय रू.१,५०,०००।-, एकासगोलका सदस्यहरूको नामको जग्गा बिक्रीबाट प्राप्त आय रू.२,१२,०००।- एकासगोलको परिवारका सदस्यहरूको नामको जग्गाबाट प्राप्त कृषि आय रू.१७,७०,९७५।-, पशुपालनबाट प्राप्त आय रू.१२,६०,०००।-, २०३० सालको बन्डापत्रअनुसार हातहातै बाँडी लिएको रकम रू.३,००,०००।-, बैंकबाट प्राप्त ब्याज आय रू.८,६३,००९।६२, भान्जी कल्पना शर्माले राख्न दिएको रू.५,४०,०००।– समेत गरी प्रतिवादीको जम्मा आय रू.९९,६८,२७२।१३ रहेको देखिन्छ। यसैगरी प्रतिवादीले स्रोत पुष्टि गर्नुपर्ने सम्पत्ति जम्मा रू.४१,७१,१७५।९० रहने देखिन्छ। यसरी स्रोत पुष्टि गर्नुपर्ने सम्पत्तिभन्दा प्रतिवादी केदारप्रसाद चालिसेको आय बढी भई प्रतिवादीको आर्जन स्वाभाविक रहेको देखिँदा गैरकानूनी आर्जन भनी ठहर गर्नु न्यायोचित नदेखिने।

अतः वैधानिक आयका स्रोतहरूबाट प्राप्त आय स्रोत प्रमाणित गर्नुपर्ने सम्पत्तिभन्दा बढी

देखिएको अवस्थामा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र १५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसुरमा प्रतिवादी केदारप्रसाद चालिसेलाई सोही ऐनको दफा २०(१) ले बिगो रू.४१,७१,१७५।९० जरिवाना र कैद वर्ष एक हुने ठहऱ्याई विशेष अदालतबाट मिति २०६६।१०।१५ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी केदारप्रसाद चालिसेले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ। प्रतिवादी केदारप्रसाद चालिसेले सफाइ पाउने ठहर भएकोले र निजले भ्रष्टाचार गरेको ठहर नहुने फैसला भएकोमा अन्य प्रतिवादीहरू ५ जनाको नाममा भएको सम्पत्तिसमेत भ्रष्टाचार गरेको रकमभित्रको नदेखिँदा प्रतिवादी केदारप्रसाद चालिसे तथा अन्य प्रतिवादीहरूउपर समेत वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने देखिन नआउने।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७५ साल मङ्सिर २ गते रोज १ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७३-CR-१४१३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. अर्जुन चौधरी थारू*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष मिति २०७२।०२।२५ गते खाना खाई सुत्न लागेको अवस्थामा बुबाले रक्सी खाएर आई मलाई "पैसा ले" भन्दै तथानाम गाली गर्दै बाहिर आइज ठिक पार्छु भन्दै कराउन थाल्नु भएकोमा मलाई कतै सुतेको बेला मार्लान् भनी सोची घरबाट लगेको काठको पिर्काले पटक पटक टाउको, अनुहारमा हानेपछि बुबा जमिनमा ढल्नु भयो भनी कसुरमा साबित रही बयान गरेको पाइन्छ। अदालतसमक्ष पनि निज प्रतिवादीले आवेशमा आई बुबालाई पिर्काले टाउकोमा २ पटक हानेको थिएँ। बुबालाई मार्छु भनी हानेको होइन, रिसको झोंकमा हान्दा मृत्यु भएको हो भनी मृतकलाई काठको पिर्काले हिर्काएको कुरामा साबित रही बयान गरेको देखिन्छ। मृतकको शव परीक्षण प्रतिवेदनमा मृतकको मृत्युको कारण Intracranial haemorrhage बाट भएको भन्ने देखियो। यसरी मृतकलाई प्रतिवादीले पिर्काले टाउकोमा हिर्काएको तथ्य स्वीकार गरी प्रतिवादीले बयान गरेको र निजको सो बयानलाई "टाउकोमा परेको चोटका कारण मृतकको मृत्यु भएको" भनी लास जाँच केस फारामबाट पुष्टि भएको देखिने।

मृतक र प्रतिवादीबिच बाबु छोराको नाता रहेको कुरामा विवाद देखिएन। प्रतिवादीले आफूलाई जन्म दिने बुबालाई मार्नु पर्नेसम्मको रिसइवी तथा मनसाय रहेको छ भनी वादी नेपाल सरकारले स-प्रमाण पुष्टि गर्न सकेको पाइँदैन। तसर्थ मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार प्रतिवादीलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

बाबुले रक्सी सेवन गरी प्रतिवादी र आफ्नो श्रीमती अर्थात् प्रतिवादीको आमालाई गाली गलौज गरेका कारण आवेशमा आई पिर्काले टाउकोमा हानेको कुरा अदालतमा पनि स्वीकार गरेको पाइन्छ। प्रतिवादीले बुबालाई मार्छु भनी हानेको होइन भनी गरेको बयान बेहोरालाई जाहेरवालाले पनि मृतकले प्रतिवादीलाई पिटेकाले प्रतिवादी रिसको आवेशमा आई पिर्काले टाउकोमा हिर्काउँदा मृतकको मृत्यु भएको भनी बकपत्र गरेको पाइन्छ। वस्तुस्थिति मुचुल्काका मानिस सूर्यनारायण यादवले पनि बाबु छोराबिच रिसइवी थिएन भनी बेहोरा लेखाई बकपत्र गरेको अवस्था छ। साथै मृतकको श्रीमती एवम् प्रतिवादीको आमा तेतरी थारूले पनि प्रतिवादीको मृतकलाई मार्नेसम्मको कारण र इवी

थिएन भनी घटना विवरण कागजमा लेखाएकी छन् । वारदात हुँदाका अवस्थामा धारिलो हतियारको प्रयोग नभएको र ज्यान मार्ने मनसाय पनि रहेको नदेखिँदा प्रतिवादीउपर ज्यानसम्बन्धी महलको १४ नं. नै आकर्षित हुन आउने देखिने ।

अत: प्रतिवादी अर्जुन चौधरी थारूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. को कसुरमा १४ नं. अनुसार १०(दश) वर्ष कैद हुने ठहऱ्याएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७३।४।३२ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल साउन २२ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-०४५०, जबरजस्ती करणी, *नेपाल सरकार वि. रमेश बोहरा*

जाहेरवाली पीडितले प्रतिवादी रमेश बोहराउपर किटानी जाहेरी दिई अदालतसमक्ष प्रतिवादीहरूले जबरजस्ती करणी गरेका हुन् भनी बकपत्र गरेको पाइन्छ । तथापि निज पीडितको बकपत्रको स.ज.१० मा "मेरो दिदीको जेठानीको कोहलपुर मेडिकल कलेजमा अप्रेसन हुँदा म कुरूवा थिए । २० गते दिउँसो ११।१२ बजेतिर म र साथी दिपेन्द्र बसपार्क गयौं । म रिक्सामा अस्पताल फर्कंदा म चढेको रिक्साको अगाडि प्रतिवादीहरूले बस तेर्साई बहिनी कता हो भने मैले नजिकै अस्पतालसम्म हो भन्दा तिनीहरूले हामी पनि नेपालगञ्जकै हौं । बाँसघारीतिर सामान झारेपछि फर्कने हो भनेपछि सो बसमा बसे ठिकै होला भनी बसिराखेँ तर कोहलपुरको पश्चिमको बाटो मलाई थाहा नभएको एकैचोटी साँझ महेन्द्रनगर पुऱ्याइसकेपछि मैले फर्कनु पऱ्यो भन्दा बाटोमा चक्काजाम छ भनी महेन्द्रनगर होटलमा राख्यो ।" भनी बेहोरा लेखाएको पाइन्छ । यदि यी जाहेरवाली पीडित बिरामीको कुरूवाका लागि कोहलपुर आएको अवस्था हुँदो हो त पक्कै पनि अपरिचित व्यक्तिको भनाईमा परी महेन्द्रनगरसम्म जाने थिइनन् । एक ठाउँमा जाने भनी अर्कै ठाउँमा प्रतिवादी रमेश बोहराले पीडितको स्वेच्छाविपरीत लगेको हो भने कोहलपुर बसपार्कबाट महेन्द्रनगरसम्म सार्वजनिक बसमा यात्रा गर्दा आफूलाई जबरजस्ती उठाएर ल्याएको भनी कोही कसैसँग आफूले प्रतिक्रिया वा प्रतिकार गर्न सकेको पाइँदैन । अदालतसमक्षको बकपत्रमा पीडितले प्रतिवादीहरूसँग बाटोमा सँगै खाना खाएको, बाटोमा धेरै चेक पोष्ट थिए, सुरक्षा चेक पोष्टमा केही भनिन, बसमा अरू व्यक्ति चढ्ने ओर्लने गर्थे, आफूलाई महेन्द्रनगर ल्याउँदा बाँधेर ल्याएको थिएन म स्वतन्त्र थिएँ भन्ने जस्ता बेहोराहरू पनि लेखाएको पाइन्छ । यस अवस्थामा जाहेरवालीले जाहेरीमा उल्लेख गरेजस्तो निजलाई कसैले जबरजस्ती तानेर महेन्द्रनगर ल्याएको होइन भन्ने कुरा प्रस्ट हुने ।

मिति २०६८।२।२० गते भी कुमारीलाई कोहलपुरबाट गाडीमा ल्याई आएको हो । केटीलाई ल्याउने हेमन्त नायक हो । म सधैँ माउन्टेन होटलमा बस्ने हुँदा सो राति ११० नं. कोठामा म, हेमन्त नायक, अशोक भन्ने केटा र भी कुमारी सुते । हेमन्त नायक र भी कुमारी एउटै खटियामा सुते । म अलग खटियामा सुतेको हुँ । मैले जबरजस्ती करणी गरेको होइन भन्ने अदालतसमक्ष प्रतिवादी रमेश बोहराले इन्कारी बयान गरेको र अनुसन्धान अधिकारीसमक्ष समेत कसुरमा इन्कार रहेको पाइयो । सुरू अदालतबाट मुलुकी ऐन, अ.बं.११५ नं. बमोजिम बुझिएका वादी पक्षका साक्षी रमेश भट्टले जबरजस्ती करणीको घटना मेरो होटलमा भएको छैन भनी तथा प्रतिवादीका साक्षी असोकराज भट्टले प्रतिवादी रमेश बोहरा राम्रो बानी बेहोरा आचरण भएको मानिस हो । रमेशमाथिको आरोप झुठा हो भनी प्रतिवादीकोइन्कारीबयानलाईसमर्थनगरीबकपत्रगरेको

देखियो । माउन्टेन भ्यू होटलको कोठा नं.११० मा राति हो-होल्ला भएको थिएन र रातिको समयमा होटलमा कोको आए थाहा भएन भन्ने वस्तुस्थिति मुचुल्काका मानिस कृष्ण भट्टसमेतले मौकामा नै कागज गरिदिएको देखिन्छ । यसबाट पीडित जाहेरवाली माउन्टेन भ्यू होटलको कोठा नं.११० मा स्वेच्छाले बसेको र सोकोठामा बस्दा कुनै प्रतिक्रियासमेत नजनाएको भन्ने देखिन आयो । त्यसैगरी पीडित महेन्द्रनगरबाट कोहलपुर एक्लै बसमा फर्किंदै गरेकी अवस्थामा निजले प्रहरीलगायतको कुनै निकायमा प्रतिवादी रमेश बोहरासमेतले जबरजस्ती करणी गरेका हुन् भनी अपराधको सूचना दिएको वा कुनै किसिमको प्रतिक्रिया जनाएको अवस्था कहिँकतैबाट खुल्दैन । जाहेरवालीको भाउजू हिरादेवी थारूले अदालतसमक्ष बकपत्र गर्ने क्रममा स.ज.५ तथा स.ज.९ मा जाहेरवालीले २०६८।२।२१ गते घटनाबारे जानकारी गराइएको हो र हामीले उक्त घटनाको बारेमा कारबाहीको लागि कहिँकतै उजुरी गरेनौं भन्ने उल्लेख भएबाट पनि मौकामा उजुर नगर्ने जाहेरवालीको भनाइ विश्वासलायक नदेखिने।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा उल्लिखित कानूनी व्यवस्थाले सोह्र वर्षभन्दा माथिको महिलालाई निजको मन्जुरीले करणी गरेमा जबरजस्ती करणी गरेको नठहरिने भन्ने देखिन्छ । पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा जबरजस्ती करणी हुँदाको अवस्थामा पीडित र प्रतिवादीको शरीरमा हुन जाने सङ्घर्षका चिह्नहरू घा खतलगायत अन्य चोट पटकहरू रहे भएको छैनन् भनी प्रतिवेदनमा उल्लेख भएको अवस्था छ । पीडितको उमेर निजको अदालतसमक्षको बकपत्रमा १८ वर्ष भनी उल्लेख भएको परिप्रेक्ष्यलगायत माउन्टेन भ्यू होटलको कोठा नं.११० मा राति हो-होल्ला भएको थिएन भन्ने वादी पक्षका वस्तुस्थिति मुचुल्काका मानिस कृष्ण भट्टसमेतले मौकामा नै कागज गरिदिएको अवस्थासमेतबाट पीडितालाई प्रतिवादी रमेश बोहराले जबरजस्ती करणी गरेको भन्ने जाहेरी बेहोरा पुष्टि हुन सकेको नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ मा **"फौजदारी मुद्दामा आफ्नो अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेछ"** भन्ने कानूनी व्यवस्था रहेको छ। साथै कसुर प्रमाणित शङ्कारहित र वस्तुनिष्ठ आधारबाट हुनुपर्दछ। शङ्काको सुविधा अभियुक्तले प्राप्त गर्दछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्तसमेत रहेको छ । प्रस्तुत मुद्दामा उक्त कानूनी तथा सैद्धान्तिक दृष्टिकोणबाट हेर्दा प्रतिवादी रमेश बोहराले जाहेरवाली भि कुमारीलाई जबरजस्ती करणी गरेको कुनै वस्तुनिष्ठ आधार एवम् प्रमाण वादी नेपाल सरकारले पेस गर्न सकेको देखिँदैन। यस्तो स्थितिमा पीडितको जाहेरी दरखास्त र अदालतसमक्षको बकपत्रको आधारमा मात्र प्रत्यर्थी प्रतिवादीले जाहेरवालीलाई जबरजस्ती करणी गरेको हो भन्न मनासिब हुने देखिन नआउने।

अतः अभियोग मागदाबीबाट प्रतिवादी रमेश बोहराले सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत महेन्द्रनगरको मिति २०७०।६।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत १२ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CI-०७७७, खिचोला मेटाई घर भत्काई पाऊँ, *नारायणप्रसाद पौडेल वि. एवमाया मैनाली*

वादी स्वयम्ले प्रतिवादीले २०५२, २०५३ सालमा कि.नं.१०२७ मा घर बनाएको भन्ने सर्जमिनको भनाइलाई स्वीकार गरेको अवस्थामा आफ्नो फिरादपत्रमा विवादित कि.नं.१०२७ को जग्गामा मिति २०६८।०१।२० मा घर बनाई खिचोला गरेको

भन्ने जिकिर विश्वासलायक भएन । यस अवस्थामा कि.नं.१०२७ को जग्गामा २०५२, २०५३ सालमा नै घर निर्माण भएको मान्नुपर्ने हुन आयो । २०५२, २०५३ सालमा बनेको घर भत्काउनका लागि २०६८ सालमा फिराद दायर हुन आएको देखिने ।

मुलुकी ऐन, घर बनाउनेको ११ नं. हेर्दा "जग्गा मिची घर बनाएकोमा घर तैयार भएको मितिले एक वर्षभित्र नालिस नदिए लाग्न सक्दैन" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाअनुसार फिराद दायर हुन सकेको पाइएन । मालपोत कार्यालय, काभ्रेपलाञ्चोकबाट प्राप्त दर्ता स्रेस्ताको प्रतिलिपि, मिति २०६९।०९।२७ को सुरू जिल्ला अदालतको नक्सा मुचुल्का, पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।१२ मा भएको नक्सा मुचुल्काको न.नं.१३,१४ र १५ बाट विवादित कि.नं.१०२७ को जग्गा वादी नारायणप्रसाद पौडेलको नाममा दर्ता भई सोमा रहेको घर प्रतिवादी पार्वती भन्ने एवमाया मैनालीको भोगमा रहेको भन्ने देखियो । यसरी प्रतिवादीले विवादित कि.नं.१०२७ को जग्गामा २०५२, २०५३ सालमा नै घर बनाई भोग गरी आएकोमा सो जग्गाबाट घर उठाई पाउँ भनी समयमा नै यी पुनरावेदक वादीले कानूनी उपचारको बाटो नखोजेबाट प्रतिवादीले वादीको जग्गामा घर बनाई गरेको भोगचलनलाई मौन सहमति प्रदान गरेको देखियो । साबिकदेखि नै भोग गरी आफू बसोबास गरी आएको घरमा प्रतिवादीको भोगाधिकार रहेको देखिन आउने ।

अत: कि.नं.१०२७ को जग्गामा बनेको मिति २०७१।१२।१२ को पुनरावेदन अदालत पाटनबाट भएको नक्सा मुचुल्कामा उल्लिखित न.नं.१४, १५ को घरहरू भत्किई पाताल भएका बखत कि.नं.१०२७ को जग्गामा प्रतिवादीको खिचोला मेटाई वादीले चलन पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७२।४।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुदीपकुमार भट्टराई

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७५ साल जेठ ४ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७२-CR-१५९९, आगलागी, *नेपाल सरकार वि. कुले रानासमेत*

जाहेरवालाले आफ्नो जाहेरीमा मूल घरभन्दा अलि टाढा रहेको गोठमा खाना खाइरहेको अवस्थामा घरमा आगलागी भएको, आगोको उज्यालोले प्रतिवादीहरूलाई चिनेको र निजहरूले घर घेरा हाली बसेको डरले हामी त्यहाँ जान सकेनौं भनी क्षतिपूर्तिसमेत माग गरे तापनि अदालतमा बकपत्र गर्दा यस्ता कुराहरू सिलसिलेवार रूपमा खुलाई बकपत्र गर्न सकेको देखिएन । वारदात मिति २०५२।११।१६ गते भनिए तापनि मिति २०५२।११।२२ मा मात्र जाहेरी परेको, मौकाको जाहेरीमा के कुन साधनद्वारा के कसरी के कुन प्रतिवादीले जाहेरवालाको घरमा आगो लगाएको हो स्पष्ट रूपमा खुलाउन सकेको पाइँदैन । वारदातमा संलग्न भएका भनिएका प्रतिवादीहरू मौकामा घटनास्थलबाट पक्राउ पर्न सकेको पनि पाइएन । अनुसन्धानका क्रममा मौकामा कागज गर्ने नरबहादुर खड्काले यिनै प्रतिवादीहरूले आगो लगाएका हुन् भनी किटानीसाथ अदालतमा बकपत्र गर्न सकेको पाइँदैन । घटना वारदात भएको हो भनी मौकाका घटनास्थल प्रकृति मुचुल्कामा रोहबरमा बस्ने मानिसहरूले आफ्नो बेहोरालाई पुष्टि एवम् प्रमाणित गर्ने हेतु अदालतमा उपस्थित भई बकपत्र गरेको देखिँदैन । यसरी वादी पक्षले आफ्नो सबुत प्रमाण पेस गर्न नसकेको अवस्थामा शङ्काको भरमा मात्र यी प्रतिवादीहरूलाई कसुरदार ठहर गर्न नमिल्ने ।

प्रतिवादीहरू अतिराम विष्ट, कुलबहादुर भन्ने

कुले राना, भोटबहादुर राना भन्ने भुपेन्द्र राना, भरत पुन भन्ने भरत प्रकाश पुन, दुर्गे राना र लोकेन्द्र विष्ट मगरको संलग्नता रहेको तथ्य वादी पक्षबाट वस्तुनिष्ठ प्रमाणका आधारमा पुष्टि गराउन सकेको पाइँदैन । यस अवस्थामा प्रतिवादीहरू अतिराम विष्ट, कुलबहादुर भन्ने कुले राना, भोटबहादुर राना भन्ने भुपेन्द्र राना, भरत पुन भन्ने भरत प्रकाश पुन, दुर्गे राना र लोकेन्द्र विष्ट मगरलाई मुलुकी ऐन, आगो लगाउनेको १ नं. विपरीतको कसुरमा ५ नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: प्रतिवादीहरू अतिराम विष्ट, कुलबहादुर भन्ने कुले राना, भोटबहादुर राना भन्ने भुपेन्द्र राना, भरत पुन भन्ने भरत प्रकाश पुन, दुर्गे राना र लोकेन्द्र विष्ट मगरलाई सुरू रूकुम जिल्ला अदालतबाट मिति २०५४।१०।२९ मा अभियोग माग दाबीबमोजिमको आरोपित कसुरमा जनही ४ (चार) वर्ष कैद सजाय गर्ने गरेको फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भन्ने पुनरावेदन अदालत तुलसीपुरबाट मिति २०७२।६।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुदिपकुमार भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत १२ गते रोज २ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-CR-१००३, ठगी, *नेपाल सरकार वि. हरिनारायण प्रसाद साह कानूसमेत*

वादी रामदेव साह कलवार र प्रतिवादी नानपति लोहारिनको बिचमा मिति २०६२।४।१० मा लिखत दर्ता बदर दर्ता मुद्दा परेको देखिन्छ । उक्त मुद्दामा रामदेव साह कलवारले नक्कली रामदेव साह कलवार बनी लिखत पारित गरिदिने भनिएका मानिस मुनिलाल साहलाई विपक्षी नै बनाएको देखिँदैन । उक्त लिखत दर्ता बदर दर्ता मुद्दामा वादी रामदेव साह कलवार र प्रतिवादी नानपति लोहारिनबिच मिति २०६२।८।८ मा मिलापत्र भएको प्रमाण मिसिलबाट देखिन्छ । उक्त मिलापत्रबमोजिम कि.नं. १०१ को ०-१-३-१२ जग्गा वादी रामदेव साह कलवारको नाममा फिर्ता भएको उक्त मिलापत्रको बेहोराबाट देखिने ।

वादी रामदेव साह कलवार र प्रतिवादी नानपति लोहारिन, अकलु महतो, श्रीनिवास ठाकुर लोहार र जोखन साह कलवार भएको जालसाजी मुद्दामा समेत वादी र प्रतिवादीहरूको बिचमा वादी दाबी छोडी छोडाई मिति २०६२।८।८ मा नै मिलापत्र भएको प्रमाण मिसिलबाट देखिएको छ । त्यसर्थ लिखत दर्ता बदर दर्ता मुद्दामा मिलापत्र भई रामदेव साह कलवारको नाममा उक्त जग्गा फिर्ता भइसकेको र जालसाजी मुद्दामा सम्पूर्ण दाबी छोडी वादी प्रतिवादीहरूको बिचमा मिलापत्र भई एकआपसमा व्यवहार मिलाइसकेको अवस्थामा सबुद प्रमाणको अभाव रहेको भनी प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरी सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेकै देखिन आउने ।

अत: विवेचित आधार, कारण र प्रमाणसमेतबाट सबुद प्रमाणको अभावमा प्रतिवादीहरूले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६६।२।४ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६७।९।१३ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

इति संवत् २०७५ साल साउन २१ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७२-CI-०६००, अंश, *सुलेमान बागवान वि. जियाउद्दिन बागवान*

विवादित कि.नं. १६१, २० र ८०९।८२३ का जग्गाहरू मुन्नी बागवानले राजीनामाबाट प्राप्त गर्दा निजको बाबु अलि हसनको नामबाट आएको नभई दाइजोबाट खरिद गरेको भन्ने उल्लेख भएको देखिन्छ । दाइजोबाट खरिद गरेको भन्ने बेहोरा उल्लेख भएकोमा सो कुरा वस्तुनिष्ठ र विश्वसनीय आधारबाट पुष्टि गर्ने प्रमाणको भार सो व्यक्त गर्ने प्रतिवादीको नै हुन्छ । दाइजोबाट खरिद गरेको भन्ने लेखेकै मात्र आधारमा दाइजोबाटै खरिद गरेको भन्ने पुष्टि हुन सक्दैन । तसर्थ दाइजोबाट खरिद गरेको भन्ने पुष्टि हुन नसकेको अवस्थामा सो सम्पत्तिलाई निजी आर्जनको मान्न मिलेन । निजी सम्पत्ति भन्ने प्रमाणित भएको अवस्थामा बाहेक सगोलमा बसेको समयमा नै राजीनामाबाट प्राप्त गरेको देखिँदा प्रमाण ऐन, २०३१ को दफा ६(क) को कानूनी व्यवस्थाबमोजिम सगोलकै सम्पत्ति मान्नु पर्ने देखिन आयो । एउटै प्रकृतिको कि.नं. २४२ को जग्गा बन्डा नलाग्ने ठहर भएपश्चात् अन्य दाबीका जग्गामा समेत बन्डा नलाग्ने ठहऱ्याउनु पर्छ भन्ने मात्र आधारमा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । यस्तो अवस्थामा सुरू जिल्ला अदालतबाट प्रतिवादीहरूले पेस गरेको तायदाती फाँटवारीमा उल्लिखित जग्गाहरूमध्ये कि.नं.२४२ को जग्गा प्रतिवादीमध्येकी मुन्नी बागवानको निजी आर्जनको भई बन्डा नलाग्ने र सोबाहेका अन्य तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण सम्पत्तिलाई वादी दाबीबमोजिम ३ भाग लगाई सो ३ भागको १ भाग सम्पत्ति वादीले अंश पाउने ठहऱ्याई बाँके जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत नेपालगन्जको फैसला मिलेकै देखिन आउने ।

अत: विवेचित आधार, कारण र प्रमाणसमेतबाट पुनरावेदन अदालत नेपालगञ्जबाट मिति २०६९।२।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल मङसिर ४ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७२-CI-०६०१, मिलापत्र बदर, *सुलेमान बागवान वि. जियाउद्दिन बागवान* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७३-CR-०३९६, ०७५-CR-०३९७ र ०७३-CR-०६८८, कर्तव्य ज्यान, *हजरकला शाही वि. नेपाल सरकार, नेपाल सरकार वि. हस्तबहादुर शाहीसमेत र गंगबहादुर शाही वि. नेपाल सरकार*

प्रतिवादी हस्तबहादुर शाहीको मृतकलाई मार्ने कार्यमा कुनै भूमिका रहे भएको देखिन आएन । जहाँसम्म निज प्रतिवादीले आफू यार्सागुम्बा टिप्न गई फर्केपछि घरमा श्रीमतीले आत्महत्या गरेको र लास कर्णालीमा फालेको भन्ने थाहा पाएको अवस्थामा समेत प्रहरीलाई खबर नगरी बसेको भन्ने आरोप छ सो सम्बन्धमा यी प्रतिवादी अनुसन्धान अधिकारी र अदालतमा समेत साबित रही बयान गरेको अवस्था छ । यस्तो अवस्थामा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको २५ नं. विपरीत कसुर गरेको देखिन आएकोले निजलाई पुनरावेदन अदालत जुम्लाबाट सोहीअनुसार सजाय गर्ने गरी भएको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन नआउने ।

स्वयम् प्रतिवादी, अन्य प्रतिवादीहरू र बुझिएका मानिसहरूको भनाइबाट समेत निज प्रतिवादी

राकेश शाहीले बुबा गंगबहादुरको निर्देशनबमोजिम लास दबाउने कार्यमा सरिक भएको भने पुष्टि भइरहेको अवस्था हुँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ नं. र २५ नं. बमोजिम सजाय गर्ने गरी पुनरावेदन अदालत जुम्लाबाट भएको फैसला अन्यथा नभई मिलेकै देखिन आउने।

झुण्डिएर मरेकी बुहारीलाई दिनभर कोठामा चाबी लगाई लुकाई राख्ने, गाउँका अन्य मानिसहरू कसैलाई खबर नगर्ने, १० मिनेटको दुरीमा भएको प्रहरी कार्यालयलाई कुनै जानकारी नदिने र रातको समयमा लाइटसमेत बाल्न नदिई लास बोक्ने प्रतिवादीहरूलाई रक्सी सेवन गराई अरूलाई भनेमा ठिक नहुने धम्कीसमेत दिई कर्णालीमा लगी बगाउने, बगाइसकेपछि लास बग्यो कि बगेन भनी तलसम्म गई हेर्ने जस्ता कार्यबाट निज प्रतिवादीहरूको झुण्डिई मृत्यु भएको भन्ने भनाइलाई समर्थन गर्ने अवस्था देखिँदैन। एकेन्द्र ७ वर्षको मात्रै देखिँदा निजले चुकुल खोले होलान् भनी सहज अनुमान गर्न सकिने अवस्था पनि नदेखिने।

घटनाको धेरै पछि अनुसन्धान सुरू भएको देखिँदा निज बालकको हजुरबुबा / आमाले निजलाई फकाई फुलाई वा डर त्रास देखाई वा अन्य कुनै पनि प्रकारले प्रभावमा पारी सिकाई मौकाको र अदालतको बकपत्र लेखाउन लगाएको सम्भावनासमेत रहेको देखिने।

प्रतिवादीहरूले मृतक झुण्डिएको पासो काटेकोले प्रहरीलाई खबर गरेमा मारेको शङ्का गर्छन् भनी खबर नगरेको भने पनि एकातिर मृतक झुण्डिएको भनी कुनै प्रमाणबाट देखिन आउँदैन भने अर्कोतर्फ यी प्रतिवादीहरूले लास दबाइसकेको अवस्थामा मृतकको मृत्यु झुण्डिएर नै भएको भनी शव परीक्षण गराई पुष्टि गराउनसमेत सम्भव देखिँदैन । प्रतिवादी गंगबहादुरले वारदातस्थलबाट पासो काट्न प्रयोग भएको छुरी बरामद भएको भनी उल्लेख गरे पनि उक्त पासो काटिसकेपछि झुण्डिन प्रयोग भएको पासोसमेत फेला परेको अवस्था छैन । लास बरामद भई शव परीक्षण हुन नसकेको अवस्थामा झुण्डिएको भनी पुष्टि हुने अवस्थासमेत देखिँदैन । मृतकले यो यस्तो कारणले आत्महत्या गरेकी हुन् भन्ने कुरासमेत प्रतिवादीहरूले खुलाउन सकेको नदेखिने।

मृतकले पासो लगाई झुण्डिएकी हुन् भन्ने प्रतिवादीहरूको भनाइ अन्य प्रमाणद्वारा पुष्टि हुन सकेको नदेखिएको र मृतक मर्नु पर्नेसम्मको अवस्था रहेको भन्नेसमेत नदेखिएको अवस्थामा यी प्रतिवादीहरूले नै मृतकलाई मारी आरोपबाट उन्मुक्ति पाउन लास दबाएको देखिने।

प्रतिवादीहरू गंगबहादुर र हजरकला शाहीले नै मृतक देवलक्ष्मीलाई योजनाबद्ध रूपमा मारी घटनाबाट बच्न लास दबाएको र हराएको बहाना बनाएको भन्ने परिस्थितिजन्य प्रमाणबाट देखिन आउँछ । यस्तो अवस्था यी प्रतिवादीहरूलाई सुरू अदालतबाट अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरेको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत जुम्लाको फैसला अन्यथा नभई मिलेकै देखिन आउने।

तसर्थ उपर्युक्तबमोजिमका तथ्य र प्रमाणबमोजिम प्रतिवादीहरू गंगबहादुर शाही र हजरकला शाहीलाई अभियोग मागदाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गर्ने गरी जिल्ला अदालत हुम्लाको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत जुम्लाको फैसला, प्रतिवादी हस्तबहादुर शाहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको २५ नं. बमोजिम र प्रतिवादी राकेश शाहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ४ नं. र २५ नं. बमोजिम सजाय गर्ने गरी पुनरावेदन

अदालत जुम्लाबाट मिति २०७२।७।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७५ साल जेठ १० गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-११०९, सवारी ज्यान, *विरेन्द्रकुमार साहु वि. नेपाल सरकार*

वस्तुस्थिति मुचुल्का, घटनास्थल मुचुल्कालगायत दुर्घटनामा परी घाइते भएका मानिसहरू मौकामा गरिदिएको कागजको बेहोरासमेतबाट गाडीको क्षमताभन्दा बढी यात्रुहरू र मालसामान राखेको कारण ओभरलोड हुन गई गाडी दुर्घटना भएको हो भन्ने तथ्य स्थापित भएको देखिन्छ। दुर्घटना भएको उक्त बसको मालिक प्रतिवादी डम्बरबहादुर साहुसमेतले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा गाडीको क्षमता ३२ जनाको सिट भएको, कच्ची सडकमा गाडीको क्षमताभन्दा बढी यात्रुहरू र मालसामान हाल्नु भूल भएको भन्ने बेहोरा लेखाई दिएको देखिन्छ । यी पुनरावेदक प्रतिवादी विरेन्द्र कुमार साहुसमेतले गाडीको क्षमताभन्दा बढी यात्रुहरू गाडीको भित्र सिटमा, ग्यालेरीमा र छतमा समेत बसेका कारण गाडी ओभरलोड हुन गई साँघुरो बाटोमा गाडी मोड्न लाग्दा कच्ची सडकमा गाडीको पछाडिको चक्का धसिन गई दुर्घटना भएको हो भनी अनुसन्धानको क्रममा र अदालतमा समेत बयान गरेको देखिन्छ । मिसिल संलग्न प्रमाण कागजात तथा प्रतिवादीहरूको बयान बेहोरासमेतबाट गाडीको क्षमताभन्दा बढी यात्रु तथा अन्य मालसामान राखेको कारणले गाडी ओभरलोडको कारणले नै उक्त दुर्घटना भएको भन्ने कुरा निर्विवाद रूपमा पुष्टि भएको देखिने।

पहाडी क्षेत्रको कच्ची सडकमा गाडीको क्षमताभन्दा धेरै बढी संख्यामा यात्रुहरू तथा अन्य मालसामानसमेत राखी यी पुनरावेदक प्रतिवादी विरेन्द्र कुमार साहुले गाडी चलाएको अवस्थामा ओभरलोडको कारणले गाडीको पट्टासमेत भाँचिइसकेपछि पनि अझै गाडी चलाउँदा दुर्घटना हुन सक्ने प्रवल सम्भावना रहनेतर्फ कुनै सावधानी नअपनाई लापरवाहीपूर्वक गाडी चलाएको अवस्थामा उक्त दुर्घटना भएको देखिन्छ। सवारी साधन चलाउँदा सावधानी अपनाउनु पर्ने, गाडीको कन्डिसन ठिक छ, छैन सोतर्फ ध्यान दिनुपर्ने, दुर्घटनाको सम्भाव्यतातर्फ पूर्वसूचित हुनुपर्ने, जिम्मेवारी तथा दायित्व स्वयम् सवारीचालकको नै हुन जान्छ। प्रस्तुत घटनामा यी पुनरावेदक प्रतिवादी विरेन्द्रकुमार साहुले गाडीको क्षमताभन्दा बढी यात्रु तथा अन्य मालसामान राखी कच्ची सडकमा ओभरलोड भएको गाडी चलाउँदा दुर्घटना हुन सक्ने सम्भावनामा कुनै सावधानी अपनाएको देखिँदैन। उक्त गाडीको पट्टा भाँचिइसकेपछि पनि ठिक कन्डिसनमा गाडी छैन भन्ने कुरा चालकलाई जानकारी हुँदाहुँदै पनि जबरजस्ती लापरवाहीपूर्वक ओभरलोड भएको गाडी चलाएको कारणबाट नै उक्त दुर्घटना भई २९ जना यात्रुको मृत्यु भएको र ६८ जना गम्भीर घाइते भएको देखिन्छ। आफूले चलाएको गाडीको क्षमता के कति हो भन्ने सम्बन्धमा स्वयम् चालकले जानकारी लिनुपर्ने विषय हो । गाडीको क्षमताबमोजिम यात्रुहरू चढाउनु पर्ने दायित्व चालकको नै हुन्छ । प्रस्तुत घटनाको सम्पूर्ण कागज प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादी विरेन्द्रकुमार साहुले गाडीको क्षमताभन्दा बढी यात्रु र अन्य सामान राखी पहाडी क्षेत्रको कच्ची सडकमा बस चलाएको र बसको पट्टा भाँचिइसकेपछि पनि दुर्घटना हुन सक्ने सम्भावनातर्फ कुनै सावधानी नै नअपनाई बस चलाएको कारणबाट उक्त दुर्घटना भएको हुँदा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम नै सजाय हुने देखिन आउने।

चालक प्रतिवादी विरेन्द्र कुमार साहुको मात्र गल्तीको कारण दुर्घटना भएको नभई बाटोको

अवस्था, यात्रुहरूको व्यवहार, यात्रुहरू चढ्नु पर्ने र चालकको चढाउनै पर्ने बाध्यात्मक परिस्थितिसमेतको संयोजनबाट भएको भन्ने देखिँदा अधिकतम कैदको सजाय गर्नु न्याय र विवेकसङ्गत हुने देखिएन । तसर्थ यी पुनरावेदक प्रतिवादी विरेन्द्रकुमार साहुलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम ६ (छ) वर्ष कैद सजाय गर्दा पनि कानून र न्यायको मक्सद पूरा हुने नै देखिँदा प्रतिवादी विरेन्द्रकुमार साहुलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहर गरी सुरू डोटी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत दिपायलबाट भएको फैसला १० (दश) वर्ष कैद सजाय गरेको हदसम्म मिलेको नदेखिँदा उक्त फैसला सो हदसम्म केही उल्टी भई यी पुनरावेदक प्रतिवादी विरेन्द्रकुमार साहुलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम ६ (छ) वर्ष कैद सजाय हुने ।

अत: विवेचित आधार, कारण र प्रमाणबाट प्रतिवादी विरेन्द्रकुमार साहुलाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) बमोजिम १० (दश) वर्ष कैद सजाय हुने ठहर गरी सुरू डोटी जिल्ला अदालतबाट मिति २०७१।१२।११ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत दिपायलबाट मिति २०७२।६।२४ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज पुनरावेदक प्रतिवादी विरेन्द्रकुमार साहुलाई ६ (छ) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७५ साल माघ ७ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६७-CI-१००३, अपुताली हक कायम नामसारी दा.खा. गराई पाउँ, *यदुराज घिमिरेसमेत वि. निर्मला घिमिरे कँडेल*

प्रस्तुत मुद्दामा वादीले फिरादपत्रमा उठाएको तथ्यलाई प्रतिवादीहरूले खण्डन नगरी स्वीकार गरेको पाइन्छ । प्रतिवादीहरूले आफ्ना पिता सुकदेवलाई संरक्षण गरी पालनपोषण, स्याहार सम्भार यस किसिमले गरेको भनी भन्न पनि नसकेको अवस्था देखिन्छ । यी प्रतिवादीहरूले बाबु सुकदेवको मृत्यु भएपछि लास सदगत पनि आफ्नो रीत परम्पराअनुसार नगरी छोरी निर्मला घिमिरे (कँडेल) ले आफ्नो रीत परम्पराअनुसार गरेको तथ्य निर्विवाद पुष्टि आएको देखिने ।

बाबुको काज क्रियालगायतको काम वादी निर्मला घिमिरे (कँडेल) ले गरेको अवस्था मिसिल संलग्न आधार प्रमाणबाट स्पष्ट भइरहेको अवस्थामा विवाहिता छोरी भए पनि पालन पोषण गरेको अवस्थाका व्यक्तिले अपुताली पाउने कानूनी व्यवस्था रहेको हुँदा सोहीअनुसार वादी निर्मला घिमिरे (कँडेल) ले अपुताली पाउने आधारबाट गरेको तनहुँ जिल्ला अदालतको फैसला सो हदसम्म मिलेकै पाइन्छ । तर पार्वती घिमिरेले मृतक बुबा शुकदेव घिमिरेको अपुताली खानु पर्ने भनी कहीँकतै दाबी नगरेकी र अपुतालीको १५ नं.ले अपुताली खान पाउनेले अपुताली खान्न भने कर लाग्दैन भन्ने रहेको कानूनी व्यवस्थाअन्तर्गत दाबी नै नगर्ने व्यक्तिलाई अपुताली दिने आधारबाट भएको सुरू फैसला सो हदसम्म मिलेको पाइएन । त्यसका साथै पार्वती घिमिरेले बाबुलाई पालन पोषणसमेत गरेको अवस्था कुनै प्रमाणबाट पुष्टिसमेत रहेको देखिँदैन । तसर्थ, सुरू तनहुँ जिल्ला अदालतले मिति २०६६।३।२१ मा गरेको फैसला र पार्वती घिमिरेलाई अपुताली दिने फैसला सो हदसम्म नमिलेको हुँदा सो हदसम्म फैसला उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट मिति २०६७।०६।१७ मा भएको फैसला मनासिब नै देखिने ।

अतः विवेचित आधार, प्रमाण र कारणहरूसमेतबाट वादी निर्मला घिमिरे (कँडेल)

ले अपुताली पाउने आधारबाट सुरू तनहुँ जिल्ला अदालतबाट मिति २०६६।३।२१ मा भएको फैसला सो हदसम्म मिलेको र पार्वती घिमिरेले बाबुलाई पालनपोषणसमेत गरेको अवस्था कुनै प्रमाणबाट पुष्टि हुन आएको नदेखिँदा सुरू तनहुँ जिल्ला अदालतबाट मिति २०६६।०३।२१ मा भएको फैसला र पार्वती घिमिरेलाई अपुताली दिने गरी भएको फैसला सो हदसम्म नमिलेको देखिँदा सो हदसम्म उक्त फैसला उल्टी हुने ठहऱ्याई पुनरावेदन अदालत पोखराबाट मिति २०६७।०६।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल फागुन २८ गते रोज २ शुभम्।

६

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-WO-०११५, परमादेश, *रोशनी राना मगर वि. प्रधानमन्त्री तथा मन्त्रिमरिषद्को कार्यालय, सिंहदरबारसमेत*

नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ को उपनियम (१) मा वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने सोह्र वर्ष उमेर पूरा भएको नेपाली नागरिकले बाबु वा आमा वा आफ्ना वंशजतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र, जन्मस्थान वा नाता खुल्ने गरी सम्बन्धित स्थानीय निकायले गरी दिएको सिफारिस वा जन्मदर्ता प्रमाणपत्र र तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेस गरेको अवस्थामा उक्त नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्रसमेतका कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको ढाँचामा प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनुपर्ने भनी उल्लेख भएको देखिने।

संविधान, कानून, नियम, सन्धि महासन्धिहरूले छोराछोरीले पनि बाबु आमा दुवै जनाबाट नागरिकता प्राप्त गर्न सक्ने भन्ने समान अधिकार प्रत्याभूत गरेको देखिन्छ । बाबु बेपत्ता रहेको स्थितिमा निजको स्थायी ठेगाना थाहा नभएको अवस्थामा आमा जो आफैँ यो देशको वंशजको नागरिक छिन्, निजका सन्तानसँगै रहेको अवस्थामा आमाको नामबाट सन्तानले नागरिकता प्राप्त गर्न सक्ने व्यवस्थामा अवरोध खडा गरिएमा यसले आमाको नेपाली नागरिकसरहको समानताको हक तथा उनको परिवारको हक, वासस्थान चयनको हकमा समेत असर पर्न जान्छ । अन्तर्राष्ट्रिय कानूनले राज्यविहीनता स्वीकार्य नगर्ने तथा प्रत्येक बालबालिकाको पहिचान संरक्षण गर्न पर्ने दायित्व राज्य पक्षलाई देखिने।

नागरिकताको प्रमाणपत्रले नै व्यक्तिलाई खास देशको नागरिक भन्ने पहिचान गराउँदछ । नागरिक नबनीकन राजनीतिक अधिकार उपभोग गर्न सकिँदैन। राजनीतिक एवम् आर्थिक अधिकार उपभोग गर्न र नागरिक भन्ने चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ। मौलिक हक उपभोग गर्ने, रोजगार प्राप्त गर्ने, सार्वजनिक पद धारण गर्ने, राजनीतिक अधिकार उपभोग गर्ने, सामाजिक सुरक्षा प्राप्त गर्ने र मतदान गर्ने आदि विभिन्न मौलिक हक राज्यले आफ्ना नागरिकलाई प्रदान गर्ने।

राजनीतिक हक नागरिकबाहेक अन्य व्यक्तिलाई प्राप्त हुँदैन । नागरिकताको प्रमाणपत्र संविधान र कानूनले नागरिक हुन योग्यता पुगेको व्यक्तिलाई कानूनले तोकेको प्रक्रिया पूरा गरेको अवस्थामा राज्यले उपलब्ध गराउनु पर्छ । यो कुनै पदाधिकारीले चाहेर उपलब्ध हुने र नचाहेर उपलब्ध नहुने भन्ने हुँदैन। हाम्रो संविधान र कानूनमा तोकेको योग्यता पुगेको व्यक्तिले नेपालको नागरिकताको प्रमाणपत्र प्राप्त गर्न माथि लेखिएको बेहोरा ठिक छ, बेहोरा ढाँटी नागरिकता प्राप्त गरेमा कानूनबमोजिम सहुँला बुझाउँला भनी नेपाल नागरिकता नियमावली, २०६३ को अनुसूची-१ को ढाँचाको फाराम भरी सही

गरी नेपाली नागरिक भन्ने प्रमाणसहित आवेदन गरेपछि त्यस्तो व्यक्तिलाई तोकिएको अधिकारीले नेपालको नागरिताको प्रमाणपत्र जारी गर्नुपर्ने।

निवेदिकाको जन्म हुँदाका अवस्थामा निजकी आमा ठूलीकान्छी राना वंशजको आधारमा नेपाली नागरिक रहेको अवस्था हुँदा नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को प्रावधानसमेतले पनि यी निवेदिकाले वंशजका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउनमा कुनै बाधा गरेको देखिँदैन । यसप्रकार निज रिट निवेदिकाले वंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्र पाउनु पर्ने गरी संवैधानिक तथा कानूनी व्यवस्था रहे भएको देखिने। निवेदकले बाबु बेपत्ता भएको भन्ने प्रश्न छ बाबु बेपत्ता हुँदैमा निवेदिकाले नागरिकता नपाउने भन्ने हुँदैन । नेपालको संविधानको धारा ११(४) को व्यवस्थाको सापेक्षतामा हेर्दा पितृत्त्व वा मातृत्त्वको ठेगाना नभएको नेपालभित्र फेला परेको व्यक्तिको हकमा समेत निजले वंशजको आधारमा नागरिकता पाउने व्यवस्था गरेको देखिन्छ भने नेपालको संविधानको धारा ११(५) मा नेपालको नागरिक आमाबाट जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेका व्यक्तिले वंशजको आधारमा नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था रहेको देखिने।

वंशजको आधारमा नागरिकता लिएकोमा पछि बाबु विदेशी ठहरेमा आमाको नामबाट नागरिकता लिने व्यक्तिको वंशजको नागरिकता अङ्गीकृत नागरिकतामा परिणत हुने देखिन्छ । बाबु वा आमामध्ये कसैको नामबाट नागरिकता लिन सक्ने व्यवस्था संविधान तथा ऐनमा भएपछि बाबु बेपत्ता भएको अवस्थामा आमाको नागरिकता राखी निवेदन दिन सक्ने नै हुन्छ। नागरिकता व्यक्तिको व्यक्तिगत पहिचानसँग जोडिएको अत्यन्त संवेदनशील विषय हुँदा सारभूतरूपमा नागरिक हो भन्ने देखिएको स्थितिमा कार्यविधिको स-सानो अत्तो थापेर समस्यामा पार्नु न्यायपूर्ण नहुने।

संविधान र कानूनी प्रक्रिया पूरा गरी आवेदन गर्ने नागरिकलाई नागरिकता प्राप्त गर्नबाट वञ्चित गरिनु कानून र नियमसङ्गत हुन सक्दैन। सार्वजनिक काम, कर्तव्य र अधिकार भएका जिम्मेवार पदाधिकारीले आफूलाई तोकिएको जिम्मेवारी पालना नगरेको अवस्थामा त्यस्ता पदाधिकारीका काम कारबाहीउपर कानूनमा उपचारको व्यवस्था नरहेको अवस्थामा यस अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग हुन सक्ने नै देखिने।

नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौता र हाम्रो संविधान, कानूनी व्यवस्थासमेतले वंशजको आधारमा नेपाली नागरिकता प्राप्त आमाको नामबाट निजका सन्तानले नागरिकता प्राप्त गर्न सक्ने नै देखिएको अवस्थामा यस अदालतबाट निवेदन मागबमोजिमको आदेश जारी गरी उपचार प्रदान गर्नुपर्ने नै देखिन आउने।

अतः उल्लिखित तथ्य, आधार, कारण र यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेतबाट प्रस्तुत निवेदनमा निवेदिका रोशनी राना मगरको आमा ठूली कान्छी राना नेपाली नागरिक भएको भन्ने कुरासमेत प्रमाणित भएको र निवेदिका रोशनी राना मगरको नेपाली नागरिक ठूली कान्छी रानाबाट नेपालमा जन्मेको र नेपालमै बसोबास गरेकोसमेत देखिएकोले निवेदिकाले आमाको नागरिकता पेस गरी सम्बन्धित वडाको सिफारिससाथ निवेदन दिएमा आमाको नामबाट नागरिकता प्रदान गर्नु भनी जिल्ला प्रशासन कार्यालय, नुवाकोटको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७६ साल वैशाख १३ गते रोज ६ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६८-CI-००९२, निषेधाज्ञा / परमादेश, *रामप्यारी देवीसमेत वि. नवराज मण्डल धानुकसमेत*

निवेदक रामप्यारी देवीको नाउँ दर्ताको कि.नं.५८१ र ५८२ को जग्गाको हक स्वामित्वमा कुनै विवाद देखिएन। पुनरावेदन अदालत जनकपुरको आदेशबमोजिम मिति २०६७।८।६ मा भई आएको नाप नक्सा हेर्दा उक्त विवादित भनिएको हनुमान मन्दिर निवेदकले दाबी गरेको नम्बरी जग्गामा नरही न.नं. ३ को सार्वजनिक जग्गामा रहेको देखियो। उक्त नक्सा गराउँदाको अवस्थामा राम किसुन दास मण्डल फिल्डमा सम्म उपस्थित भई नक्सा मुचुल्काको रोहबरमा बस्न इन्कार गरेको भन्ने नक्सा मुचुल्काको बेहोराबाट देखिने।

निवेदकले दाबी गरेको कि.नं. ५८१ क्षेत्रफल ०-०-१० जग्गा र कि.नं. ५८२ को ०-०-१$^1/_2$ जग्गा निवेदकहरूकै भोगचलनमा रहेको भन्नेसमेत नक्सा मुचुल्काबाट देखिन्छ । निवेदकको दाबीबमोजिम निजको जग्गामा उक्त हनुमानको मन्दिर निर्माण भएको भन्ने देखिएन। निवेदकले उक्त मन्दिर आफूले निर्माण गरी रेखदेख पूजाआजा गरी आएको भन्ने जिकिर लिएपनि सो मन्दिर निजले नै निर्माण गरेको भन्ने कुराको सबुत प्रमाण केही पेस गर्न सकेको नदेखिने।

सार्वजनिक स्थलमा निर्माण भएको मन्दिरको रेखदेख तथा पूजा आराधना चलाउने उद्देश्यले स्थानीय मानिसहरूले मन्दिरको नाउँमा हनुमान युवा कमिटी नाउँको संस्था दर्ता गरी संस्थागत कार्य गर्न लागेको देखिएको छ । निवेदकको व्यक्तिगत नम्बरी जग्गामा मन्दिर निर्माण भएकोसमेत नक्सा मुचुल्काबाट देखिन नआएको, सार्वजनिक स्थानमा रहेको मन्दिरउपर निषेधाज्ञा जारी नहुने गरी निवेदन खारेज गरेको पुनरावेदन अदालत जनकपुरबाट भएको आदेश कानूनसम्मत नै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

तसर्थ, निवेदक दाबीबमोजिमको कि.नं.५८१ र ५८२ को जग्गामा मन्दिर निर्माण नभई सार्वजनिक जग्गामा मन्दिर निर्माण भएको पुष्टि भएकोले रिट निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत जनकपुरको मिति २०६७।११।१० को आदेश न्याय र कानूनसम्मत भई मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७४ साल पुस १७ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-CI-२१०२, अंश चलन, *विष्णुबहादुर कार्कीसमेत वि. सहदेव कार्की*

वादी लामो समयदेखि भारत गई बसेको भन्ने फिराद दाबीमा उल्लेख भएको कुरालाई प्रतिवादीले पनि स्वीकार गरेको देखिन्छ। वादी प्रतिवादीहरू पहिले देखिनै छुट्टी भिन्न भएको वा निजहरूबिच पुर्ख्यौली सम्पत्तिको अंशबन्डा भएको भन्नेसमेत देखिएको छैन। मूलत: अंशसम्बन्धी साम्पत्तिक हकलाई व्यक्तिको जन्मको आधारमा स्वत: र स्वाभाविक तरिकाले प्राप्त हुने हकको रूपमा हाम्रो कानून प्रणालीले स्वीकार गरेको छ । सगोलका अंशियारमध्ये कुनै अंशियार विदेशमा रहेकै कारणले अंश पाउने नैसर्गिक हकमा कुनै असर पर्दैन। त्यस्तै अंशियारबिच रीतपूर्वक अंशबन्डा भएको नदेखिएको अवस्थामा पुर्ख्यौली सम्पत्ति जुनसुकै अंशियारको नाउँमा भए पनि त्यसले तात्त्विक असर पार्ने हुँदैन। यही तथ्यलाई मनन गरी प्रमाण ऐन, २०३१ को दफा ६(क) ले अन्यथा प्रमाणित नभएसम्म एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति रहेको भनी

अदालतले अनुमान गर्नुपर्ने अवधारणालाई अवलम्बन गरेको पाइन्छ । प्रस्तुत विवादमा समेत पितापुर्खाको सम्पूर्ण सम्पत्ति पुनरावेदक वादीको नाममा रहेको भए पनि वादी प्रतिवादीबिच रीतपूर्वक अंशबन्डा भएको नदेखिएको अवस्थामा वादीले प्रतिवादीउपर अंशको दाबी गर्न पाउने नै देखिने ।

पुनरावेदक प्रतिवादीले बन्डा हुनुपर्ने जिकिर लिएको कि.नं.१३७ को जग्गा सट्टापट्टा गरी हाल कायम कि.नं.९१० को क्षे.फ. २-०-१-१ जग्गा कायम भएको देखिन्छ । त्यस्तै तायदाती फाँटवारीमा उल्लेख भएका कि.नं.५५, २७७, ९५, ११९ र ५१३ समेतका जग्गा बन्डा हुनु नपर्ने भनी पुनरावेदकले जिकिर लिएकोमा उक्त जग्गा २०२१।१०।१० मा तत्कालीन नापीबाट जग्गा नापजाँच ऐन, २०१९ बमोजिम प्रतिवादीको नाममा जग्गाधनी प्रमाणपुर्जा बनेको भन्ने कुरा प्रतिवादीले पुनरावेदन पत्रमा नै उल्लेख देखिने ।

अंशबन्डाको महलको १८ नं. अनुसारको आफ्नो ज्ञान, सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दानबकस पाएको वा कसैको अपुताली परेको तथा स्त्री अंशधनको महलको ५ नं. बमोजिमको सम्पत्ति भएको भन्ने कुरा पुष्टि गराउन सकेको नपाइने ।

यी वादीको नाउँमा कुनै पनि पैतृक सम्पत्ति बन्डाबाट नाउँसारी दर्ता भएको भन्ने पनि देखिएको छैन । प्रतिवादीले आफ्नो नाउँमा नापी गराई दर्ता गरेको आधारले मात्र निजी ठहर्ने हुँदैन । निजी सम्पत्ति ठहर हुनको लागि पैतृक सम्पत्तिबाहेक हो भनी दाबी गर्ने पक्षले नै प्रमाणबाट देखाउन सक्नुपर्ने ।

पुनरावेदक अर्जुन भन्ने विष्णुबहादुर कार्कीले काभ्रेपलाञ्चोक जिल्ला सुब्बा गाउँ वडा नं.१ख कि.नं.७२० को ०-४-३-१ जग्गा रत्नबहादुर भुजेलबाट र.नं.२०५२ मिति २०५२।८।३ मा हालैदेखिको बकसपत्रबाट प्राप्त गरेको देखिन्छ । उक्त हालैदेखिको बकसपत्रबाट प्राप्त गरेको सो कि.नं.७२० को जग्गा पैतृक सम्पत्ति भएको भन्ने देखिएको छैन । मूलत: पुनरावेदक प्रतिवादीले २०५२ सालमा बकसपत्रको माध्यमबाट कि.नं.७२० को जग्गा प्राप्त गरेको देखिएको अवस्थामा २०२४ सालदेखि नै विदेशमा रहेका वादीको सो जग्गा प्राप्त गर्न कुनै योगदान रहेको देखिएको छैन । त्यस्तै सो जग्गा सगोलको सम्पत्तिबाट आर्जन भएको भन्ने कुरा वादीले पनि देखाउन सकेको पाइँदैन । यस अवस्थामा कि.नं.७२० को जग्गा पैतृक सम्पत्ति नभई अंशबन्डाको १८ नं. ले निजी आर्जनको हुने देखिँदा उक्त जग्गा बन्डा लाग्ने देखिएन । उक्त कि.नं.७२० को ०-४-३-१ जग्गासमेत बन्डा लगाई दिने गरी सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म मिलेको देखिन नआउने ।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट पुनरावेदक अर्जुन भन्ने विष्णुबहादुर कार्कीले रत्नबहादुर भुजेलबाट र.नं.२०५२ मिति २०५२।८।३ मा हालै देखिको बकसपत्रबाट प्राप्त गरेको काभ्रेपलाञ्चोक जिल्ला सुब्बा गाउँ वार्ड नं. १ख कि.नं.७२० को ०-४-३-१ जग्गा बन्डा लाग्ने पैतृक सम्पत्ति भएको भन्ने नदेखिँदा उक्त जग्गासमेत बन्डा लाग्ने ठहर गरेको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।४।१५ को फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भई उक्त कि.नं.७२० बन्डा नलाग्ने ठहर्छ । उक्त कि.नं.७२० बाहेक अन्य चल अचल सम्पत्तिबाट वादीले २ भागको १ भाग अंश छुट्याई लिन पाउने ठहर गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको उक्त मितिको फैसला सो हदसम्म सदर हुने ।

इजलास अधिकृत: चेतराज पन्त

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७५ साल साउन १३ गते रोज १ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CI-२१०३, राजीनामा लिखत दर्ता बदरसमेत, *अप्सरा बोहोरासमेत वि. सहदेव कार्की*
- ०७२-CI-२१०४, हालैदेखिको बकसपत्र लिखत दर्ता बदर, *विष्णुबहादुर कार्कीसमेत वि. सहदेव कार्की*

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०२८५, कर्तव्य ज्यान, *पञ्चराम परियार वि. नेपाल सरकार*

फौजदारी मुद्दामा कुनै अभियुक्तले निजलाई लगाइएको अभियोगको सम्बन्धमा अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुरा अभियुक्त सचेत अवस्थामा र आफूले भनेको र गरेको कुरा बुझ्न सक्ने अवस्थामा थियो, निजलाई बाध्य गरी वा यातना दिई वा यातना दिने धम्की दिई वा निजलाई आफ्नो इच्छा विरूद्ध सो कुरा व्यक्त गर्ने स्थितिमा पारी भनाएको होइन र असत्य रूपमा व्यक्त गर्ने वातावरण उत्पन्न गराएको अवस्था नभएको स्थितिमा स्वतन्त्र रूपले आफूले गरे भएको कुरामा व्यक्त गरेको कुरालाई प्रमाणमा लिन मिल्ने कानूनी व्यवस्था रहेको पाइने।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान घटनाको प्रकृति र लास प्रकृति मुचुल्कासमेतमा उल्लिखित बेहोरासँगबाट समर्थित भएको पाइन्छ । प्रतिवादीको कार्यकारणबाहेक अन्य कारणबाट कर्तव्य भएको कुरा मिसिल संलग्न प्रमाणहरूबाट देखिन आएको छैन। कर्तव्य गर्न प्रयोग भएको चक्कु बरामद भएको र सो चक्कुमा मानव रगत रहेको भन्ने पुष्टि भएको चक्कुजस्तो हतियार भुइँमा खसी ठाडो अवस्था रहन गएको तथ्य प्रतिवादीले प्रमाणित गर्न सकेको पाइँदैन। आफैँ ठाडो अवस्थामा चक्कुजस्तो हतियार रहन सक्ने प्रकृतिको हुँदैन। यो यस कारणबाट चक्कु ठाडो रूपमा रही मृतकलाई धकेल्दा सो ठाडो रहेको चक्कुमा पर्न गएको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएको नपाइने।

प्रतिवादीले अदालतमा फरक तथ्य देखाई गरेको बयान घटनास्थल प्रकृति लासजाँच मुचुल्काको बेहोराबाट मिल्दो देखिन आएन । यस अवस्थामा अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयानलाई अन्यथा मान्न सकिने अवस्था रहेको देखिँदैन। अतः मृतकको आरोपित कसुर गरेको देखिँदा ज्यानसम्बन्धी महलको १ नं. र १३(१) नं. को कसुर गरेको ठहऱ्याई सोही नं. अनुसार सर्वस्वसहित जन्मकैद सजाय गरेको पुनरावेदन अदालत पोखराको फैसला मनासिब देखिन आउने।

प्रतिवादीको घा जाँच फाराम हेर्दा दाहिने खुट्टामा चक्कुले रोपेको घाउ रहेको भन्ने देखिन्छ। मृतकले नै पहिले चक्कुले प्रहार गरेको, सो चक्कु निकाली प्रतिवादीले मृतकलाई प्रहार गरेको देखिन्छ । मृतक र प्रतिवादी दाजुभाइ नाताका देखिन्छन् । प्रतिवादीले चक्कु लगी मार्ने रिसइबी लिई वारदात घटाएको भन्ने देखिँदैन । अकस्मात दाजु मृतकले नै झगडा गरी कालु गुरूङले चोया काट्दै गरेको चक्कु लिई मृतकले प्रतिवादीलाई प्रहार गरेको भन्ने देखिन्छ। यी दुईबिच एक अर्काको ज्यानै लिनुपर्नेसम्मको पुरानो शत्रुता वा इबी रहेको देखिँदैन। त्यस्तो शत्रुवत् व्यवहार पनि पहिलादेखि गरी आएको छैन । सामान्य कारण परी तत्कालै आवेशमा आई आफ्नै दाजुको ज्यान मार्नेसम्मको कर्तव्य गरेको देखिन आए पनि प्रतिवादीले अपराध अनुसन्धान र न्यायिक कारबाहीमा सहयोग पुऱ्याएको देखिन्छ । सजायबाट आफूलाई बचाउन भाग्दै हिँडेको वा अपराधसँग सम्बन्धित तथ्य, प्रमाण लुकाउने वा नष्ट गर्ने काम पनि गरेको देखिएको

छैन । यसको अतिरिक्त निजको उमेर र पहिलाको आपराधिक प्रवृत्तिको अभावसमेतलाई विचार गर्दा २० वर्ष नभई १० वर्षको कैद गर्दा पनि फौजदारी न्यायको उद्देश्य पूरा हुने देखिन्छ। तसर्थ, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई १० वर्ष सजाय गर्न उचित हुने देखी पुनरावेदन अदालत पोखराबाट व्यक्त गरी पठाएको रायसमेत सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल वैशाख १३ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-WO-०४२३, उत्प्रेषण, *निर्मलादेवी चौधरी वि. कमलप्रसाद चौधरीसमेत*

विपक्षी सरोज कुमार चौधरीसमेत वादी रिट निवेदन निर्मलादेवी चौधरीसमेत प्रतिवादी भई स्व. वेचनप्रसाद चौधरीको सम्पूर्ण सम्पत्ति तथा पेन्सन रकमसमेतलाई ५ भाग लगाई सोमध्येको हामी वादीहरूको ३ भाग अंश दिलाई पाउँ भनी दाबी लिई सप्तरी जिल्ला अदालतमा ०७२-CP-११३६ को अंश मुद्दा दायर गरी विचाराधीन रहेको भन्ने कुरा रिट निवेदनको बेहोराबाट नै देखियो । स्व. वेचनप्रसाद चौधरीको दुई पत्नीमा जेठी जसोवती चौधरी र कान्छी निर्मलादेवी चौधरी भई जसोवतीबाट जन्मिएका जेठा कमलप्रसाद चौधरी, माहिला सरोजकुमार चौधरी र निर्मलादेवी चौधरीको तर्फबाट जन्मिएका फनेन्द्र चौधरी भएको तथ्यमा कुनै विवाद भएको नदेखिने।

जिल्ला अदालतमा दायर रहेको अंश मुद्दाबाट प्रमाण बुझी कानूनबमोजिम विवादको विषयमा निर्णय हुने नै हुँदा रिट निवेदन जस्तो असाधारण अधिकार क्षेत्रबाट अदालतमा विचाराधीन विषयलाई अनुकूल वा प्रतिकूल असर पर्ने गरी निर्णय गर्न मिल्ने देखिएन । अंश मुद्दाबाट नै कुन सम्पत्ति बन्डा हुने हो वा होइन त्यस सम्बन्धमा निक्र्यौलमा पुग्ने हुन्छ । निवेदकले उल्लेख गरेको विषय अंश मुद्दाबाट नै सम्बोधन हुने र रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्दा मातहतको अदालतमा विचाराधीन रहेको अंश मुद्दामा समेत असर पर्न जाने । पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।५।३० गते निवृत्तिभरण (पेन्सन) रोक्का राख्ने गरी गरेको आदेश र उक्त आदेशानुसार सप्तरी जिल्ला अदालतले राष्ट्रिय वाणिज्य बैंक, राजविराज शाखालाई मिति २०७३।६।४ गते पठाएको पत्र गैरकानूनी देखिन नआउने।

अतः जिल्ला अदालतका दायर रहेको अंश मुद्दाबाट नै निवेदकले उल्लेख गरेको विषय कानूनबमोजिम सम्बोधन हुने हुँदा रिट निवेदन मागबमोजिम आदेश जारी गर्न मिल्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल वैशाख १२ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७४-RC-०००२ र ०७४-CR-०२७०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. जगतबहादुर मुखिया र जगतबहादुर मुखिया वि. नेपाल सरकार*

मृतक हेमराज भण्डारीको मृत्यु प्रतिवादी जगतबबहादुर मुखियाको कार्यबाट भएको तथ्य शङ्कारहित र निर्विवाद तथ्यबाट प्रमाणित भइरहेको छ। प्रस्तुत घटनाक्रमको सिलसिला र स्वरूप हेर्दा यो वारदात अचानक भएको भन्ने देखिन नआउने।

अधिकारप्राप्त अधिकारी र अदालतमा समेत मृतकलाई कुटपिट गरी घाँटीमा सलले कसी सोही कारणबाट मृतकको मृत्यु भएको भन्ने तथ्य लासजाँच

मुचुल्काबाट समेत पुष्टि हुन आएकोले प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी उच्च अदालत, तुलसीपुर, बुटवल इजलासबाट मिति २०७३।११।१७ गते भएको फैसला मिलेको देखिने।

अ.बं. १८८ नं. अनुसार सजाय छुटको लागि व्यक्त गरिएको राय सम्बन्धमा विचार गर्दा यी दुवैबिच एक अर्काको ज्यानै लिनुपर्नेसम्मको पूरानो शत्रुता वा इवी रहेको छैन । त्यस्तो शत्रुवत व्यवहार पनि पहिलादेखि गरी आएको छैन । सामान्य कारण परी तत्कालै आवेशमा आई ज्यान मार्नेसम्मको कर्तव्य गरेको देखिन आए पनि मृतकले प्रतिवादीको श्रीमती २/३ लाखमा देउ भनेपछि सोही जरियाबाट मृतकलाई कुटपिट गरेको र अदालतमा समेत साबिती भई अपराध अनुसन्धान र न्यायिक कारबाहीमा सहयोग पुऱ्याएको देखिन्छ। सजायबाट आफूलाई बचाउन भाग्दै हिँडेको वा अपराधसँग सम्बन्धित तथ्य, प्रमाण लुकाउने वा नष्ट गर्ने काम पनि गरेको देखिएको छैन । यसको अतिरिक्त प्रस्तुत वारदात घट्नुको कारण परिस्थिति तथा प्रतिवादीको उमेर र पहिलाको आपराधिक प्रवृत्तिको अभावसमेतलाई विचार गर्दा २० वर्ष नभई १२ वर्षको कैद गर्दा पनि फौजदारी न्यायको उद्देश्य पूरा हुने देखिन्छ । तसर्थ, अ.बं. १८८ नं. बमोजिम प्रतिवादीलाई १२ वर्ष सजाय गर्न उचित हुने देखी उच्च अदालत, तुलसीपुर, बुटवल इजलासबाट व्यक्त गरी पठाएको रायसमेत सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल वैशाख १३ गते रोज ५ शुभम्।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७४-CR-००२२, कर्तव्य ज्यान, *रूपक अधिकारी वि. नेपाल सरकार*

आफूले तत्काल उठेको रिस थाम्न नसकी गरेको क्रियाबाट ज्यान मर्न गएको अवस्था हुँदा ज्यानसम्बन्धीको १४ नं. आकृष्ट हुनुपर्ने हो भन्ने पुनरावेदकको जिकिरका सन्दर्भमा विचार गर्दा, ज्यानसम्बन्धीको १४ नं. मा उसै मौकामा उठेको कुनै काम कुराबाट रिस थाम्न नसकी भन्ने वाक्यले रिस थाम्न नसक्ने अवस्थाको आवेश (Sudden provacation) लाई स्पष्ट औंल्याएबाट रिस थाम्न नसक्ने अवस्था कुनै घटना वा मौका र मानिसको मनस्थितिमा भर पर्ने कुरा देखिने।

मृतक र प्रतिवादी रूपक अधिकारी श्रीमान् श्रीमती रहेका प्रतिवादी रोजगारको क्रममा देशबाहिरसमेत आउने जाने गरेका आफ्नो श्रीमान्को अर्कै महिलासँग सम्पर्क रहेका कारण श्रीमतीलाई शङ्का लागि झगडा भई पटक पटक कुटपिट भएका कारण दुवैका बिचमा मनमुटावको स्थिति सिर्जना भएको तथ्य देखिन आएको छ । वारदातको दिन प्रतिवादीले पटकपटक शरीरको विभिन्न ठाउँमा कुटपिट गरको र अन्त्यमा घाँटी नै थिची मारेको भन्ने देखिनुका साथै आफूले गरेको कसुर ढाकछोप गर्न र अपराध कसुरबाट बच्न सकिने आसयका साथ घरको माथिल्लो तल्लासम्म लगी लास सुताई पासो काटी झुण्डी मरेको भनी अरूलाई विश्वास दिलाउने परिस्थितिको निर्माण गरेको देखिन आउने।

वस्तुतः घाँटी थिची मार्ने कार्य भएकोमा अकस्मात रिस उठी त्यस्तो कार्य गरेको भन्ने हुँदैन । घाँटी थिच्ने कार्य गर्दा नै मनसायपूर्वक मार्ने उद्देश्य लिएको हुन्छ। अतः प्रस्तुत वारदात आवेश प्रेरित हत्याको कोटीभित्र पर्ने देखिँदैन। मृतक पार्वतालाई यी प्रतिवादीले मनसायपूर्वक कर्तव्य गरी मारेको कुरालाई मिसिल संलग्न प्रमाणहरू तथा परिस्थितिजन्य

प्रमाणहरूबाट पुष्टि भइरहेको देखिन्छ । जुन कुरालाई प्रतिवादीले घटनाक्रमलाई सिलसिलाबद्ध रूपले क्रम मिलाई गरेको बयानबाट समेत पुष्टि प्रमाणित हुन आएको देखिँदा ज्यानसम्बन्धीको १४ नं. ले गरेको कानूनी व्यवस्था प्रस्तुत मुद्दामा आकृष्ट हुन सक्ने देखिन आएन । प्रस्तुत घटनाक्रमको सिलसिला र स्वरूप हेर्दा यो वारदात अचानक भएको मिसिल संलग्न प्रमाणबाट नदेखिई सुनियोजित भएको देखिने।

मिसिल संलग्न प्रमाणहरूबाट मृतकसँगको दिनानुदिनको झगडा र कुटपिटका कारण मृतकसँग बदलाको भाव लिइराखेको र अनुकूल वातावरण पाउने बित्तिकै मृतकमाथि आक्रमण गरी कुटपिटसमेत गरी नमरून्जेलसम्म निरन्तर घाँटी थिची मारेको र अपराध लुकाउनेसमेत उद्धत रहेको देखिँदा पार्वता अधिकारीलाई मार्ने मनसायले नै घाटी थिची कर्तव्य गरी मारेको पुष्टि हुने । प्रस्तुत मुद्दामा अपराधका आवश्यक तत्त्व आपराधिक मनसाय (Mens Rea) र आपराधिक कार्य (Actus Reus) दुवै विद्यमान रहेको देखिँदा यी प्रतिवादी कसुरदार होइनन् भनी भन्ने मिल्ने अवस्था नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणहरूबाट प्रतिवादी रूपक अधिकारीलाई ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. को १३(३ नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी अर्घाखाँची जिल्ला अदालतको मिति २०७२।१२।२१ मा गरेको फैसलालाई सदर गरेको उच्च अदालत, तुलसीपर, बुटवल इजलासको मिति २०७३।९।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल
कम्प्युटर: विष्णुदेवी श्रेष्ठ
इति संवत् २०७५ साल वैशाख १३ गते रोज ५ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-CR-०३०९, आवश्यक वस्तु संरक्षण ऐनअन्तर्गत, *नेपाल सरकार वि. सुवोधकुमार साहसमेत*

प्रतिवादी सुवोधकुमार साहको कवाडी कारखानाबाट बरामद भएका सामानहरूमध्ये ७७ के.जी. तामाका तार मात्र नेपाल टेलिकमको हो भनी सनाखतसमेत भएको, बरामदी अन्य सामानहरू चोरीको हो भन्ने कुरा कहिँकतैबाट पुष्टि नभएको अवस्थामा चोरीको सामान खरिद गर्ने यी प्रतिवादी सुवोधकुमार साहलाई चोरीको कारणबाट नेपाल टेलिकमलाई पुग्न गएको क्षतिसमेतलाई बिगो कायम गरी सजाय निर्धारण गर्नु न्यायोचित नदेखिँदा आवश्यक वस्तु संरक्षण ऐन, २०१२ बमोजिम बरामद भई आएको ७७ के.जी. तामाको तारको बिगो रू.६९,३००।- कायम गरी भएको सुरू फैसला तथा सो फैसलालाई सदर गरेको पुनरावेदन अदालत पाटनको फैसलालाई अन्यथा मान्न मिल्ने नदेखिने।

प्रतिवादीहरू निरनकुमार तुलाधर र प्रदिप महर्जनले बरामद भएका तारहरू ससाना व्यापारी एवम् विभिन्न पसलबाट विभिन्न समयमा खरिद गर्दा प्राप्त हुन आएका हुन् भनी लेखाएबाट पनि बरामद भएको उक्त तारहरू नेपाल टेलिकमको चोरीको तार नै हो भन्न सकिने वस्तुनिष्ठ प्रमाणको अभावमा निज प्रतिवादीहरूले चोरीकै हो भन्ने जानीजानी खरिद गरेको होला भनी शङ्का र अनुमानकै भरमा फौजदारी अभियोगको कसुर ठहर गरी जरिवानासमेत गर्नु

फौजदारी कानून र न्यायका मान्य सिद्धान्तविपरीत समेत हुन जाने हुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर र यस अदालतबाट निस्सा प्रदान गर्दा लिएको आधारसँग सहमत हुन नसकिने।

अतः उपर्युक्त विवेचित आधार, कारणबाट बिगो रू.६९,३००। कायम गरी प्रतिवादी सुवोधकुमार साहलाई रू १,३८,६००।- जरिवाना हुने ठहर गरेको र प्रतिवादीहरू निरनकुमार तुलाधर र प्रदिप महर्जनलाई अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई जिल्ला प्रशासन कार्यालय, नुवाकोटबाट भएको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: धनबहादुर कार्की
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७५ साल पुस २७ गते रोज ६ शुभम्।

**२**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७५-RC-००१९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुब्बाबहादुर विश्वकर्मा*

प्रतिवादीले आफ्नै श्रीमतीलाई कुटपिट गरी हत्या गरेको कुरालाई अधिकारप्राप्त अधिकारी तथा अदालतमा आई बयान गर्दासमेत साबित भएको र मौकामा कागज गर्ने व्यक्तिहरू र निजहरूले अदालतमा आइ बकपत्र गर्दा प्रतिवादीकै कुटपिटका कारणबाट मृतकको मृत्यु भएको भनी लेखाई दिएको, लास परीक्षण गर्ने चिकित्सकले smothering भनी मृत्युको कारण उल्लेख गरी अदालतमा आई बकपत्रसमेत गरेको देखिएबाट यिनै प्रतिवादीको कुटपिटको कारणबाट मृतकको मृत्यु भएको देखिने।

यस स्थितिमा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी रसुवा जिल्ला अदालतबाट मिति २०७३।९।३ मा भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट मिति २०७४।५।५ मा भएको फैसला मनासिब देखिने।

प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद गर्ने राय व्यक्त गरिएको सम्बन्धमा विचार गर्दा, मृतकलाई मार्ने पूर्वयोजना रहेको देखिएन। मृतकलाई आएको फोनको विषयमा विवाद सिर्जना भई झगडा भएको र मादक पदार्थ सेवन गरेको अवस्थाका प्रतिवादीले कुटपिट गर्दा मृत्यु भएको देखिने।

मार्नेसम्मको मनसाय राखी इवी लिई पूर्वयोजना बनाई हत्या गरेको देखिएन। प्रतिवादीले बयान गर्दा कसुरमा साबित भई न्यायिक प्रक्रियामा सहयोग गरेको पाइने।

अतः उल्लिखित आधार र प्रमाणबाट सुरू तथा उच्च अदालतसमेतले प्रतिवादी सुब्बाबहादुर विश्वकर्मालाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुरदार ठहर गरी सर्वस्वसहित जन्मकैद हुने र अ.बं.१८८ नं. बमोजिम १५(पन्ध्र) वर्ष कैद हुने राय व्यक्त गरेको फैसला मनासिब देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: राजेन्द्र वाग्ले
कम्प्युटर: मन्दिरा रानाभाट
इति संवत् २०७५ साल पुस १७ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७५-RC-००६४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. श्रीमती फुलमती साहु*

प्रतिवादी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा कसुरमा पूर्णत: साबित भएको र मौकामा कागज गर्ने व्यक्तिहरू र निजहरूले अदालतमा आई बकपत्र गर्दा प्रतिवादीकै कुटपिटका कारणबाट मृतकको

मृत्यु भएको भनी लेखाई दिएको, टाउकाको टुप्पीको भागमा (Y) वाई आकारमा काटेको चोट, चोट लागेको ठाउँबाट रगत बगिरहेको, दायाँ कानको लोतीको भाग काटी रगत बगेको भन्नेसमेतको लास प्रकृति मुचुल्का र Intracranial Bleeding मृत्युको कारण उल्लेख भएको शव परीक्षण प्रतिवेदन देखिने।

मिसिल संलग्न अन्य कागजातबाट समेत यिनै प्रतिवादीको कुटपिटको कारणबाट मृतकको मृत्यु भएको तथ्य निर्विवाद रूपमा पुष्टि हुन आएबाट प्रतिवादीको अदालतमा भएको कुनै तथ्यगत आधारमा पुष्टि भएको देखिएन। यस स्थितिमा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७२।३।१८ मा भएको फैसलालाई सदर गर्ने गरी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४।१०।९ मा भएको फैसला मिलेकै देखिने।

प्रतिवादीको मृतकसँग अगाडिदेखि पूर्व कुनै रिसइवी रहेको देखिँदैन। मृतकलाई मार्ने भनी कुनै किसिमको योजना वा तयारी गरेको भन्ने पनि देखिँदैन। लखेट्नेसम्मको मनसाय देखिन्छ। प्रतिवादी र मृतक दुवैजना मागी खाने व्यक्ति देखिएको, आफूले मागी खाने एरियामा अपरिचित माग्ने व्यक्ति देखा परेको र निजलाई स्थानीयहरूले मायासमेत गरेबाट मृतकलाई लखेट्न पाएमा स्थानीयहरूको माया आफूले पाउने ठानी दाउरासमेतले कुटपिट गर्दा सोही कारणबाट ज्यान मरेको देखिने।

यस अवस्थामा वारदातको प्रकृति, समग्र घटनाक्रम, पृष्ठभूमि एवम् प्रतिवादीको सामाजिक अवस्थासमेतलाई विचार गर्दा मागेर जीवन निर्वाह गर्ने महिलाले मागेर जीवन निर्वाह गरिरहेको स्थानमा एकाएक मृतक पनि माग्ने भेटिएबाट आफ्नो भाग खोसिने देखी प्रस्तुत वारदात भएको पाइयो। तसर्थ ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने भनी मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम घटी कैद सजाय गर्न उपयुक्त हुन्छ भनी उच्च अदालत बुटवल इजलासबाट व्यक्त गरिएको राय सो हदसम्म मनासिब नै देखिने।

अतः उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट प्रतिवादी फूलमती साहूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुरदार ठहर गरी सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको मिति २०७४।१०।९ को फैसला मनासिब ठहर्छ। कसुर गर्दाको अवस्था, परिस्थिति तथा कसुरको मात्राअनुसार निज प्रतिवादीलाई हुने ठहरिएको सजाय केही चर्को पर्ने देखिएकोले निजलाई मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १५ (पन्ध्र) वर्ष कैद हुने।

इजलास अधिकृत: राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल पुस १७ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६९-CI-०९२९, मिलापत्र बदरसमेत, *अमूल्य पोतेसमेत वि. शिवओम पोतेसमेत*

मिति २०४५।५।१० को बन्डापत्रमा उल्लेख भएबमोजिम धनमाया पोतेको नाममा अंश जिउनी राखिएको कि.नं. ९१ को क्षेत्रफल २-११-०-० जग्गा धनमायाको शेषपछि चारैजना छोराहरूले नरम गरम मिलाई बराबरीका हिसाबले खाने भन्ने उल्लेख भएकोमा धनमायाको परलोक भएपछि चारैजना छोराहरूको नाममा कानूनबमोजिम नामसारी गरी बाँडफाँड गर्नुपूर्व विपक्षी शिवओम पोतेको पिता चरणकृष्ण पोतेको हक नछुट्टिदैको अवस्थामा विपक्षी बाबुछोरा चरणकृष्ण र शिवओमका बिचमा रौतहट जिल्ला अदालतमा चलेको अंश मुद्दामा मिति २०६३।८।१७ मा मिलापत्र गरी कि.नं. ९१ को क्षेत्रफल २-११-०-० को जग्गामध्ये

क्षे.फ. ०-११-०-० जग्गा विपक्षी शिवओम पोतेका अंश भागमा पर्ने गरी उल्लेख गरेको देखिने।

विवादित कि.नं.९१ को जग्गा काभ्रेपलाञ्चोक जिल्लाअन्तर्गतको देखिएको छ। नरम-करम मिलेको छैन भन्ने विवादित मूल प्रश्न रहेकोमा सो जग्गा रहेको ईलाकाको अड्डाबाट मुद्दा हेर्नु पर्ने व्यवस्था अ.बं. २९(१) मा रहेको देखिन्छ। वादी प्रतिवादीको वतन काभ्रेपलाञ्चोक जिल्ला भन्ने उल्लेख भएको देखिने।

पक्षहरूका बिच २०४५।५।१० मा भएको बन्डापत्रसमेत सोही जिल्लाबाट पारित भएको देखिन्छ। यस अवस्थामा काभ्रेपलाञ्चोक जिल्लाअन्तर्गतको जग्गासमेत समावेश गरी रौतहट जिल्ला अदालतबाट मिलापत्र गरेको भन्ने नितान्त प्राविधिक आधारमा मात्र सो मिलापत्र बदर गराउन मिलापत्र भएकै जिल्ला अदालतमा फिराद दिनुपर्ने भन्न मिल्ने देखिँदैन। अ.बं. २९(१) नं. बमोजिम जग्गाको जाँच गर्नुपर्ने देखिएको अवस्थाको मुद्दामा सो जग्गा रहेको ठाउँको इलाका अर्थात् काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मुद्दा हेर्न मिल्ने नै देखिन आउने।

अतः उल्लिखित आधारबाट प्रतिवादीहरूको बिचमा रौतहट जिल्ला अदालतबाट अंश मुद्दामा मिति २०६३।८।७ मा भएको मिलापत्र बदर गरी पाउन काभ्रेपलाञ्चोक जिल्ला अदालतमा फिराद दायर गरी काभ्रेपलाञ्चोक जिल्ला अदालतले क्षेत्राधिकार ग्रहण गरी मिति २०६६।७।१९ मा भएको फैसला अधिकारक्षेत्र बाहिर गई भएको भन्न मिलेन। मुद्दा खारेज हुने ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६८।१०।२२ को फैसला त्रुटिपूर्ण देखिँदा उल्टी हुने।

इजलास अधिकृत: धनबहादुर कार्की

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल पुस २५ गते रोज ४ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६९-CI-०९२७, लिखत बदरसमेत, *अमूल्य पोतेसमेत वि. शिवओम पोतेसमेत*
- ०६९-CR-०७३३, जालसाजी, *अमूल्य पोतेसमेत वि. शिवओम पोतेसमेत*
- ०६९-CR-०७३४, जालसाजी, *अमूल्य पोतेसमेत वि. शिवओम पोतेसमेत*

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७५-RC-००६१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. निर्मला भट्टराई*

प्रतिवादीले आफ्नो छोरा मृतकप्रतिको व्यवहार राम्रो थियो भनी जाहेरवाला एवम् वस्तुस्थिति मुचुल्काका मानिसहरूसमेतले अदालतमा आई बकपत्रसमेत गरेको पाइयो। जेठो छोराको मृत्युपछि घर परिवारबाट मानसिक एवम् शारीरिक तनाव खेपी रहेकी प्रतिवादीले आफू आत्महत्या गर्ने निष्कर्षमा पुगेकीमा आफ्नो १० महिने छोराको भविष्यप्रति चिन्तित भई निजलाई समेत सँगै लिई नहरमा हाम फालेकोमा सोही कारणबाट बालकको मृत्यु भएको र प्रतिवादीलाई जिवितै उद्दार गरिएको देखिने।

प्रतिवादीले सोही बेहोरालाई पुष्टि हुने गरी अधिकारप्राप्त अधिकारी र अदालतमा समेत बयान गर्दा कसुरमा साबित भई न्यायिक प्रक्रियामा सहयोग गरेकोसमेत पाइयो। उल्लिखित परिस्थितिजन्य परिवेशमा अपराध घट्न गएको देखिएकोले मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिमको सजाय गर्दा चर्को नै पर्ने देखिने।

अतः उल्लिखित परिस्थितिमा अपराध घट्न गएकोले माथि विवेचित आधार र प्रमाणबाट सुरू तथा उच्च अदालतसमेतले प्रतिवादी निर्मला भट्टराईलाई

ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुरदार ठहर गरी सर्वस्वसहित जन्मकैद हुने र उच्च अदालतबाट अ.बं.१८८ नं. बमोजिम ५(पाँच) वर्ष कैद हुने राय व्यक्त गरेको फैसला मनासिब देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: राजेन्द्र वाग्ले

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल माघ २३ गते रोज ४ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६९-CI-०७६४, लिखत दर्ता बदर दर्तासमेत, *भुवनकुमार बानिया वि. सुशिला बानिया*

पुनरावेदक / वादी र प्रत्यर्थी / प्रतिवादी पति पत्नी नाताका व्यक्ति रहेभएकोमा विवाद देखिँदैन। यी पुनरावेदक प्रतिवादीका नाउँमा सुरू काठमाडौं जिल्ला अदालतबाट जारी भएको म्यादमा यी प्रतिवादीले प्रतिउत्तर नफिराई सुरू म्यादै गुजारी बसेको अवस्था छ । यसरी सुरू म्यादै गुजारी बस्ने प्रतिवादीको पुनरावेदन लाग्छ लाग्दैन भन्ने प्रश्न पनि छ। पुनरावेदन दर्ता भइसकेकाले मुद्दाकै रोहबाट हेर्दा पनि यी पुनरावेदक / प्रतिवादी भुवनकुमार बानिया र प्रत्यर्थी / वादी सुशीला बानियासमेत भई चलेको दु.दे.नं. ४६२८ को अंश मुद्दाबाट यी वादी सुशीला बानियाले अंश पाउने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।२।२० मा फैसला भएको देखिन्छ। उक्त मुद्दाबाट यी पुनरावेदक / प्रतिवादीबाट प्रत्यर्थी / वादीले अंश पाउने ठहरी फैसला भएबाट उक्त लिखत मिति २०६१।६।७ मा यी पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादी एकासगोलमा रहेको देखिन्छ । एकासगोलमा रहेको जोसुकै व्यक्तिको नाउँको जग्गा सगोलको भई सबै अंशियारहरूलाई समान अंश लाग्दछ । प्रस्तुत मुद्दाको सन्दर्भमा प्रत्यर्थी वादी सुशीला बानियासमेतको अंश हक लाग्ने का.जि. धापासी गा.वि.स वडा नं.४(ग) कि.नं.२६१ को क्षेत्रफल ०-१२-३-१ को घरजग्गा बिक्री गर्दा यी पुनरावेदक प्रतिवादी भुवनकुमार बानियाँले प्रत्यर्थी वादी सुशीला बानियालाई साक्षी राखेको वा निजको मन्जुरी लिएकोसमेत देखिँदैन । यसरी प्रत्यर्थी वादी सुशीला बानियासमेतको अंश हकको जग्गा बिक्री गर्दा निजको मन्जुरी नलिएको अवस्थामा निजको हकसम्म ७ भागको १ भाग लिखत बदर हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।१।३१ मा भएको फैसला मनासिब हुँदा अन्यथा गरिरहन नपर्ने।

अत: वादी दाबी पुग्न नसक्ने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।२।२० मा भएको फैसला उल्टी गरी र.नं.२९७४ मिति २०६१।६।७ को लिखत वादीको हकसम्म ७ भागको १ भाग बदर हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०६९।१।३१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: ताराकुमारी शर्मा

कम्प्युटर : पद्मा आचार्य

इति संवत् २०७५ साल फागुन १५ गते रोज ४ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** ०७१-WO-००१२, उत्प्रेषण / परमादेश, *सामसागर साह वि. पुनरावेदन अदालत जनकपुरसमेत*

निवेदकका बाबुले प्रत्यर्थी विणादेवी साहबाट लिएको लेनदेनको बिगो ठहर भई सुरू धनुषा जिल्ला अदालतबाट मिति २०५९।३।३१मा फैसला भएको

देखिन्छ । उक्त फैसलाबाट ठहरेको लेनदेनको बिगो असुलउपर गरिपाउँ भनी फैसला कार्यान्वयनको क्रममा सुरू धनुषा जिल्ला अदालतमा सो लेनदेन मुद्दाकी वादी प्रत्यर्थी विणादेवी साहले दिएको निवेदनबमोजिम भए गरेका डाँक लिलामसम्बन्धी काम कारबाहीलाई अवरोध गर्ने गरी प्रस्तुत रिट चरणबद्ध रूपमा दायर भएको देखिन्छ। न्यायको मर्म फैसलाको कार्यान्वयनमा मात्र हुन्छ । कार्यान्वयन नहुने फैसलाले न्यायको अनुभूति दिन सक्दैन । कार्यान्वयन नहुने फैसला कागजको टुक्रा मात्र हुन जान्छ। यस मुद्दाको सन्दर्भमा हेर्दा धनुषा जिल्ला अदालतबाट लेनदेन मुद्दामा भएको फैसलाको कार्यान्वयन भएको छ। उक्त मुद्दाको वादीले न्यायको महसुस गरेको अवस्था छ। यस्तो अवस्थामा सोही फैसला कार्यान्वयनका सम्बन्धमा भएगरेका कामकारबाहीलाई शून्यमा ल्याउन मागदाबी लिई प्रस्तुत निवेदन दायर भएको अवस्थामा रिट जारी गर्नु न्यायको मर्म र भावनसमेत विपरीत हुन जाने।

फैसला कार्यान्वयनको कार्य अत्यन्त महत्त्वपूर्ण मानिन्छ । फैसलाले त्यतिबेला सार्थकता पाउँछ जब फैसला कार्यान्वयन सम्पन्न गरिन्छ । फैसला समयमा नै सम्पन्न गर्ने विषयमा अदालत, गम्भीर हुनुपर्छ। प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्ने हो भने लेनदेन मुद्दाको विपक्षीले वादीको बिगो बुझाउनुको सट्टा विभिन्न बहानामा फैसला कार्यान्वयनलाई विलम्ब गर्न खोजेको स्पष्ट देखिएको छ। सम्पत्ति रोक्काकै विषयमा तहतह अदालत हुँदै अन्तत: रिटक्षेत्रमा प्रवेश गर्नु, अंश मुद्दामा वादीको थैलीलाई असर पार्ने किसिमले मिलापत्र गर्नुसमेतका कार्य सफा हातले गरेको नदेखिने।

निवेदकले ऋणी पंचु शाहको नाउँमा अन्य सम्पत्तिसमेत हुँदा सोही सम्पत्तिबाट असुलउपरको कारबाही गर्नुपर्ने भनी दाबी लिएको भए तापनि यी निवेदकसमेत भई चलेको अंश मुद्दामा सो सम्पत्ति देखाइएको छैन। यस्तो अवस्थामा अदालतको फैसला कार्यान्वयन गर्न ऋणीको जेथा देखाई असुलउपरको काम कारबाही चली उक्त बिगो असुलउपरसमेत भइसकेको यस अवस्थामा उक्त काम कारबाहीलाई बदर गरी अन्य सम्पत्ति खोजी गरी ल्याउनु र सोही सम्पत्तिबाट आफ्नो बिगो असुलउपर गर्नु भनी लेनदेनको साहूलाई भन्न मिल्ने पनि देखिँदैन। साथै अदालतले आफ्नो फैसला कार्यान्वय गर्नु अदालतको कर्तव्यसमेत हुने।

रिट निवेदक सागर साहसमेतले मिति २०५३।२।३१ मा धनुषा जिल्ला अदालतमा अंश मुद्दा दायर गरेको देखिन्छ भने धनी विनादेवी साह र ऋणी पञ्चु साहको बिचमा भएको लेनदेनको कपाली कागज मिति २०४८।२।२२ मा भएको देखिँदा अंश मुद्दाभन्दा कपाली कागज जेठो भएकोले प्रस्तुत लेनदेनको कारोबार रिट निवेदक एकासगोलमा रहेको अवस्थामा बुबा पञ्चु साहबाट भएको स्पष्ट छ । रोक्का जग्गा फुकुवा गर्न नमिल्ने भनी साधिकार अदालतबाट भएको आदेशउपर यी रिट निवेदकले दायर गरेको ०६७-WO-०२०८ को रिट निवेदन लिलामको सूचनाबमोजिम डाँक लिलाम भई ०६७।९।२३ मा तामेली पर्चा भइसकेकोबाट रिट निवेदनको औचित्य समाप्त भएको भनी रिट खारेज हुने ठहरी यस अदालतबाट मिति २०७१।७।२७ मा अन्तिम आदेश भएको देखिएको छ । अंश मुद्दाको मिति २०५९।१२।२४ को मिलापत्र बदर हुने ठहरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।९।२७ मा भएको फैसलाउपर रिट निवेदकसमेतको पुनरावेदन परेकोमा पुनरावेदन जिकिर पुग्न नसक्ने भनी पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला सदर हुने ठहरी आजै यसै इजलासबाट फैसला भएको हुँदा प्रस्तुत लेनदेनको बिगो रिट निवेदकसमेतको सगोलको

देखिएको जग्गाबाट वादीको बिगो भरीभराउ गरेको कार्यलाई त्रुटिपूर्ण भन्न मिल्ने नदेखिने।

तसर्थ अदालतबाट भएको फैसला कार्यान्वयनको क्रममा परेको निवेदनबमोजिम डाँक लिलाम भई वादीले उक्त लिलाम सकार गरी चलन पुर्जीसमेत पाएको साथै लगाउको मिलापत्र बदर मुद्दामा मिलापत्र बदर भई उक्त जग्गा सगोलको सम्पत्तिसमेत देखिएको यस अवस्थामा फैसलाबमोजिम यी निवदेकको समेत दायित्व भएको लेनदेनको बिगो असुलउपरको लागि सुरू धनुषा जिल्ला अदालत तहसिल शाखाबाट भए गरेको काम कारबाही र सो काम कारबाहीलाई सदर गरेको धनुषा जिल्ला अदालत र पुनरावेदन अदालत जनकपुरको आदेश कानूनबमोजिम नै भएको देखिई निवेदन मागदाबीबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी हुन सक्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः ताराकुमारी शर्मा

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल फागुन १५ गते रोज ४ शुभम्।

## इजलास नं. १३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-CR-०८६१, किर्ते जालसाजी, *पूर्णकुमारी हमाल वि. मोहन सिंह हमालसमेत*

चितवन गीतानगर वडा नं. १ कि.नं. ३ को ज.वि. ०-१६-१२ १/४ पूरै ऐ. ऐ. मा पर्ने कि.नं. ४ को ज.वि. ३-१८-१११/४ कित्ताकाट गरी उत्तरतर्फ कायम भएको कि.नं. २९१ को ज.वि. १-१५-१ र ऐ. ऐ. मा पर्ने कि.नं. ६ को ज.वि. ०-७-७ बाट कित्ताकाट भई पूर्वतर्फको कायम भएको कि.नं.२८८ को ज.वि. ०-२-७ समेतका ३ कित्ता जग्गाहरू र.नं. ४००५ मिति २०३१।२।१५ को राजीनामा लिखतबाट रू.२२,०००।- मा विवेक सिंह हमालबाट गंगादेवी पाठकले लिएको भन्ने मिसिल संलग्न भूमि प्रशासन कार्यालय चितवनबाट प्राप्त राजीनामाको लिखतको प्रतिलिपिबाट देखिने।

मुलुकी ऐन, किर्ते कागजको महलको १८ नं. को कानूनी व्यवस्था केही नेपाल ऐन, संशोधन गर्ने ऐन, २०५८ द्वारा संशोधित हुनुभन्दा अगाडि नै उल्लिखित कित्ताका जग्गा मिति २०३१।२।१५ मा राजीनामा लिखत पारित भएको भन्ने देखिन आएको र उल्लिखित जग्गाको कित्तामा यदि वादीको हक लाग्ने भए २०३१ सालमा काम भए गरेको मितिले मुलुकी ऐन, किर्ते कागजको महलको १८ नं. संशोधन हुनुभन्दा अगाडिको तत्कालीन मुलुकी ऐन, किर्ते कागजको महलको १८ नं. को कानूनी व्यवस्थाअनुसार २ वर्षको हदम्यादभित्र फिराद गर्नुपर्नेमा हदम्याद नघाई मिति २०६४।९।९ गते वादीको फिराद पर्न आएको देखियो। तत्काल प्रचलित मुलुकी ऐन, किर्ते कागजको महलको १८ नं. बमोजिम २ वर्षभित्रमा नालेस दिनु पर्ने भन्ने स्पष्ट कानूनी व्यवस्थाबमोजिम दुई वर्षको हदम्यादभित्र वादीको प्रस्तुत फिराद दायर भएको नदेखिने।

किर्ते कागजको महलको १८ नं. संशोधन हुँदा मुलुकी ऐन, किर्ते कागजको महलको १८ नं. मा जुनसुकै कुरा लेखिएको भए तापनि तत्काल प्रचलित कानूनबमोजिम दर्ता भई यो ऐन, प्रारम्भ हुँदाका बखत कुनै अदालतमा विचाराधीन रहेका मुद्दा सोही नम्बरबमोजिम कायम भएको हदम्यादभित्र दर्ता भएको मानिनेछ भनी थप व्यवस्थासमेत गरी अघि भएका काम कारबाहीउपर तत्कालीन मुलुकी ऐन, किर्ते कागजको महलको १८ नं. मा काम भए गरेको मितिले दुई वर्षभित्र नालेस गर्नुपर्ने प्रस्ट व्यवस्था गरेकोले वादीले मिति २०३१ सालमा भए गरेको काम कारबाहीलाई हाल

आएर जालसाजी भयो भन्न र नालेस उजुर गर्न पाउने अवस्था नदेखिने ।

वादीको पति विवेक सिंह हमालको नाममा दर्ता रहेको वादी दाबीका जग्गाहरू तहतह बिक्री हुँदै राजीनामा लिखत पारित भएकोमा लामो समयपछि मात्र आएर नक्कल सारी थाहा पाएको मितिले भनी फिराद गरेको देखिँदा तत्काल प्रचलित मुलुकी ऐन, किर्ते कागजको महलको १८ नं. को हदम्यादको कानूनी व्यवस्थाले यी वादीलाई मद्दत गर्ने नदेखिने ।

मिति २०३१।२।१५ मा प्रतिवादीहरूको बिचमा लिनुदिनु भई जग्गा रजिस्ट्रेसन पारितसमेत भएको भन्ने पारित राजीनामाको कागजबाट देखिन आएको र वादीको फिराद मिति २०६४।१०।१५ मा आएर मात्र परेको देखिँदा यति लामो समयसम्म एकपछि अर्कोमा हक सर्दै गएको स्थिति र अवस्थाले २०३१।२।१५ को कुरा २०६४ सालमा मात्र थाहा पाए भन्ने वादीको भनाइ स्वयम्मा पत्यारलायक र विश्वासयोग्य देखिँदैन । त्यसमा पनि प्रतिवादीहरूका बिचमा भएको व्यवहार २०३१ सालको रहेको हुँदा तत्काल प्रचलित मुलुकी ऐन, किर्ते कागजको महलको १८ नं. बमोजिम काम भए गरेको मितिले २ वर्षभित्र फिराद गर्नुपर्नेमा सोअनुसार नगरी मिति २०५८ सालमा संशोधन भएको किर्ते कागजको महलको १८ नं. को व्यवस्थानुसार नक्कल सारी थाहा पाएको मितिले हदम्याद कायम गरी पर्न आएको वादीको फिराद तत्काल प्रचलित कानूनको व्यवस्थाअनुसार हदम्यादभित्र दायर भएको नदेखिने ।

विवाद अर्काको हकको जग्गा झुट्ठा बेहोराले दर्ता गराएको भन्ने नभई एकाको जग्गा नक्कली जग्गाधनीसमेत बनी बनाई बिक्री गर्ने गरेको भन्ने देखिन्छ । मिति २०३१।२।१५ देखि नै जग्गा बिक्री गरिदिने कार्य सुरू भएको भन्ने मिसिल कागजबाट देखिई बिक्री भएका ती जग्गाहरू नै तहतह भई हक सर्दै गएको भन्ने पनि मिसिलबाट देखिन्छ । समग्र ती अवस्थाबाट जग्गा बिक्री भएको कुरा समयमै थाहा पाएन भनी भन्नु स्वाभाविक नदेखिने ।

तसर्थः हदम्याद नाघी दायर भएको वादीको प्रस्तुत फिरादबाट मिसिलको औचित्यभित्र प्रवेश गरी विचार गरी रहन आवश्यक नहुँदा हदम्यादको आधारमा फिराद खारेज हुने गरी भएको सुरूको फैसलालाई सदर गरी पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मनासिब नै देखिने ।

अतः सुरू चितवन जिल्ला अदालतको फैसलालाई सदर गरी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६६।९।१७ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: मनकुमारी जि.एम. वि.क.

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७४ साल चैत १४ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CR-०८६०, किर्ते जालसाजी, *पूर्णकुमारी हमाल वि. मोहन सिंह हमालसमेत*
- ०६७-CI-१०४४, दूषित लिखत बदर, *पूर्णकुमारी हमाल वि. श्रीमाया कामीसमेत*
- ०६७-CR-०८६२, किर्ते जालसाजी, *पूर्णकुमारी हमाल वि. मोहन सिंह हमालसमेत*
- ०६७-CR-०८६३, किर्ते जालसाजी, *पूर्णकुमारी हमाल वि. मोहन सिंह हमालसमेत*
- ०६७-CR-०८६४, किर्ते जालसाजी, *पूर्णकुमारी हमाल वि. मोहन सिंह हमालसमेत*
- ०६७-CR-०८६५, किर्ते जालसाजी,

*पूर्णकुमारी हमाल वि. मोहन सिंह हमालसमेत*

- ०६७-CI-१०४८, दूषित लिखत बदर, *पूर्णकुमारी हमाल वि. गंगादेवी पाठकसमेत*
- ०६७-CI-१०३४, दूषित लिखत बदर, *पूर्णकुमारी हमाल वि. मोहन सिंह हमालसमेत*
- ०६७-CR-१०३७, दूषित निर्णय नामसारी निर्णष बदर, *पूर्णकुमारी हमाल वि. मीरादेवीसमेत*
- ०६७-CR-१०३६, , दूषित लिखत बदर, *पूर्णकुमारी हमाल वि. गुणराज पाठकसमेत*
- ०६७-CI-१०३५, दूषित लिखत बदर , *पूर्णकुमारी हमाल वि. मीरादेवी पाठकसमेत*
- ०६७-CI-१०३९, दूषित लिखत बदर, *पूर्णकुमारी हमाल वि. मोहन सिंह हमालसमेत*
- ०६७-CI-१०३८, किर्ते जालसाजी, *पूर्णकुमारी हमाल वि. मोहन सिंह हमालसमेत*
- ०६७-CI-१०४०, दूषित लिखत बदर, *पूर्णकुमारी हमाल वि. मोहन सिंह हमालसमेत*
- ०६७-CI-१०४२, दूषित लिखत बदर, *पूर्णकुमारी हमाल वि. मोहन सिंह हमालसमेत*
- ०६७-CI-१०४७, दूषित लिखत बदर, *पूर्णकुमारी हमाल वि. गुणराज पाठकसमेत*
- ०६७-CI-१०४१, दूषित लिखत बदर, *पूर्णकुमारी हमाल वि. मोहन सिंह हमालसमेत*
- ०६७-CI-१०४५, दूषित लिखत बदर, *पूर्णकुमारी हमाल वि. मीरादेवी पाठकसमेत*
- ०६७-CI-१०४३, दूषित लिखत बदर, *पूर्णकुमारी हमाल वि. श्रीमाया कामीसमेत*
- ०६७-CI-१०४६, दूषित छोडपत्र लिखत दर्ता बदर, *पूर्णकुमारी हमाल वि. खड्क कुमारी भण्डारीसमेत*

## इजलास नं. १४

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-RC-०१६९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पूर्णबहादुर गुरूङ*

मिति २०७२।७।२८ गते रक्सी खान मन लागेकोले राति अं.११ बजे फुपू बुधकाशी गुरूङको घरमा रक्सी खानको लागि गएकोमा निजले रक्सी नदिई गाली गरेकोले फुपू बसेको ठाउँ नजिकै रहेको काठको बिँड भएको फलामको कुटोले मैले रिसको आवेगमा आई निजको टाउको पछाडिपट्टिको भागमा हिर्काए त्यसपछि फुपू बुधकाशी गुरूङ घरभित्रै रक्सी बनाउने ठाउँ नजिकै मुर्छा परेर ढल्नु भयो। मैले झन् रिसैरिसमा सोही कुटोले ४/५ पटक रगताम्य हुने गरी पुनः प्रहार गरेको हुँ। त्यसपछि फुपू चल्न बोल्न कराउन छोडेकोले म त्यहाँबाट निस्केर मेरो घरतर्फ गए। राति भएकोले गाउँका कसैले पनि थाहा पाएनन्, म मेरो आफ्नै घरमा गई सुते भनी अधिकारप्राप्त अधिकारी एवम् अदालतमा समेत प्रतिवादी साहिंला भन्ने पूर्णबहादुर गुरूङले कसुर अपराधमा साबित भई बयान गरेको देखिन्छ। प्रतिवादीको उक्त साबिती बयान बेहोरालाई यी प्रतिवादीउपर कुमारसिं गुरूङले दिएको किटानी जाहेरी, बुधकाशी गुरूङको लासको नजिकै रगतको आहाल रहेको, मृतकको टाउकोमा गम्भीर चोट लागेको, लासको नजिकै रगत लागेको काठको बिँड भएको कुटो रहेको घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, multiple blunt force injuries to head leading severe head injury, traumatic brain parenchymal bleed, external and internal

bleeding को कारणबाट मृतकको मृत्यु भएको भन्ने शव परीक्षण प्रतिवेदन, रक्सी खान नदिएको रिसमा आफ्नै फुपू नाता पर्ने बुधकाशी गुरूङको हत्या गर्ने निज पूर्णबहादुर गुरूङलाई कानूनबमोजिम होस् भन्ने प्रबिन गुरूङको तथा मिनराज गुरूङको घटना विवरण कागज, पूर्णबहादुर गुरूङले नै बुधकाशी गुरूङलाई कुटोले प्रहार गरी हत्या गरेकोमा पूर्ण विश्वास छ। निज पूर्णबहादुर गुरूङलाई कानूनबमोजिम होस् भन्नेसमेत बेहोराको रूपेस गुरूङ र संजय गुरूङले लेखाई दिएको वस्तुस्थिति मुचुल्का, सोही बेहोराको वस्तुस्थिति मुचुल्कामा कागज गर्ने जितबहादुर तामाङले सुरू अदालतमा उपस्थित भई गरेको बकपत्र, घटना विवरण कागज गर्ने प्रविन गुरूङ तथा वस्तुस्थिति मुचुल्कामा कागज गर्ने रूपेस गुरूङले सुरू अदालतमा उपस्थित भई गरेको बकपत्रसमेतले पुष्टि गरेको देखिने।

अतः प्रतिवादीको पटकपटकको काठको बिँड भएको फलामको कुटोको प्रहारबाट मृतकको मृत्यु भएको भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा गरेको बयान बेहोरालाई घटनास्थल प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, मौकामा कागज गर्ने प्रविन गुरूङ, रूपेस गुरूङ तथा जितबहादुर तामाङले अदालतमा आई गरेको बकपत्र तथा जाहेरवाला कुमारसिं गुरूङले अदालतमा आई गरेको बकपत्रसमेतले पुष्टि एवम् प्रमाणित गरेको देखिँदा सोसमेतका आधार तथा कारणबाट प्रतिवादी पूर्णबहादुर गुरूङलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई भएको सुरू फैसला सदर गरी प्रतिवादीले फुपू नाताकी बुधकाशी गुरूङले टाउकोमा कुटोले प्रहार गरी अपकार्य गरेको कार्य कुनै योजना, मनसाय, तयारी, उद्योग र कसैको उक्साहटमा लागि अपराध गरेको नदेखिएको, घातक तथा जोखिमी हतियारसमेत प्रयोग नभएको, ज्यानै मार्नेसम्मको पूर्वरिसइवी पनि नदेखिएको, तत्काल रक्सी सेवन गर्न नदिएको कारणबाट तथा आफूलाई हपारेको कारणबाट तत्कालै रिस उठी कुटोले प्रहार गर्दा मृत्यु भएको भन्ने देखिएको तथा आफूले गरेको कसुरलाई स्वीकार गरी प्रतिवादीले अदालतको न्यायिक प्रक्रियामा सहयोगसमेत पुऱ्याएकोले प्रतिवादीलाई उक्त सजाय गर्दा चर्को पर्ने देखिएकोले निजलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १४ वर्ष कैदको सजाय हुने गरी उच्च अदालत पोखराले व्यक्त गरेको मिति २०७३।७।२३ को रायसमेत साधक जाँचको रोहमा हेर्दा मिलेकै देखिँदा सदर हुने।

इजालास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७४-RC-००२५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. दोर्जे शेर्पा*

प्रतिवादी पासाङ दोर्जे शेर्पाले कुटपिट गरी जोखिमी हतियार ढुङ्गाले टाउकोमा प्रहार गरी पासविकरूपले हत्या गरेको हुँदा हत्यारालाई पक्राउ गरी कानूनबमोजिम कारबाही गरिपाउँ भनी प्रतिवादीउपर फुलमाया तामाङको किटानी जाहेरी परेको देखिन्छ । मृतकसँग पटकपटक झगडा भई निजले मलाई धकेलेपछि मलाई रिस उठेको कारण मैले २ चोटी बाटामा भएको ढुङ्गा टिपी अनुहारमा प्रहार गर्दा निज नढलेपछि लात्ताले निजलाई प्रहार गरी बाटाको डिलबाट झाडीतिर खसाली दिएको हो । मैले कुटेकै कारण निजको मृत्यु भएको हो । म एक्लैले पूर्णबहादुर तामाङको हत्या गरेको हुँ भनी कसुर अपराधमा साबित भई प्रतिवादीले अनुसन्धान अधिकारी एवम् अदालतमा

समेत बयान गरेको देखिन्छ । प्रतिवादीको उक्त साबिती बयान बेहोरालाई प्रतिवादीले अनुहारसमेतमा ढुङ्गा प्रहार गरी मृतक पूर्णबहादुर तामाङलाई कर्तव्य गरी मारेकोमा पूर्ण विश्वास लाग्छ भन्नेसमेत बेहोराको निम छिरिङ शेर्पा, दावा शेर्पा, पासाङ शेर्पा र गंगा मगरसमेतले गरिदिएको घटना विवरण कागज, पासाङ दोर्जे शेर्पाले बिनाकारण निहुँ खोजी ढुङ्गाले टाउकोमा प्रहार गरी मेरो बुबालाई कर्तव्य गरी मारेका हुनाले निजलाई हदैसम्म सजाय गरिपाउँ भनी मृतकका छोरा श्याम तामाङले गरी दिएको घटना विवरण कागज एवम् अदालतमा आई गरेको बकपत्र, घटनास्थल मुचुल्का एवम् शव परीक्षण प्रतिवेदनसमेतका मिसिल संलग्न रहेका कागजातहरूले पुष्टि एवम् प्रमाणित गरेको देखिने ।

अत: प्रतिवादीउपरको किटानी जाहेरी, अनुसन्धान अधिकारी एवम् अदालतसमक्ष प्रतिवादीले कसुरमा साबिती रही गरेको बयान, मौकामा बुझिएका मानिसहरूको कागज एवम् अदालतसमक्ष भएको बकपत्र, मृतकको शव परीक्षण प्रतिवेदन एवम् लास जाँच मुचुल्कासमेतका मिसिल संलग्न रहेका उल्लिखित आधार र प्रमाणसमेतबाट प्रतिवादीले मृतकलाई कर्तव्य गरी मारेको पुष्टि हुँदा प्रतिवादी पासाङ दोर्जे शेर्पालाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा सोही ऐनको दफा १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरू धनकुटा जिल्ला अदालतको फैसला सदर गरी मृतकलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी नदेखिएको, प्रतिवादी पासाङ दोर्जे शेर्पाको घरमा मृतक र प्रतिवादीबिच वादविवाद हुँदा मृतक पुर्णबहादुरले प्रतिवादीलाई दुई झापड हिर्काएको र सोही रिसले ढुंगाले मृतकलाई प्रहार गरेको, जोखिमी हतियारको प्रयोगसमेत नभएको र प्रतिवादी आरोपित कसुरमा अदालतसमेतमा साबित भई न्याय सम्पादनको काम कारबाहीलाई सरलीकरण गर्न सहयोगसमेत पुऱ्याएको तथा अपराध गरेको अवस्थासमेतलाई विचार गरी प्रतिवादीलाई १३(३) नं. बमोजिम सजाय गर्दा चर्को हुने देखी प्रतिवादी पासाङ दोर्जे शेर्पालाई अ.बं. १८८ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने भनी व्यक्त गरेको उच्च अदातल विराटनगर धनकुटा इजलासको मिति २०७३।१०।११ को रायसमेतको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत ५ गते रोज २ शुभम् ।

## इजलास नं. १५

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७४-WO-०१९६, उत्प्रेषण / परमादेश, *पिताम्बर कुमार मुन्का वि. उच्च अदालत, पाटनसमेत*

निलो चुस्ता कपडा २,४७,५०० (दुई लाख सत्चालीस हजार पाँच सय) मिटर खरिद तथा आपूर्ति सम्बन्धमा रिट निवेदक मुन्नीलाल भागीलालका प्रोपाइट पिताम्बर कुमार मुन्का र विपक्षी प्रहरी प्रधान कार्यालयका बिच सम्झौता सम्पन्न भएकोमा विवाद छैन । सो सम्झौताको बुँदा नं. १२ मा "खरिदकर्ता र आपूर्ति कर्ताबिच कुनै समस्या सिर्जना भएमा आपसी सहमतिबाट विवाद समाधान हुन नसकेमा प्रचलित कानूनबमोजिम मध्यस्थताको माध्यमबाट विवाद समाधान गरिने छ" भन्ने उल्लेख भएको पाइन्छ । बुँदा नं. १३ मा "अन्य सम्पूर्ण कुराको हकमा प्रचलित कानून तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक

खरिद नियमावली, २०६४ बमोजिम भए गरेमा दुवै पक्ष मन्जुर छौं" भन्ने उल्लेख भएको देखिने।

प्रस्तुत विवाद मध्यस्थताद्वारा समाधान हुने प्रकृतिको देखिएको र कानूनी व्यवस्था तथा सम्झौताका सर्तहरूले विवाद समाधानमा मध्यस्थतालाई इंकित गरेको प्रस्ट देखिन्छ । उच्च अदालतले करार ऐन, २०५६ को दफा ८७(२) को निवेदन जिल्ला अदालतमा दायर भएको कारण जनाई मध्यस्थता नियुक्तिसम्बन्धी निवेदनलाई खारेज गरेको अवस्था देखिन्छ । साबिक करार ऐन, २०५६ को दफा ८७(२) लाई हेर्दा करारसम्बन्धी काम कारबाही वा व्यवहार तत्काल रोक्ने गरी उपयुक्त आदेश जारी गर्ने निषेधाज्ञा प्रकृतिको उपचारको व्यवस्था गरेको देखिन्छ । सोभन्दा फरक ढंगले करारको कुनै पक्षले सर्त उल्लङ्घन गरेमा मध्यस्थताद्वारा विवाद समाधान गर्नमा उक्त अन्तरिम प्रकृतिको कानूनी उपचारको व्यवस्थाले अवरोध सिर्जना गरेको नहुने।

सम्झौतामा उल्लिखित समयावधिभित्र मागबमोजिमको परिमाण र गुणस्तरीय सामान आपूर्ति गर्न नसकी सम्झौताको म्याद मिति २०७३।३।२२ सम्म कायम हुने गरी थपिएको र सो अवधिभित्र १,८१,०००।– मिटर चुस्ता मात्र प्राप्त भई भुक्तानी गरिएको र सो फर्मले सम्झौताअनुसार बाँकी ६६,५०० मिटर आपूर्ति गर्न नसकेको हुँदा मिति २०७३।४।२ मा सम्झौता अन्त्य गर्ने निर्णय भएबमोजिम सम्झौता हुँदाका बखत राखेको ५ (पाँच) प्रतिशत कार्य सम्पादन जमानत (Performance Bond) बापतको रकम जफत गरिएको हो भन्ने उल्लेख भएको देखिन्छ । सम्झौताको अवधिमा उठेको विवादका सम्बन्धमा दुईपक्षबिच सम्झौताका सर्तबारे छलफल भएको र समाधानको पक्षमा प्रयास भएको भन्ने अवस्था देखिँदैन । प्रचलित कानून र सम्झौताबमोजिम मध्यस्थताद्वारा विवाद समाधान गर्न पाउने निवेदकको वैध अपेक्षा रहनु स्वाभाविक नै हुँदा मध्यस्थताद्वारा विवाद समाधान गर्न पाउने अवस्थालाई अवरोध पुग्ने गरी सम्झौताको कुनै पक्षले व्यवहार गर्न मिल्ने नदेखिने।

अतः विवेचित आधार कारणबाट निवेदक र विपक्षीबिच मिति २०७२।९।२९ मा निलो चुस्ता कपडा २,४७,५०० मिटर आपूर्ति गर्ने गरी भएको सम्झौताका सम्बन्धमा राखेको कार्य सम्पादन जमानत र अग्रीम भुक्तानीको रकम जफत गर्ने गरी भएको निर्णय तथा उच्च अदालत पाटनको मिति २०७३।११।१७ को आदेशलगायत सोसँग सम्बन्धित सम्पूर्ण काम कारबाही कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब मध्यस्थता ऐन, २०५५ को दफा ७(३) बमोजिम दुवै पक्षलाई मान्य हुने मध्यस्थ नियुक्ति गर्ने कारबाही अगाडि बढाउनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः ढाकाराम पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल असोज ११ गते रोज ५ शुभम्।

- यसै लगाउको ०७४-WO-०१९५, उत्प्रेषण / परमादेश, *पवनकुमार संघाई वि. उच्च अदालत,* पाटनसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७२-CR-१९५३, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. जनक वाइवा*

प्रत्यर्थी प्रतिवादी जनक वाइवाउपर जाहेरवालाहरूको जाहेरी परेको देखिँदैन । प्रतिवादीमध्येका सूर्यबहादुर विश्वकर्माले अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा पीडितहरू तोक घले,

रंजित लामा र योन्देन शेर्पालाई चिन्दछु । निजहरूलाई जनक वाइवाले अस्ट्रेलिया पठाउने भनी निजले थाइल्याण्डको बैंककसम्म पुऱ्याएको हो, निजहरूले गाउँबाट रकम निजको श्रीमतीका नाममा पठाएकोमा श्रीमतीहरूले रकम बुझाउन डर मानेको कारण मैले लगेर बुझाएको हो सोको रसिद पनि संलग्न छ । रू.१५,००,०००।– का दरले रकम दिएकोमा सो रकममध्ये ८,६४,०००।– बुझाएको छु, सो रकम बुझाएको कुनै भरपाई गरेको छैन । मैले जनक वाइवालाई चिनाई दिएको मात्र हो । निजहरूले जनक वाइवालाई नभेटेको कारण जबरजस्ती कागज गराएको भनी यी प्रत्यर्थी प्रतिवादी जनक वाइवालाई पोल गरी बयान गरेको आधारमा वादी नेपाल सरकारले निजलाई समेत प्रतिवादी कायम गरी अभियोगपत्र दायर भएको देखिने ।

प्रत्यर्थी प्रतिवादी जनक वाइवा कसुरमा पूर्ण रूपमा इन्कार रहेको, सहअभियुक्त सूर्यबहादुर विश्वकर्माले आफू पनि कसुर गर्नमा पूर्ण सरिक भई यी प्रत्यर्थी प्रतिवादी जनक वाइवालाई पोल गरेकोमा सो पोल मिसिल संलग्न लिखत प्रमाणबाट समर्थित भएको अवस्थामा मात्र प्रमाणमा लिन हुने अवस्था रहन जान्छ । प्रतिवादी सूर्यबहादुर विश्वकर्माले यी प्रत्यर्थी प्रतिवादी जनक वाइवामाथि अभियोग दाबीको कसुर थुपार्ने दुष्प्रयास गरेको देखिन्छ । पीडितहरूलाई विदेश पठाई दिने भनी यी प्रत्यर्थी प्रतिवादी जनक वाइवाले कुनै कागजसमेत गरेको मिसिल संलग्न लिखत प्रमाणबाट नदेखिनुका साथै स्वयम् पीडितहरूले सुरू न्यायाधिकरणमा बयान गर्दा यी प्रत्यर्थी प्रतिवादी जनक वाइवाको कसुरमा कुनै संलग्नता थियो भनी लेखाउनसमेत सकेको नदेखिने ।

प्रतिवादी जनक वाइवाउपरको अभियोग दाबी वादी नेपाल सरकारले ठोस प्रमाण पेस गरी शङ्कारहित तवरबाट प्रमाणित गर्न सकेको देखिँदैन । अभियोग दाबी शङ्कारहित तवरबाट प्रमाणित हुन नसकेको अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउने हुन्छ । यसरी यी प्रत्यर्थी प्रतिवादी जनकबहादुर वाइवाउपरको अभियोग मागदाबी प्रमाणित हुन नसकेको अवस्थामा प्रतिवादी जनक वाइवाले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७२।९।१३ मा भएको फैसला मनासिब रहेकोले अन्यथा मान्न मिलेन । सुरू न्यायाधिकरणको फैसलाले प्रतिवादी जनक वाइवालाई अभियोग मागदाबीबाट सफाइ दिएको हदसम्म उल्टी गरी निज प्रतिवादी जनक वाइवालाई सुरू अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अत: विवेचित आधार, कारण र प्रमाणसमेतबाट वैदेशिक रोजगार न्यायाधिकरणबाट प्रतिवादी जनक वाइवाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई मिति २०७२।९।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गोपी विश्वकर्मा

कम्प्युटर: विपिनकुमार महासेठ

इति संवत् २०७५ साल मङ्सिर १० गते रोज २ शुभम् ।

## इजलास नं. १६

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-RC-०१५५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गइन्द्र राई*

इन्कारी जिकिर लिँदैमा कसुरबाट छुट पाउने आधार बन्न सक्तैन। इन्कारीलाई वस्तुनिष्ठ प्रमाणबाट प्रमाणित भएको अवस्थामा मात्र निर्दोष मान्न सकिने हुन्छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा घटना क्रमलाई मेलखाने गरी सिलसिलाबद्ध तरिकाले घटना क्रमलाई मिलाई बयान गरेको र उक्त बयान मिसिल संलग्न जाहेरी घटनाक्रम, घटनास्थल प्रकृति मुचुल्कासमेतबाट मिलेको देखिन्छ । आफूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान यो यस कारण र आधारबाट आफ्नो स्वइच्छा विरूद्ध भएको भनी प्रमाणित गराउन सकेको पाइँदैन। यस अवस्थामा निजले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानलाई अन्यथा भन्न नमिल्ने।

तसर्थ, प्रतिवादी गइन्द्र राईसमेतका व्यक्तिहरू वारदात गरी घटनास्थलबाट भाग्दै गरेको भनी मौकाका कागज गर्ने उद्धव बुढाथोकीले अदालतमा उक्त कागजलाई समर्थन गर्दै गरिदिएको बकपत्र, अन्य व्यक्तिहरूले गइन्द्र राईलाई पहिचान गरी गरिदिएको सनाखत कागज, मृतकको शव परीक्षण प्रतिवेदन, आई.एम.ई.बाट निज प्रतिवादी गइन्द्र राईलाई रूपैयाँ भुक्तानी गर्ने धनबहादुर श्रेष्ठले निज प्रतिवादी गइन्द्र राईलाई पहिचान गरी गरिदिएको कागजलाई अदालतमा आई समर्थन गरी गरिदिएको बकपत्रसमेतका आधार प्रमाणबाट प्रतिवादी गइन्द्र राईसमेतको कर्तव्यबाट मृतक नर्मदा ढकालको मृत्यु भएको भन्ने तथ्यमा विवाद रहेन । अतः निज प्रतिवादी गईन्द्र राईलाई सर्वस्वसहित जन्मकैद सजाय र रू.३,९०,००० जरिवाना हुने ठहर गरी सुरू खोटाङ जिल्ला अदालतबाट मिति २०७१।०९।०७ मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर अस्थायी इजलास ओखलढुङ्गाबाट मिति २०७३।०८।२० मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पुस ७ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-RC-०१७९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सन्तुराधा राई*

मृतक मनसरा राईको मृत्यु निजकै बुहारी सन्तुराधा राईले प्रहार गरेको खुकुरीको चोटबाट हुन गएको तथ्य निर्विवाद रूपमा स्थापित भइरहेको देखिएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. १३ (१) नं. को कसुर अपराधमा सोही १३(१) नं. बमोजिम सजाय गरिपाउँ भन्ने बेहोराको अभियोगपत्र रहेको पाइने।

प्रतिवादीले मृतकलाई खुकुरीजस्तो जोखिमी हतियारले कर्तव्य गरी मारेको भन्ने कुरामा कुनै विवाद नरही मुख मिलेकै देखिन आयो । प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतसमक्ष घटना क्रमलाई मेल खाने गरी आफूबाट यस्तो अपराधको सम्बन्ध यथार्थ रूपले चित्रण गरी स्वीकार गरेको पाइन्छ। उक्त स्वीकारोक्ति इच्छा विरूद्ध भएको भनी प्रतिवादीको जिकिर रहेको पनि देखिँदैन भने आफूले कसुर स्वीकार गरी अरूलाई बचाउने उद्देश्यले त्यस्तो स्वीकार गरेको अवस्थासमेत देखिन नआएबाट स्वाभाविक स्वीकारोक्ति नै मान्नु पर्ने देखिन आउने।

तसर्थ, प्रतिवादी आफैँले आरोपित कसुरमा साबिती बयान गरेको र सो साबिती बयानलाई समर्थित हुने मृतकको शव परीक्षण प्रतिवेदनसमेतबाट निज प्रतिवादीले नै आरोपित कसुर गरेको भन्ने स्पष्ट रूपमा प्रमाणित भइरहेको परिप्रेक्ष्यमा सुरू सोलुखुम्बु जिल्ला अदालतबाट मिति २०६२।५।१९ मा प्रतिवादी

सन्तुराधा राईलाई सर्वस्वसहित जन्मकैद सजाय हुने ठहर गरी भएको फैसला पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।११।१८ मा भएको फैसला सदर हुने।

इजलास अधिकृतः हिरा डंगोल

इति संवत् २०७४ साल पुस ७ गते रोज ६ शुभम्।

## इजलास नं. १७

१

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-RB-००८५, उत्प्रेषण, *त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरसमेत वि. अ.प्रा.ऐ.को प्रो. परिवर्तन राई*

विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरण, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नागरिक उड्डयन कार्यालय, गौचर काठमाडौंको मिति २०७२।०६।१८, प.सं.२०७२।०७३, च.नं.६३०, विषयः बक्यौता रकम चुक्ता गरी हिसाब राफसाफ गर्ने बारेमा निवेदक रतनछाली आयात निर्यात संघलाई रू.२३,९६,८८७।६२।- बक्यौता रहेकोले मिति २०७२।०६।१९ भित्र चुक्ता गरी राफसाफ गर्नुहुन अनुरोध छ भन्ने बेहोराको पत्र पठाएको देखिन्छ। विपक्षी कार्यालयबाट मिति २०७१।०५।२९ मा प्रकाशित सूचनामा बक्यौता जम्मा रू.७,२६,८६६।१५।- भनी सूचना प्रकाशन गरेको, सो सूचनाबमोजिमको बक्यौता रकम निवेदकले चुक्ता गरेको, विपक्षी कार्यालयबाट निवेदकको नाउँमा कुनै बक्यौता नरहेको भनी मिति २०७२।०५।१४ मा टिप्पणी र आदेशसमेत भएको भन्ने देखिँदा यस्तो अवस्थामा मिति २०७२।०६।१८ मा विपक्षीबाट निवेदकउपर रू.२३,९६,८८७।६२।- बक्यौता रहेको भनी पठाएको पत्र कानूनसम्मत देखिएन। तसर्थ, पुनरावेदन अदालत पाटनबाट भएको फैसला अन्यथा भन्न नमिल्ने।

अतः मिति २०७१।०५।२९ मा सूचना प्रकाशित गरी तोकिएको रू.७,२६,८६६।१५।- रकम निवेदकले चुक्ता गरिसकेको अवस्था हुँदा बक्यौता बाँकी रहेकोले रकम बुझाउन ल्याउन भनी विपक्षी कार्यालयबाट पठाएको मिति २०७२।०६।१८ को पत्र न्यायसङ्गत नहुनुको साथै स्वाभाविकसमेत नदेखिँदा पुनरावेदन अदालत पाटनबाट मिति २०७२।११।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः कालीबहादुर साम्यू लिम्बू

इति संवत् २०७५ साल जेठ २१ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६७-CI-०२९८, हकसफा, *शंकरप्रसाद गुप्ता वि. रामभरोसी प्रसाद गुप्तासमेत*

सप्तरी जिल्ला अदालतबाट भएको नक्सा हेर्दा न.नं. २ को कि.नं. ८७१ वादीको जग्गा भन्ने देखिन्छ। न.नं. १ को कि.नं. ८७२ सन्धिसर्पन परेको प्रतिवादीले खरिद गरेको वादीले निखनाई पाउनुपर्ने भनी दाबी लिएको जग्गा देखिन्छ । न.नं.१ को जग्गाभन्दा पश्चिमतर्फ मूल सडक बाटो रहेको भन्ने देखिन्छ। न.नं. २ को कि.नं. ८७१ र न.नं. १ को कि.नं. ८७२ जग्गाको उत्तरतर्फ न.नं. ४ को जग्गा रहेको भन्ने देखिन्छ । उक्त न.नं. ४ को जग्गा सम्बन्धमा नक्सा मुचुल्का हुँदा "गणेशीप्रसाद रौनियार र अरू मभन्दा कान्छो ३ भाइ रामचन्द्रप्रसाद गुप्ता, अशोककुमार गुप्ता र सजितेन्द्र प्रसाद गुप्तासमेतको घरसारको भागबन्डा हुँदा हामी चारैजना बाबुछोरासमेतको भागमा घरबासको लागि छुट्याइएको जग्गा हो" भनी जिकिर लिएको देखिन्छ। पुनरावेदक वादीले न.नं.४ मा घर बसोबास गरी भोगचलन गरी आएको भनी नक्सामा

स्वीकार गरिरहेको र नक्सामा समेत सो बेहोरा उल्लेख भइरहेको अवस्थामा पुनरावेदक वादी न.नं. ४ को जग्गाबाट पश्चिमतर्फको मूल सडक बाटोमा आवतजावत गर्न सकिने नै देखिँदा न.नं. १ को कि.नं. ८७२ को जग्गासँग न.नं. २ को कि.नं. ८७१ को वादीको जग्गा सन्धिसर्पन पर्ने भन्न नमिल्ने।

अतः उल्लिखित कानूनी व्यवस्था एवम् मिसिल संलग्न प्रमाणहरूको विवेचनासमेतका आधारमा पुनरावेदक वादीलाई कि.नं.८७२ को जग्गा नभए पनि स्वतन्त्र रूपमा कि.नं.८७१ को जग्गा भोग गर्न कुनै अप्ठेरो पर्ने अवस्था नक्साबाट नदेखिँदा सप्तरी जिल्ला अदालतबाट हकसफा हुने र दर्तासमेत गरिदिने गरी भएको फैसला उल्टी हुने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजको मिति २०६६।११।१८ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः तारादेवी महर्जन

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल माघ २९ गते रोज २ शुभम्।

## एकल इजलास

**स.प्र.न्या.श्री गोपाल पराजुली,** ०७४-AP-०१८९, उत्प्रेषण / परमादेश, *दीपक विक्रम मिश्र वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

वन वातावरणको संरक्षण नगरी जथाभावी रूख विरूवा काटी वन वातावरण विनास गर्ने वा नकारात्मक असर पर्ने गरी कार्य गरी आएको वा ऐतिहासिक, धार्मिक, साँस्कृतिक वा पर्यटकीय क्षेत्रको अस्तित्व लोप हुने गरी काम कार्य गरिआएको वा भवन बाटो आदि पूर्वाधार निर्माण गर्दा जथाभावी निर्माण गर्न चाहेको कुनै बेहोरा लिखित जवाफबाट देखिँदैन। चन्द्रागिरी क्षेत्रको वन वातावरणको संरक्षण गर्न तथा पूर्वाधारको लागि भवन वा बाटो निर्माण जथाभावी हुन नदिनेसमेत सुनिश्चितताका लागि आवश्यक र प्रभावकारी संयन्त्र खडा गर्न वा निगरानी हुन नदिनका लागि विपक्षी केबुलकार कम्पनीको तर्फबाट कुनै बाधा पुऱ्याएको भन्ने पनि नदेखिने। चन्द्रागिरी हिल्स लिमिटेड कम्पनीले केबलकार सञ्चालन वा सो कम्पनीले के कस्तो पूर्वाधारसमेतको निर्माण कार्य गर्न पाउने नपाउने प्रश्न, उक्त निर्माण कार्य गर्दा रूख बिरूवा के कति काट्न पाउने वा काट्न नपाउने विषय, वातावरण वा पर्यावरणमा असर परे नपरेको विषय वा वातावरण पर्यावरण संरक्षण गर्न कम्पनीको तर्फबाट गर्नुपर्ने कार्य, के कस्तो सडक बाटो वा अन्य निर्माण कार्य गर्न पाउने वा नपाउनेसमेतका समग्र विषयमा सम्बद्ध कानूनी व्यवस्था एवम् प्रमाणसमेत बुझी निराकरण हुनुपर्ने देखिन आएको र अर्कोतर्फ विपक्षी चन्द्रागिरी हिल्स लिमिटेड कम्पनी विरूद्ध परेको रिट निवेदन (०७३-WO-०८३७) मा उक्त कम्पनीले रिट निवेदनमा उठाइएको विषयवस्तुमा प्रतिवाद प्रतिरक्षा गर्न पाउने हक रहने देखिन्छ। लिखित जवाफ बेहोरामा कम्पनीले चन्द्रागिरीमा सम्बन्धित निकायबाट प्रचलित कानूनबमोजिम स्वीकृति लिई केबलकार होटल रिसोर्टसमेत निर्माण गरी केबलकार सञ्चालनमा ल्याएको र होटल निर्माण भइरहेको भन्ने देखिएको छ। सो कार्य वा उल्लिखित सो लिखित जवाफको बेहोराले अन्तरिम आदेशको उल्लङ्घन भएको पुष्ट्याई वा कानूनी आधार केही प्रस्तुत नगरी हचुवा दाबी आएको देखिएको छ। साथै यसै विषयमा विपक्षी सरकारी निकाय वा अधिकारीको तर्फबाट कुनै लिखित जवाफ बेहोरा वा कुनै प्रतिक्रिया आएको पनि निवेदनसमेतबाट नखुलेपछि मिति २०७३।११।४ गते अदालतबाट भएको आदेशबमोजिम वातावरण विनास रोक्नेतर्फ निगरानी गर्ने प्रभावकारी र आवश्यक संयन्त्र खडा

नगरेको, नियमित तवरबाट अनुगमन गर्ने गराउने नगरेको भन्नेसमेतको निवेदन बेहोरा प्राप्त कागज प्रमाणबाट पुष्ट्याईं हुन आउँदैन । अदालतको आदेश कार्यान्वयन गर्न जिम्मेवार निकाय वा अधिकारीबाट अदालतको आदेश कार्यान्वयन गर्न बेवास्ता गरेको वा जिम्मेवारी पन्छाएको भन्ने कुनै आधार पेस नगरी हचुवाको भरमा अदालतको अपहेलना कारबाही चलाउनु उपयुक्त हुँदैन । अदालतको आदेश वा फैसलालाई निस्तेज पार्ने वा अदालतको आदेश कार्यान्वयन वा न्याय सम्पादनमा अवरोध सिर्जना गर्ने वा अदालती कारबाहीमा हस्तक्षेप गर्ने प्रयास विपक्षीबाट भएको कुनै वस्तुनिष्ठ आधार पेस भएको नदेखिने ।

अदालतको मिति २०७३।११।४ को अन्तरिम आदेशको विपरीत कार्य विपक्षीले गरेको भन्ने दाबी रहे पनि तत्अनुरूपको कुनै वस्तुनिष्ठ आधार प्रमाण पेस नगरी निवेदन दाबी नै अस्पष्ट र हचुवा देखिन आएकोले अदालतको अवहेलनामा कारबाही गरी मुद्दा चलाउन उपयुक्त हुने देखिएन । अदालतको आदेश वा फैसलाको पालना नगरी उल्लङ्घन गरेको प्रस्ट आधार देखिएमा जुनसुकै बखत अदालतको अपहेलनामा मुद्दा लिई कारबाही चलाउन सक्ने नै हुँदा निवेदक हालको दाबी अस्पष्ट र हचुवा देखिइरहेको तथा मूल निवेदनबाटै टुङ्गो लाग्नुपर्ने विषयवस्तुसमेत प्रस्तुत निवेदनमा उठाइएकोले उक्त विषयमा मूल निवेदनबाट उचित सम्बोधन हुने नै हुँदा विपक्षीका नाउँमा कारण देखाउ आदेश जारी गरी रहनु परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री
कम्प्युटर: विकेश गुरागाईं
इति संवत् २०७४ साल पुस ४ गते रोज ३ शुभम् ।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**